# शिक्षक

www.teacher.org.np

मूल्य रु ४०/-

असोज २०६८




# लूट जारी छ

## एउटा गाउँमा एकै वर्षमा ८ नयाँ स्कूल


Real
QUALITY TOUR CONTEST
सुपर बम्पर पुरस्कारः
QUALITY TOUR TO सिंगापुर
२ जोडीलाई
साप्ताहिक पुरस्कारः
QUALITY TOUR TO
रियल फयाक्ट्री र पोखरा
१३ जोडीलाई
SMS to 2722
Real Quality Tour Contest मा सहभागी हुन राष्ट्रिय दैनिकहरूमा सोधिने साप्ताहिक प्रश्नहरूको सही जवाफ पठाउनुहोस् । आफ्नो मोबाइलको म्यासेज बक्समा जानुहोस् अनि Real लेखि a, b वा c मध्ये कुनै एक सही जवाफ रोज्नुहोस् र 2722 मा SMS गर्नुहोस् ।
SMS Powered by:
THT Live
Tour Managed by:
AceTravels.com
Real
Mango
विस्तृत जानकारीका लागि लग-अन गर्नुहोस्:
www.realqualitycontest.com
Real QUALITY
Real HEALTH
Real TRUST
जिन्दगी रमाउँछ... singapore घुम्न पाईन्छ...




९ महत्वपूर्ण जडिबुटी युक्त

**राहत, आराम र तरोताजा**

९ वटा महत्वपूर्ण जडिबुटीयुक्त नवरत्नको नरम मालिसले मस्तिष्कलाई तरोताजा र शरीरलाई शितल राख्दछ ।

यसमा छ : लताकस्तुरी, नगरमोठा, जापा पुष्पा, भिङ्गराज, शैलजा, कसिर काकोली, करचुर, अमला र कुन्च ।

# माग पूरा !!!

**१. *शिक्षक* मासिक शिक्षकहरूको मात्रै हुनुभएन, विद्यार्थी र अभिभावकको पनि हुनुपर्‍यो भन्ने हाम्रा पाठक र शुभेच्छुकहरूको धेरै पुरानो माग अब पूरा हुने भएको छ।**

**आगामी मङ्सिर (२०६८) अङ्कदेखि *शिक्षक* मासिक थप आठ पृष्ठ मोटो (७२+४) हुनेछ। थप गरिएका पृष्ठहरूमध्ये कम्तीमा दुई पृष्ठ युवा तथा विद्यार्थीका निम्ति समर्पित हुनेछन्। त्यस्तै अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका दृष्टिकोण, सुझाव, उपलब्धि र योगदानका निम्ति न्यूनतम दुई पृष्ठ रहनेछन्। शिक्षा र ज्ञान-विज्ञान तथा प्रविधिको क्षेत्रमा देश-विदेशमा भइरहेका नयाँ-नयाँ चिन्तन, आविष्कार, अनुसन्धान, पुस्तक आदिबारे उपयोगी जानकारी दिनका निम्ति केही नयाँ स्तम्भहरू पनि थपिनेछन्।**

**२. पृष्ठ थप्दा पत्रिकाको उत्पादन लागत स्वाभाविक रूपमै बढ्नेछ। बढेको लागत धान्न पत्रिकाको मूल्य बढाउनु बाहेक हामीसँग अन्य सहज विकल्प छैनन्। त्यसैले मङ्सिर अङ्कदेखि *शिक्षक* को मूल्य रु.५० हुनेछ। त्यस अनुसार वार्षिक ग्राहक शुल्क रु.६०० हुनेछ।**

**विशेष स्पष्टीकरण:** पत्रपत्रिकाको सञ्चालन खर्च मूलत: दुईवटा स्रोतबाट जुटाउने गरिन्छ: (क) बिक्री र ग्राहक; (ख) विज्ञापन।

नेपालका अधिकांश ठूला दैनिक तथा कतिपय म्यागजिनहरू विज्ञापनको आम्दानीमा निर्भर देखिन्छन्। १८-२० पेजका दैनिक पत्रिका रु.५ मा बिक्री हुनसक्नुको कारण विज्ञापनबाट हुने आम्दानी नै हो। पत्रपत्रिकाहरू विज्ञापनको आयबाट प्रकाशित हुँदा आर्थिक दृष्टिले पाठकहरूलाई लाभ हुन्छ। तर विज्ञापनको बजारमा उतार-चढाव भइरहन्छ। निकै ठूलो लगानी भएका सञ्चार-माध्यम मात्र यस्तो बजारमा टिकिरहन सक्छन्। प्रतिस्पर्धात्मक बजारमा विज्ञापन पाउनका लागि विज्ञापनदाताको पक्षमा गर्नुपर्ने सम्पादकीय सम्झौताको मूल्य र असर कतिपय पाठकहरूका निम्ति कल्पनातीत पनि हुन्छ।

*शिक्षक* मासिक तुलनात्मक दृष्टिले न्यून लगानी भएको प्रकाशन हो। यसको नियमित सञ्चालन खर्च पनि सकेसम्म न्यून राख्ने प्रयास गरिएको छ। मुनाफा आर्जन गर्ने उद्देश्य नै नभएकाले *शिक्षक* बाट हुने आम्दानी पत्रिकाको स्तर वृद्धिका निम्ति पुन: यसमै लगानी हुन्छ। सम्पादकीय स्वतन्त्रता अक्षुण्ण राख्न विज्ञापनका लागि अनावश्यक सम्झौता र मोलाहिजा नगर्ने नीति अपनाइएको छ। लोकप्रियता र व्यापकताको तुलनामा *शिक्षक* मा थोरै मात्र विज्ञापन देखिनु यही नीतिको परिणाम पनि हुनसक्छ। *शिक्षक* लाई स्तरीय, निर्भीक, वस्तुनिष्ठ र चिरस्थायी तुल्याइराख्न विज्ञापनको सट्टा पाठक-ग्राहकको शुल्क अर्थात् बिक्री मूल्यलाई आम्दानीको मुख्य स्रोत बनाउने निर्णय गरिएको छ।

यसर्थ नै पृष्ठ संख्यासँगै मूल्य वृद्धि गर्न हामी बाध्य छौं। हामीलाई विश्वास छ, प्रबुद्ध पाठकहरूले हाम्रो बाध्यतालाई सहजतापूर्वक स्वीकार्नु हुनेछ।

शिक्षक मासिक

शिक्षक मासिक

वर्ष ४ पूर्णाङ्क ४२

असोज २०६८
Sep–Oct 2011

ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान सहकारी संस्था लिमिटेड**
***(शिक्षक मासिक)***
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६

# दरबन्दी मिलाऊ !



रिपोर्ट
पृष्ठ ३४-४०

**कक्षाकोठा** प्रतिभा पहिचान र प्रोत्साहन
पृष्ठ ५२-५६



- हेमलाल उप्रेती
- मीना पौडेल
- मधु राई
- नवीनकुमार देवकोटा
- रामप्रसाद पाण्डेय

## समाचार १४-१७

बलम्बु फेरि सर्वोत्कृष्ट ■ 'बेरूजु देखाएर तलब रोकियो' ■ शिक्षकको योग्यता बढाउन नयाँ कोर्ष ! ■ शिक्षामा रू.६ अर्ब बेरूजु ■ हाटले बिथोल्दैन स्कूल ■ सात सय कोटा फ्रिज ■ नपढाउने शिक्षकलाई अवकाश

## अन्य सामग्री

एउटा गाविसमा एकै वर्ष ८ नयाँ प्रावि
*श्रवणकुमार देव, सप्तरी,* १८

क्षेशिनि र जिशिकालाई शिक्षा विभागको निर्देशन २२

लूटकै अखडा ठानिन थाले २६

नेपालमा पुस्तकालयः दुई सय वर्षको यात्रा
*बाबुराम दाहाल,* २८

पोखराका तीन विद्यालय घुम्दा ३०

२१ वर्ष ठिटोको हेडमास्टरी !
*पीताम्बर शर्मा,* ४४

परम्परागत ज्ञान र सीपः लगत बिना लाभ कहाँ ?
*डा. तीर्थबहादुर श्रेष्ठ,* ५०

**बहस** शिक्षा र शिक्षकका समस्या
पृष्ठ ४१-४३

- शिवप्रसाद न्यौपाने
- कृष्ण खड्का
- सुरेन्द्र पाण्डे
- धर्मेन्द्रकुमार जोशी

## स्तम्भ

विषय-सन्दर्भ ४, हेराइ र बुझाइ ५, प्रतिक्रिया र सुझाव ६, मनका कुरा १०, जिज्ञासा र जवाफ ५८, फुर्सद ६१, आलोपालो ६४

**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला । यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९७४१०६७८०४ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला ।**

# विषय-सन्दर्भ

■ केदार शर्मा

## तारिफ पाउन गाह्रो छैन

**केही** नेपालीहरू आफ्नो देशलाई 'सतीले सरापेको' भनेर आफूलाई दायित्व र जिम्मेवारीबाट मुक्त तुल्याउने गर्छन्। देश भनेको मानिस हुन्, देशका लागि असल गरे तिनै मान्छेले गर्ने हो, खराब गरे पनि तिनै मान्छेले गर्ने हो। देशलाई गाली गर्नु जति अनुत्तरदायी र निरर्थक काम केही होइन। तर पनि देश जस्तो अमूर्त कुरालाई किन गाली गर्छन् मानिसहरू ?

आफ्नो देशलाई सत्तोसराप गर्नुको सबभन्दा ठूलो कारण 'म त गतिलो हुँ तर देश नै खराब परेकाले उन्नति गर्न सकिनँ वा मेरो कामको मूल्याङ्कन भएन' भन्ने अहङ्कार हो। दोषीको दोष औँल्याउने हुती र स्थितिमा सुधार ल्याउनका लागि भिड्ने आँट नभएका मानिसहरूले मात्र गर्ने काम हो यो।

असल मानिसहरू चाहिँ के गर्छन् त ? असल मानिसहरू दायित्व वहन र काम गर्छन्। उनीहरू अर्काले बाँझो फोरिदेओस् र आफू बाली लगाउन पाइयोस् भन्दैनन्, आफैँ जोत्न थाल्छन्। असफल हुने जोखिम छ भन्ने जान्दाजान्दै पनि काम गर्छन्। त्यस्ता मानिसले नै समाज चलाएका हुन्छन्, संसारलाई अघि बढाएका हुन्छन्। असल नागरिकले देशलाई गाली गर्दैन, बरु परे सङ्घर्ष गर्छ। जितेर देशमा परिवर्तन ल्याउने हिम्मत हुने र त्यो विश्वासका लागि ज्यान दिने आँट भएकाहरू नै मरेपछि शहीदका रूपमा सम्मानित हुने चलन चलेको त्यसै होइन।

यथार्थमा मुलुक सरापिँदैन। जो अमूर्त छ त्यसलाई सरापे पनि लाग्दैन। त्यसमाथि, सत्चरित्रका निम्ति पूज्य बनेकी सतीले देशलाई नै सराप दिने कुरा कसै गरी पनि तर्कसङ्गत लाग्दैन। त्यसैले नेपाल सतीले सरापेको मुलुक हुँदै होइन। बरु अझै पनि यो कीर्ति राख्न र यश पाउन सजिलो ठाउँ हो। यहाँ धेरै ठूलो जोखिम मोलिरहनुपर्दैन; कर्तव्य पालनका सिलसिलामा आफूले गर्नै पर्ने काम गर्ने मानिसहरूले पनि धेरै तारिफ पाउँछन्। यसको ताजा र हाम्रा पाठकहरूलाई चासो भएको उदाहरण हो; दैलेखको जिल्ला शिक्षा कार्यालयले यसै अङ्कमा पाएको तारिफ।

दैलेख जिशिअको नेतृत्वमा जिशिकाका कर्मचारीहरूले मन लाएर कर्तव्य पालन गरे। आवश्यक जनसम्पर्क र राजनीतिक मतैक्यका लागि धेरै प्रयास गर्नुपऱ्यो, गरे शिक्षकहरूको दरबन्दी मिलान गर्ने काम, तोकेको समयमा सके। (हे. पृष्ठ ३४-४०) यसमा जिशिअले नियमावलीमा राजनीतिक दलहरूका बारेमा केही नलेखिएको भए तापनि दलहरूको सहमति जुटाएर काम गर्ने जोखिम लिएका थिए। तर उनी सफल भए। आफ्नो कर्तव्य बुझेर र आँट गरेर काम गर्दा उनले न त कुनै बाधाको सामना गर्नुपऱ्यो न त कसैले नराम्रो नै भन्यो। साँच्चै नै यो मुलुकमा तारिफ पाउन गाह्रो छैन।

## तारिफ पाउन सजिलो छैन

हामीले भदौको अङ्कमा स्रष्टा शिक्षकहरूलाई साहित्यिक रचना पठाउन अनुरोध गरेका थियौँ। शिक्षक साथीहरूले पठाउनुभएका कविता, कथा, गजल, नाटक, निबन्ध आदि साहित्यिक रचनालाई प्राथमिकतासाथ स्थान दिने कबूल पनि हामीले गरेका थियौँ। तर अन्ततः हामी यस अङ्कमा साहित्यिक रचनाहरू नछाप्ने निर्णयमा पुग्यौँ।


हामीलाई थाहा छ, यसबाट कतिपय शिक्षक साथीहरू निराश हुनुहुनेछ। उहाँहरूले झुक्याइएको अनुभव पनि गर्न सक्नुहोला। तर हामीले सविनय अनुरोध गर्ने पर्छ, तपाईंलाई झुक्याइएको अनुभव भए जस्तै हामीले पनि जिल्लिएको अनुभव गरेका छौँ। शिक्षक मित्रहरूबाट जति सङ्ख्यामा स्तरीय रचना आउलान् भन्ने हाम्रो अपेक्षा थियो, त्यसमा तुषारापात भएको छ।

त्यसो त प्राप्त सबै रचना नराम्रा थिए भन्ने हाम्रो आशय होइन। केही रचना यसै राम्रा थिए। हामीले केही लेखकहरूलाई फोन गरेर नै पनि आफ्ना रचना स्वसम्पादन गर्न अनुरोध गऱ्यौं। केही रचना भने कामै नलाग्ने थिए। काम नलाग्ने रचना फ्याँक्न हामीलाई सङ्कोच थिएन, तर शिक्षक को दशैँ अङ्कमा हामीले जुन स्तरका रचना दिन खोजेका थियौँ, त्यस्ता रचना पुग्दो सङ्ख्यामा प्राप्त नभएकाले हामी यो निर्णय लिन बाध्य भयौँ।

प्रश्न उठ्नसक्छ, स्तरीय रचना भनेको के ? सरल जवाफ हो, रचना मौलिक हुनुपर्छ। मौलिक भनेको अरूले नभनेका कुरा भन्ने, अरूले नऔँल्याएका समस्या औँल्याउने, अरूले नदेखाएको आलोक देखाउने हो। अरूले भनिसकेका कुरा लेख्ने व्यक्ति दोस्रो प्राथमिकतामा पर्छ। शिक्षकलाई मैनबत्ती वा डुङ्गा र माझीसित तुलना गरिएका कविता वा लेख हामी छाप्दैनौँ; किनभने यी प्रतीकहरूको प्रयोग सयौँ पटक भइसकेको छ।

हामी गेडी नमिलेका गजल वा छन्द नमिलेका पद्य कविता पनि छाप्दैनौँ। हामी उत्कर्षमा नपुग्ने र पाठकको संवेदना नछुने कथा पनि छाप्दैनौँ। हामी शिक्षकलाई सिकयरु लेखका रूपमा गन्दैनौँ उसलाई त हामी धेरै विद्यार्थीहरूलाई बाटो देखाउन सक्ने परिपक्व व्यक्ति मान्छौँ। त्यसै कारण पनि हामी शिक्षकका कलमबाट निस्केका रचनामा स्तरीयता खोज्छौँ। औसत स्तरका रचना छापेर हामी तपाईंको विश्वास गुमाउन चाहँदैनौँ।

अन्त्यमा सानो स्पष्टीकरण- हामीलाई प्राप्त भइसकेका वा प्राप्त हुने साहित्यिक रचनाहरूले शिक्षक को आगामी अङ्कहरूमा क्रमशः स्थान पाउने छन्।



# विद्या दानको महत्त्व



कल्याण मासिक

संस्कृतको 'विद् ज्ञाने' धातुमा 'य' (क्यप्) र 'आ' (टाप्) प्रत्यय लगाएपछि 'विद्या' शब्द बन्छ । 'वेत्ति अनया इति विद्या' अर्थात् जसबाट सबै प्रकारका ज्ञान प्राप्त हुन्छ, त्यो नै 'विद्या' हो ।

**विद्या ददाति विनयं विनयाद्याति पात्रताम् ।**
**पात्रत्वाद्धनमाप्नोति धनाद्धर्मं ततः सुखम् ॥**

अर्थात्, विद्याले मनुष्यलाई विनम्रता दिन्छ; विनम्रताबाट योग्यता प्राप्त हुन्छ, योग्यताबाट धन र धनबाट धर्म अर्थात् सत्कार्य गर्ने अवसर प्राप्त हुन्छ । सत्कार्य गर्ने मानिस सुखी हुन्छ । (यहाँ विद्या भन्नाले खास ज्ञान र सीपलाई बुझ्नुपर्छ, प्रमाणपत्रलाई होइन ।)

विद्या दानलाई महादान, अतिदान अर्थात् सबैभन्दा ठूलो दान ठानिन्छ। विद्यादानभित्र पढाउने-सिकाउने कार्य त पर्छन् नै, शिक्षार्थीलाई खाने-बस्ने व्यवस्था गर्नु पनि दान नै हो। दाताले दिएको जुन अन्न विद्या-अभ्यास गर्दागर्दै विद्यार्थीको पेटमा पच्छ, त्यस्ता दाताका भूत र भविष्यका १०/१० पुस्ताले मोक्ष पाउँछन् समेत भन्ने गरिन्छ ।

नीतिशतकमा भर्तृहरिले गरेको विद्याको परिभाषा आज मात्रै सान्दर्भिक हैन, कालजयी नै लाग्छः

**विद्या नाम नरस्य रुपमधिकं प्रच्छन्नगुप्तं धनम्**
**विद्या भोगकरी यशः सुखकरी विद्या गुरुणां गुरुः ।**
**विद्या बन्धुजनो विदेशगमने विद्या परं दैवतम्**
**विद्या राजसु पूज्यते न हि धनं विद्याविहीनः पशुः ॥**

अर्थात् विद्या नै मनुष्यको सर्वोत्तम धन हो । विद्या मनुष्यको सर्वश्रेष्ठ रुप वा सौन्दर्य पनि हो । विद्या आफैं प्रदर्शित नहुने गुप्त धन हो तर यसलाई जतिबेला र जहाँ पनि उपभोग गर्न सकिन्छ । विद्याले यश-कीर्ति र सुख सँगसँगै दिन्छ । विद्या आफैंमा व्यक्तिको महानतम गुरु र परममित्र पनि हो । विदेशमा त विद्या एक मात्र सहारा हुन्छ । राजाहरूले धनलाई हैन, विद्यालाई मात्र सम्मान गर्छन्। त्यसैै कारण विद्याविहीन मनुष्य पशुतुल्य हुन्छ।



# प्रतिक्रिया र सुझाव




## भाषा सम्पादनबारे

'मह' जोडीले पनि *शिक्षक* मासिक शिक्षाकर्मी बाहेकले पनि पढ्न उपयुक्त छ भनी प्रचारप्रसार गरेको सुन्दा यस पत्रिकाको महत्त्व र प्रभाव विस्तार भएको बुझिन्छ । बिस्तारै यसका त्रुटि औंल्याउन पनि गाह्रो हुँदै गएको छ । यद्यपि सानातिना कमजोरीले चाहिँ कहिल्यै नछोड्ने रहेछ ।

यस पत्रिकाले विशेष गरी काठमाडौंका 'ह्याभीवेट' शिक्षा विज्ञका कुराभन्दा 'ग्रासरुट'का शिक्षाकर्मीहरूका अभ्यास, अनुभव र सिकाइलाई प्राथमिकता दिई जानकारी प्रकाशित गर्ने जुन बानी गरेको छ त्यो सराहनीय छ । 'ग्रासरुट'का जानकारी सशक्त र सबैका लागि लाभदायक छन् । तर कतिपय सन्दर्भमा जानकारी सँगसँगै 'ग्रासरुट'को ठेट भाषा (धेरै अवस्थामा शब्दहरू जस्तो 'लेकको घाँच') (*सम्भावनालाई समस्या पो ठानिएछ, शिक्षक,* भदौ २०६८ !) पनि आउँदैछ जुन बुझ्न अप्ठ्यारो भइरहेको छ। *शिक्षक* मासिकका लेखहरूमा पहाडी वा मध्यपहाडी क्षेत्रको भाषाको प्रभाव धेरै पाइन्छ। त्यसकारण यसलाई तराई र हिमाली क्षेत्रका एसएलसी पास गरेका शिक्षक तथा अन्य मैत्री बनाउन भाषा सम्पादनमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । यो चेतना लेखकहरूलाई पनि होस् ।

औपचारिक शिक्षासम्बन्धी जति 'ग्रासरुट'का जानकारी यस पत्रिकामा छापिन्छन् त्यति अनौपचारिक शिक्षा सम्बन्धी पढ्न पाइन्न । 'ग्रासरुट'मा अनौपचारिक शिक्षा अन्तर्गत विविध कार्यक्रमले कमालका कामहरू गरेका छन्। चेतनाकरण, सशक्तिकरण, सामाजिक न्याय, शिक्षा अधिकार, साक्षरता, जेण्डर, मानवअधिकार, विकास, बाल श्रम, महिला अधिकार, जलवायु परिवर्तन जस्ता विषयमा अनौपचारिक शिक्षाले गरेको योगदानको तुलना नै गर्न सकिन्नँ । शिक्षकका लेखक तथा संवाददाताहरूले अनौपचारिक शिक्षालाई पनि समान व्यवहार गर्नुपऱ्यो। अनौपचारिक शिक्षा सम्बन्धी जानकारीहरू पनि पढ्न पाउनुपऱ्यो ।

**प्रकाशसिंह अधिकारी**
**सामुदायिक विकास प्रवर्तन केन्द्र**

(**सुझावका लागि धन्यवाद । अनौपचारिक शिक्षासम्बन्धी सामग्री पहिल्याउने र पस्कने प्रयास गर्नेछौं। –सं.**)

## हामी पनि केही गर्दा रहेछौं !

*शिक्षक* २०६८ साउन अङ्कको 'विषय-सन्दर्भ'ले वर्तमान नेपाली शैक्षिक अवस्थाको यथार्थतालाई छर्लङ्ग्याउँदै शैक्षिक नेतृत्व गरिरहेका व्यक्ति वा पक्षहरूलाई घोर निद्राबाट ब्युँझाउने आशा गरेको छ । 'बदलिँदो आकाश फेरिँदो धर्ती' स्तम्भको प्रारम्भले हामी नेपालीहरू पनि पृथ्वीको वातावरण/पर्यावरणप्रति चिन्ता गर्दा रहेछौं धर्तीको स्याहार गर्न अग्रसर पनि रहेछौं भन्ने सुखद् जानकारी प्राप्त भयो। 'आलोपालो' स्तम्भमा छापिएको लिङ्गनको पत्रले एउटा शिक्षकबाट समाजले कति धेरै आशा गरेको हुँदोरहेछ भन्ने ज्ञात भयो । यसले आफ्नो पेशागत धर्म निर्वाह गरिरहन मलाई सधैं अभिप्रेरित गरिरहनेछ ।

**प्रेमकृष्ण श्रेष्ठ,**
**प्रगतिशील उमावि, बोहोरेटार, सिन्धुली**

## मूल्य बढे मोटाइ पनि बढोस् !

२०६८ असारको अन्तमा कामविशेषले धनगढी आउँदा सर्वप्रथम *शिक्षक* को खोजी गरेँ । २/३ दिनपछि साउन अङ्क पनि पाइयो ।

*शिक्षक* अहिले जस्तो छ यसलाई यो स्तरबाट तल झर्न नदिइयोस्। कल्पनाभन्दा वास्तविकतामा आधारित होस् । स्थलगत रिपोर्ट गर्दा दहीच्यूरेले भनेको कुरा भन्दा पत्रकारले स्वविवेकको पनि प्रयोग गरुन्। स्वदेश तथा विदेशमा भएका उत्कृष्ट शैक्षिक क्रियाकलापहरूको जानकारी हरेक अङ्कमा आइरहोस् । त्यस्तै शिक्षा क्षेत्रमा भएका अनियमितताको पनि चर्चा भइरहोस् । शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक तथा शैक्षिक प्रशासनलाई सचेत गराउने खालका सामग्री होऊन् । शिक्षण विधि, अध्ययन-अध्यापनमा रहेका कठिनाईको समाधान गरिने खालका सामग्रीलाई पनि निरन्तरता दिइयोस्। मूल्य वृद्धि गर्नु परे

### *शिक्षक* मा

**'आवरण लेख'** राम्रो तथ्य खोजी धेरै हुन्छ ।
लेखलाई चिन्तन गरे आत्मैलाई यसले छुन्छ ॥

**'हेराइ र बुझाइ'**मा नीतिपरक हुन्छ कथा ।
यसैबाट ज्ञान बढ्छ हटाउँदै पीरव्यथा ॥

**'समस्या र समाधान'** ले उपाय त्यो खोजी गर्छ ।
अल्झिएका समस्या ती यसबाटै सबै मर्छ ॥

**'सामान्य ज्ञान, सुडोकु र अन्ताक्षरी'** बुद्धि दिन्छन् ।
नयाँ शब्द अर्थहरू पाठकले धेरै लिन्छन् ॥

**'अनुभव र अनुभूति'** नयाँ स्तम्भ थपे राम्रो ।
पुराना र विज्ञबाट जोश जाँगर बढ्छ हाम्रो ॥

शिक्षकबाट लेख मागी उत्कृष्ट त्यो छान्ने गरे ।
***शिक्षक* मासिक** लोकप्रिय बन्दै गाउँ जान्छ भरे ॥

यी **आगामी आकर्षण** भन्ने जानकारी मिलोस् ।
उत्सुक भै खोज्थे होलान् पाठकहरू जहाँ मिलोस् ॥

**खनाल मेघनाथ 'बन्धु', जनकल्याण उमावि, जुगेडा, धनगढी, कैलाली**

यसको मोटाइ बढाइयोस्। मेरो विचारमा यति भए पत्रिकाले राखेको उद्देश्य पूर्ण हुनेछ। यो मेरो विश्वास हो।

चेतराज मिश्र
कालिका निमावि, दिपिल, बझाङ

## राहत शिक्षकको विडम्बना

सबैभन्दा मर्यादित एवं सम्मानित भनेर चिनिने शिक्षण पेशामा पनि भ्रष्टाचार हुने गरेको खबर सुन्दा दिक्क लाग्छ। शिक्षकले नै यस्तो कुकर्म गर्ने हो भने भविष्यका कर्णधार निर्दोष विद्यार्थीहरूले के सिक्छन् होला? भ्रष्टाचार धेरै हुने देशको सूचीमा हाम्रो देश पनि आउन थालेको छ। आखिर यसका जिम्मेवार को हुन् त? भ्रष्टाचारलाई कसरी रोक्न सकिएला? यस्ता खालका सयौं प्रश्नहरू देशप्रति वफादार नागरिकको मनमा उब्जिरहेका छन्।

एक दिन आफ्नो तलब निकासामा भएको ढिलाइको कारण जान्न नेपाल ब्याङ्क लिमिटेड, जनकपुरधाममा पुगें। तर ब्याङ्कको कर्मचारीले खाताधारीवालाको सिफारिसविना 'स्टेटमेन्ट' दिन मिल्दैन भनेपछि पुन: विद्यालयमा गएर स्टेटमेन्टको लागि सिफारिस माग्दा खाताधारी प्रअ र लेखापालले सिफारिस दिनुभएन। र, जि.शि.का.बाट निकासा भइसकेको तलब भत्ता एक महिना ढिलो पाइयो। आखिर किन? तसर्थ; सरकार, शिक्षक संघ, सङ्गठन, युनियनलगायत सम्पूर्ण शिक्षाविद्हरूमा मेरो आग्रह छ; सामुदायिक विद्यालयको ब्याङ्क स्टेटमेन्ट प्रत्येक नेपाली नागरिकले चाहेको बेलामा हेर्ने व्यवस्था गरियोस्। यति मात्र हुँदा पनि शिक्षा क्षेत्रमा हुने भ्रष्टाचार धेरै हदसम्म कम हुनसक्छ।

xxx

आर्थिक वर्ष २०६८/६९ को बजेटमा कर्मचारीहरूले तलब वृद्धि भएको खबर थाहा पाएपछि सबैको मन हर्षित भयो साथीहरू एकापसमा बधाई ज्ञापन गर्न थाले। मैले एकजना साथीलाई सोधेँ– के राहत शिक्षकको पनि तलब भत्ता बढेको हो? साथीले हाँस्दै 'हो' भनी जवाफ दिनुभयो। तर *शिक्षक* को २०६८ भदौ अङ्कको पेज नं. १२ मा शिक्षकको नयाँ तलबमानको तालिकाको तल नोटमा यस्तो लेखिएको रहेछ, "तलब वृद्धिमा राहत अनुदानका शिक्षकहरू परेका छैनन्...।"

*शिक्षक* मासिक हेरेर अरू शिक्षक आ-आफ्नो तलब भत्ताको हिसाब गर्न थाल्नुभयो। त्यो दृश्य हेर्दाहेर्दै घण्टी बज्यो। चक-डस्टर लिएर कक्षाकोठामा प्रवेश त गरें तर राम्ररी पढाउन सकिनँ। यस्तो भेदभावपूर्ण व्यवहारले म लगायत हजारौं राहत शिक्षकहरूले पनि यस्तै महसुस गर्नुभएको होला। के राहत शिक्षकहरूको तलब भत्ता वृद्धिको लागि आन्दोलन नै गर्नैपर्ने हो?

रवीन्द्रकुमार दास
जनता मावि, देवपुरा, धनुषा

## नेता हुन् बिगार्ने

हाम्रो सार्वजनिक शिक्षालाई सुध्रिन, सुधार्न या स्तरीय बनाउन नदिने भनेका राजनीतिक दल र शिक्षाको राष्ट्रिय नीति हो। 'म नै ठूलो-बडो हुँ' भन्ने व्यक्ति कहिल्यै ठूलो हुँदैन। विद्यालयमा व्यवस्थापन समिति गठन गर्दा पनि राजनीतिज्ञहरू सर्वेसर्वा बनिरहेका हुन्छन्। सभासद्ले बिना ज्ञानका व्यक्तिलाई समेत विद्यालयमा शिक्षक नियुक्त गर्ने गरेका छन्। यिनले गर्दा ज्ञान-सीप सिकेका व्यक्तिहरू पेशाबाट वञ्चित हुनु परेको छ। यसले शिक्षालाई विकासतिर नभई निराशातिर धकेलिराखेको छ। आफूलाई देशको सर्वेसर्वा ठान्ने व्यक्तिले नै हाम्रो सार्वजनिक शिक्षालाई सुध्रन नदिएका हुन्। राजनीतिक पार्टीहरू कसले बढी व्यक्तिलाई मूर्तिका रूपमा खडा गरी तलब खुवाउन सकिन्छ भन्ने प्रतिस्पर्धा गरिरहेका छन्।

डडेल्धुरा जस्तो पहाडी जिल्लामा त एकजना सभासद्ले विद्यालयमा आफन्त घुसाउन त्यत्रो ताण्डव नृत्य गरेछन् (*शिक्षक* २०६८ साउन) भने तराई र ठूल्ठूला नेताजीका जिल्लामा रुन् के होला?

पल्लवराज जोशी
गोकुलेश्वर ब. क्याम्पस, गोकुलेश्वर, दार्चुला

## शिक्षा र अर्थ मन्त्रालयको ध्यान जाओस्

शिक्षा मन्त्रालयको च.नं.३६६३ मिति २०५०/०२/१२ को दरबन्दी मिलान विषयको परिपत्र निर्देशन अनुसार माध्यमिक शिक्षक तृतीय श्रेणी (साविक चतुर्थ) तथा निम्नमाध्यमिक शिक्षक द्वितीय श्रेणीका पदलाई समानस्तरको पद कायम गरेको थियो। दुवै पदको तलब, भत्ता ग्रेड र सुविधा एवम् सेवा प्रवेशको योग्यता स्नातक तह उत्तीर्ण तोकिएको थियो।

सोही परिपत्रलाई स्वीकार गरेर हामी २०५२ सालको विज्ञापनका आधारमा प्रतिस्पर्धा गरी निम्नमाध्यमिक द्वितीय श्रेणीको पदमा स्थायी नियुक्ति पाई शिक्षक सेवा आयोगको बढुवा विज्ञापनमा प्रतिस्पर्धा गरी हालसालै निम्नमाध्यमिक शिक्षक प्रथम श्रेणीमा बढुवा भएका छौं। तर परीक्षा दस्तुर, सेवा प्रवेशको योग्यता

विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड. (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ। तीनथाना, काठमाडौं, फोन: ४३११८४३)

नेपालको पहिलो सामुदायिक शिक्षा क्याम्पस
काठमाडौं शिक्षा क्याम्पस
पद्मोदय उमाविको भवन, रामशाहपथ, काठमाडौं,
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५७००, ९८४१२६५५४९,
नोटिस बोर्ड नं.: क्याम्पस सूचना-१६१८०१४२३०२४०, विद्यार्थी सूचना-१६१८००७०३०२४१
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिनेछ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

KSC Notice
- विभिन्न विषयका विशेषज्ञहरुद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको।
- वेबसाइट नोटिस बोर्ड तथा फेसबुकमार्फत् सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
- कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म।
- एमएड दोस्रो वर्षको कक्षा आरम्भ साउन ३० गतेबाट सञ्चालन भैसकेको छ।
- एमएड प्रथम वर्षमा भाद्र मसान्तसम्म छात्रवृत्ति सहित भर्ना लिइनेछ।

# प्रतिक्रिया र सुझाव

## प्रअ तथा शिक्षक मित्रहरूमा अनुरोध !

हरेक विद्यालय शिक्षाको मन्दिर हो। सरस्वतीको मन्दिर हो। तर हामीसँग अहिलेसम्म सरस्वतीको प्रार्थनाको लागि संस्कृतमा लेखिएको 'सरस्वती मया दृष्टा...' बाहेक अर्को भरपर्दो सरस्वती वन्दना छैन। सरल भाषामा लेखिएको एउटा छोटो तथा मीठो सरस्वती वन्दना भइदिए हुन्थ्यो भन्ने कुरा मलाई पनि मेरो २५ वर्षे शिक्षण कालभरि नै खट्किरहेको थियो। त्यसैले मैले यो सरस्वती वन्दना लेख्ने जमर्को गरें र आफ्नो विद्यालयका विद्यार्थीमाझ लगें। सरल भाषामा लेखिएकाले र गीति लयमा भएकाले पनि विद्यार्थीहरूले सजिलैसँग दुई मिनेटभित्रमै एकसाथ गाए र रमाए पनि। प्रअ तथा शिक्षक मित्रहरूलाई उपयुक्त लागेमा उहाँहरूले पनि आफ्नो विद्यालयमा यो सरस्वती वन्दना गाउन सक्नुहुनेछ। यो मेरो अनुरोध मात्र हो।

***लय:*** *कविवर दैवज्ञराज न्यौपानेको 'किसानको रहर' (कक्षा ३ को नेपाली किताब) पहिलो पाँच अक्षरमा विश्राम फेरि पाँच अक्षरमा विश्राम र अन्तिम सात अक्षरमा अन्त्य (५+५+७= १७)*

### सरस्वती वन्दना

*सरस्वती माता, मलाई देऊ, विद्याको वरदान।*
*ज्ञानको पुञ्ज, चरणमा आ'छौं, बालक छौं अनजान॥*
*नाम छ तिम्रो, बाह्र थरीका, तैपनि यौटै सार।*
*दुई हात जोडी, शिर निहुराई, प्रणाम बारम्बार॥*

*भारती भन्छौं, सरस्वती भन्छौं, शारदा तिम्रै नाम।*
*हाँसमा बस्ने, बाघमा बस्ने, वरदान दिने काम॥*
*जगतकी माता, कौमारी तिमी, धर्तीकी देवी हौ।*
*हे बुद्धिदात्री, हे चन्दघण्टा, हे ब्रह्म रुपा लौ।*

*जसले गर्छ, सम्झना यी नाम, दिनको तीन पल्ट।*
*त्यसैको मुखमा, सरस्वती बस्छिन्, बुझ है एकपटक॥*
*बालक हामी, भविष्य कोर्छौं, कलममा बसी देऊ।*
*बोलीमा भर्देऊ, नम्रता तिम्ले, मनमा दया देऊ॥*

*हे माता आज, जिब्रोको माझ, आएर बसी देऊ।*
*ज्ञानको झोली, हृदय खोली, आज लौ भरी देऊ॥*
*प्रार्थना गर्छौं, देऊ हे माता, ज्ञानको ज्योति त्यो।*
*माताको रुपमा, गुरुको रुपमा, दर्शन देऊ न त्यो॥*

**रविराज शर्मा**
**अमर शहीद दशरथ चन्द उमावि, राजापुर, बर्दिया**

आदि सबै मा.शि. तृतीयसरह समान स्तरको सेवाबाट बढुवा भएका हामीलाई बढुवा भएपछि न्यून तलब स्केल कायम गरिएको छ।

नि.मा. द्वितीय श्रेणीमा शुरु नियुक्ति पाई कार्यरत शिक्षकहरूको जिन्दगीमा एकपटक मात्र बढुवा हुने कानुनी व्यवस्था रहेको मर्का त छँदैछ त्यतिले नपुगेर आर्थिक रूपले जिन्दगीमा कहिल्यै बढुवा नहुने ठूलो मर्का पारिएको तर्फ शिक्षा र अर्थ मन्त्रालयको ध्यान जाओस्।

**खुशीराज गौतम, नि.मा.शि.प्रथम श्रेणी तथा समान तह, श्रेणीका शिक्षक**

## प्रअ भत्ता बढाइयोस्

शिक्षा नियमावलीमा भएको हालको व्यवस्था अनुसार प्रावि, निमावि र मावि तहका प्रअहरूले क्रमश: रु.२००, रु.३०० र रु.५०० मासिक रूपमा पाइरहेका छन्।

तलब बढेर दोब्बर तेब्बर भइसक्दा पनि १०औं वर्ष अगाडिको पुरानै प्रअ भत्तामा चित्त बुझाउन बाध्य छन्। कतिपय विद्यालयका प्रअहरूले प्रअ भत्ता कम भएका कारणले विद्यालयमा अन्य स्रोतबाट थप गरी सुविधा लिने गरेको पाइन्छ भने इमानदार प्रअहरू पद छोड्न तयार देखिन्छन्। केही प्रअहरू शिक्षक नियुक्ति, सरुवालगायत अन्य फाइदा लिने हिसाबले भत्ता कम भए पनि त्यसको पर्वाह गरेको देखिँदैन।

प्रअहरूलाई भ्रष्टाचारबाट मुक्त गराउन सरकारले आकर्षित गर्न सक्नुपर्दछ। तसर्थ वर्तमान शिक्षा नियमावलीमा भएको प्रअ भत्ताको व्यवस्थालाई संशोधन गरी कम्तीमा प्रावि प्रअलाई शुरु तलबको ५ प्रतिशत, निमावि तहको प्रअलाई शुरु तलबको ७ प्रतिशत र मावि तहका प्रअलाई शुरु तलबको १० प्रतिशत भत्ता दिनुपर्ने देखिन्छ। यदि त्यो सम्भव नभए कम्तीमा खाईपाई आएको प्रअ भत्तालाई दोब्बर वा १०० प्रतिशत थप गर्नु जरुरी भइसकेको छ।

**राम सिं घिसिङ**
**भूमेस्थान उमावि, बिर्ता देउराली, काभ्रे**

## मेरा प्रश्न

१. के अरू कार्यालयका कर्मचारीले तलब खाँदैनन् र? किन शिक्षक कर्मचारीलाई मात्र देशको सबै बजेट शिक्षकलाई मात्र भनियो?
२. के २०५७/४/१ गते पूर्वका नियुक्ति प्राप्त शिक्षक मात्र प्राविधिक हुन् र? त्यसपछिका शिक्षक पनि त आई.एड., बी.एड, एम.एड. छन् त? ती शिक्षक प्राविधिक मानिँदैनन् र? किन?
३. अण्डर एसएलसी शिक्षकलाई सरकारले पालिराख्ने तर एसएलसी भएका तर १० महिने तालिम लिइसकेकाहरूलाई आई.एड बनाउने हो भने अण्डर एसएलसीलाई के सरह मान्ने?
४. नेपालको हकमा मन्त्री हुने कुन दर्जाका र कुन तहका कर्मचारी हुन्? साधारणतया उनीहरूको मासिक तलब भत्ता रु.३५ हजारदेखि रु.२५ हजारसम्म छ भने एउटा प्रावि तहको शिक्षकको तलब भत्ता रु.२० हजार किन नहुने?
५. देशमा सबभन्दा बढी तलब भत्ता शिक्षक कर्मचारीलाई नै दिनुपर्नेमा किन राजनीति गर्ने कर्मीलाई र अन्य कर्मचारीलाई दिइन्छ?
६. नाम *शिक्षक* पत्रिका, काम भने शिक्षक विरोधी किन? शिक्षकलाई पूर्णत: हतोत्साही पार्ने हिसाबले किन लेखिन्छ?
७. राहत दरबन्दीमा कार्यरत शिक्षक होइनन् र? हुन् भने हाल वृद्धि तलब भत्ता र पोशाक भत्ता किन दिइएन?

**हेमराज तिमिल्सना**
**रा.मावि, मनिकापुर, टीकापुर, कैलाली**

अजय दीक्षित

# दुर्बलताका प्रश्न

**दुर्बलता समय सँगसँगै परिवर्तन हुने गर्छ। सामान्यतया के भन्ने गरिन्छ भने दुर्बलता र गरिबी उस्तै हुन्।**

विकसित मुलुकहरूले वायुमण्डलमा फ्याल्ने ग्यासको परिमाणको तुलनामा नेपाल र नेपालीले नगण्य हरितगृह ग्यास उत्सर्जन गर्छन्। सन् २००८ का ३६५ दिनमा नेपालबाट जम्मा ३,५४२ मेट्रिक टन हरितगृह ग्यास उत्सर्जन भयो, जुन त्यो वर्ष विश्वमा उत्पादित हरितगृह ग्यासको ०.०१ प्रतिशतभन्दा पनि कम हो। अन्य मुलुकले आफ्नो उत्सर्जन दर कायम राखिराख्ने हो भने नेपालले आफ्नो उत्सर्जन दर शून्यमै झारे पनि त्यसको कुनै अर्थ रहँदैन।

उसो भए के नेपालले आफ्नो आर्थिक र सामाजिक प्रणालीलाई खनिज तेलको उपयोगमा निर्भर गराएर वायुमण्डलमा ग्यास फालिरहने त? गत वर्ष नेपालले १ अर्ब डलरभन्दा बढीको खनिज तेल आयात गऱ्यो। यो परनिर्भरता नेपालका लागि कुनै पनि हिसाबले हितकारी छैन। खनिज तेलमा निर्भर नरहने आर्थिक र सामाजिक परिवर्तनको बाटो हामी जति छिटो समात्छौँ, त्यति नै राम्रो हुन्छ। यस्तो छनोट नैतिकताको हिसाबले पनि उचित हुन्छ। मानव सभ्यतालाई नै नकारात्मक असर पार्ने जलवायु परिवर्तन गर्ने बाटो हाम्रो छनोटमा पर्नु हुन्न।

विश्वका अधिकांश विकसित र विकासोन्मुख मुलुकहरू कार्बनको उत्सर्जन शून्यमा झारौँ भन्ने अवस्थामा छैनन्। कथम्कदाचित यस्तो चमत्कार भयो नै भने पनि तापक्रम बढ्ने र वर्षाको चरित्रमा फेरबदल हुने क्रम चलिरहनेछ। यसर्थ नेपाल जस्ता मुलुकका लागि जलवायु परिवर्तनसँग अभ्यस्त हुने बाटो छान्नु बाध्यता बनिसकेको छ। हाम्रा निम्ति यो चुनौती अर्काका कारण आइपरेको हो। त्यसैले जलवायु न्यायको प्रश्न पनि हामीले उठाइरहनुपर्छ।

तापक्रम वृद्धि र वर्षाको दरमा फेरबदल हुँदा नेपालको कुन क्षेत्र बढी प्रभावित हुन्छ? त्यहाँ बस्नेहरूमध्ये कसले धेरै असर भोग्नुपर्ने हुन्छ? पछिल्लो प्रश्नको तार्किक जवाफ दिन सकिन्छः 'आर्थिक र सामाजिक सीमान्तमा रहेका व्यक्ति, घर, परिवार र समुदाय नै बढी प्रभावित हुनेछन्।' तर, उत्तर त्यति सजिलो छैन किनभने, उक्त प्रश्नको जवाफ दिनुअघि हामीले भविष्यमा हुने दुर्बल (Vulnerable) क्षेत्र र त्यस्ता क्षेत्रमा बस्नेहरूमध्येका दुर्बलतम परिवार या समुदाय पहिचान गर्नुपर्ने हुन्छ। त्यसपछि मात्र एकिनका साथ भन्न सकिन्छ को बढी जोखिममा पर्छन् भनेर। त्यस्तो क्षेत्र र समुदाय खुट्याउने कार्य पनि सजिलो छैन। किनभने दुर्बलता समय सँगसँगै परिवर्तन हुने गर्छ। सामान्यतया के भन्ने गरिन्छ भने दुर्बलता र गरिबी उस्तै हुन्। गरिबी अभावको स्थिति हो भने रक्षाहीनता, असुरक्षा एवं तनाव दुर्बलता हुन्। आजको गरिबी हिजो हट्न नसकेको दुर्बलताको परिणाम हो।

प्राज्ञहरूबीच 'दुर्बलता (Vulnerability) के हो' भन्ने विवाद कायमै छ। प्राकृतिक ज्ञानको बाटोले दुर्बलतालाई भौतिक घटनासित जोड्छ, जस्तै; 'व्यक्तिलाई बाढीले बगायो वा भूकम्पको रुट्कालेमाऱ्यो।' सामाजिक विज्ञानको दृष्टिमा, 'प्राकृतिक घटनाको पूर्वानुमान गर्न सक्ने र त्यसको प्रभावबाट उम्कने क्षमताले को कति दुर्बल छ भन्ने बताउँछ।' दुर्बलता सामाजिक र राजनीतिक प्रणालीमा अन्तर्निहित हुन्छ। दुर्बल व्यक्ति, परिवार एवं समुदायलाई सबल बनाउने क्रियाकलाप तर्जुमा गर्न दुर्बलताको विश्लेषण आवश्यक पर्छ।

आईपीसीसीका अनुसार जलवायु परिवर्तनको मात्रा, दर र विविधताका कारण प्रणालीहरूमाथि पर्ने प्रभाव, संवेदनशीलता र त्यस्तो परिस्थितिसँग अभ्यस्त रहने क्षमता वा त्यसको अभावलाई दुर्बलताको द्योतकका रूपमा लिन सकिन्छ। यही परिभाषालाई आधार बनाउँदै नेपाल एवं दक्षिण-पूर्वी एसियाका केही देशमा आइसेट नेपाल र यसका सहयोगी संस्थाहरूले जलवायु परिवर्तनबाट पैदा हुने दुर्बलता पहिचान गर्ने विधिबारे अध्ययन-अनुसन्धान गरिरहेका छन्। सो अध्ययन खास क्षेत्रमा उपलब्ध प्रणालीहरू तथा त्यहाँ बस्ने सीमान्तीकृत समुदायको चरित्र र संस्थाहरूको विवरण सङ्कलन र त्यसको आधारमा दुर्बलता छुट्याउने विश्लेषणमा केन्द्रित रहेको छ। अध्ययनले खानेपानी, बिजुलीजस्ता आधारभूत प्रणालीका साथै सूचना, ब्याङ्किङजस्ता सेवाको उपलब्धताले व्यक्ति, घर एवं परिवारहरूलाई चुनौतीसँग जुध्ने सामर्थ्य र अवसर प्रदान गर्छ भन्ने अवधारणालाई आत्मसात् गरेको छ।

एउटा उदाहरण लिऔँ। नेपालको सबैभन्दा तल्ला प्रशासनिक/राजनीतिक इकाई गाविस र वडा हुन्। वडास्तरमा उपलब्ध सेवा प्रणालीहरू र तिनको स्तर विश्लेषण गरी कुन वडा बढी दुर्बल छ भन्ने थाहा पाउन सकिन्छ। तत्पश्चात् त्यहाँ बस्ने को बढी दुर्बल छ भन्ने विश्लेषण गर्न उपलब्ध विधिहरूको प्रयोग गाऱ्हो हुँदैन। जलवायु परिवर्तनको त्यहाँ कस्तो असर पर्छ भन्ने परिदृश्य तयार गरी दुर्बल परिवारलाई सबल बनाउने विधिलाई परिष्कृत गर्नु यो अध्ययनको उद्देश्य हो।

जलवायु परिवर्तनले सिर्जना गरेका दुर्बलता घटाउने क्रियाकलापहरू समाजको चरित्र, व्यवहार, विधि र रीतिस्थितिसित पनि जोडिन्छन्। मानवजाति प्राकृतिक रूपमा हुने जलवायु परिवर्तनसँग सधैँ नै अभ्यस्त रहँदै आएको छ। यो क्रममा अनुभवसिद्ध ज्ञान उपलब्ध छ। धेरैतिर स्थानीयस्तरमा अझै पनि त्यस्तो ज्ञानको प्रयोग हुन्छ। वैज्ञानिक युग आरम्भ भएपछि; प्रविधिको प्रयोगद्वारा चुनौतीहरूको समाधान हुन थाल्यो। तर विश्वका अर्बौं मान्छे अझै आधारभूत सेवाबाट वञ्चित छन्, दुर्बलताको चपेटामा छन्। अनुभवसिद्ध ज्ञान र प्राविधिक बाटाहरू मानवसिर्जित जलवायु परिवर्तनका दुर्बलता कम गर्न पूर्ण छैनन्। नयाँ विधि र तौरतरिका आवश्यक छन्। तर के हुन् नयाँ विधि? तिनको विकास कसरी गर्ने, कसले? कस्ता विकल्पहरूले वास्तवमै दुर्बलता कम गर्छ? छानिएको विकल्प नयाँ परिवेशमा उपयोगी हुन्छ कि हुँदैन? विकल्पले थप नकारात्मक असर गर्छ कि गर्दैन? यस्ता प्रश्नहरूको स्पष्ट उत्तर पहिल्याउनै बाँकी छ।

*(क्रमशः)*

# उमावि शिक्षाका दुईदशक

२०५७ सालमा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले विश्वविद्यालयहरूबाट प्रमाणपत्र तह खारेज गरी त्यसको सट्टा कक्षा ११ र १२ सञ्चालन गर्न सिफारिस गऱ्यो। तर २०४९ देखि नै नेपालमा उमाविहरू खुल्न थालिसकेका थिए। हाल देशभर उमाविहरूको सङ्ख्या ३१०० पुगेको छ, जसमध्ये २६०० सामुदायिक र ५०० संस्थागत (निजी) रहेका छन्। यी उमाविहरूमा अध्यापनरत करिब पाँच लाख ५० हजार विद्यार्थीलाई पढाउन ३५ हजार शिक्षक क्रियाशील छन्। रुण्डै दुईदशकदेखि सञ्चालित उमाविहरूलाई स्थायी सम्बन्धन दिने प्रक्रिया हालसम्म पनि शुरु हुन नसक्नु आफैँमा बिडम्वनापूर्ण छ। सरकारले स्थायी सम्बन्धनका लागि भनी भराएका फारम एवं भौचरहरू अहिले शिक्षा मन्त्रालयको कुन कुनामा छन् भनी आकलन गर्न पनि सकिँदैन। उमाविका लागि शिक्षक एवं कर्मचारीको दरबन्दी स्वीकृत गरी शिक्षामा समानुपातिक लगानी गर्ने दायित्वबाट सरकार टाढिँदै गएको छ।

राज्यले उमावि तहको शिक्षालाई कतिसम्म हेला गरेको छ भन्ने कुरा बुझ्न शिक्षामा गरिएको लगानीले स्पष्ट पार्दछ। राज्यले प्राविमा प्रति विद्यार्थी रु.३१६५, निमाविमा रु.४५६८, माविमा रु.४६१६ र उमाविमा प्रति विद्यार्थी रु.२६४ लगानी गरिरहेको छ। उच्च माविहरूको शैक्षिक प्रशासन र व्यवस्थापनलाई समयसापेक्ष वनाउन उच्च माध्यमिक परिषद् गठन त गरेको छ, तर यो निकाय कतिसम्म निकम्मा छ भने यसले आजसम्म उमाविमा अध्यापन गर्ने शिक्षकहरूलाई 'आफ्ना' शिक्षक बनाउन खोजेन जबकि, यसले सम्बन्धन दिने, पाठ्यक्रम बनाउने र परीक्षा लिने काम गरेर उमाविहरूमार्फत पर्याप्त रकम उठाएर खर्च गरिरहेको छ। २०६७/६८ सालदेखि प्रमाणपत्र तहमा त्रिभुवन विश्वविद्यालयले विद्यार्थी भर्ना बन्द गरेको छ। एसएलसी उत्तीर्ण हुने पूरै विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने जिम्मा उमाविमा आएको छ। तर पनि यो शिक्षाप्रति राज्यको बेवास्ता एवं लापरवाही पूर्ववत् छ। विद्यार्थी/अभिभावक चर्को शुल्कबाट आक्रान्त छन्। माविसम्म शुल्क तिर्न नसक्ने अभिभावक कसरी उमाविमा एकैपटक शुल्क तिर्न सक्षम हुन्छन्? यो प्रश्नमा राज्य पक्ष कहिल्यै घोत्लिएको पाईंदैन। एउटा औसत आकारको उमावि सञ्चालन गर्न सामान्यतया एकजना प्राचार्यसहित पाँचजना स्नातकोत्तर शिक्षकको आवश्यकता पर्दछ। अस्थायी स्वीकृति प्राप्त गर्नकै निम्ति पाँच जना स्नातकोत्तर शिक्षक विद्यालयमा हुनुपर्ने प्रावधान रहेको छ। तर यो प्रावधानको पालना कसैले पनि नगरेको कुरा परिषद्/शिक्षा मन्त्रालयलाई राम्ररी थाहा छ। योग्य शिक्षकको अभावकै कारण उमावि शिक्षा खस्कँदै गइरहेको छ। उता २०४९ सालदेखि हालसम्म उमाविमा अध्यापन गर्दै आएका शिक्षकहरूको दशा बिडम्वनापूर्ण छ। उनीहरूले यही उच्च मावि शिक्षालाई आशाको केन्द्र बनाए तर अहिले कपाल पाकिसकेको छ, उमेरले डाँडा काटिसकेको छ, अब उनीहरू कहाँ जाने? राज्यले नियुक्ति दिनसकेको छैन, विद्यालय व्यवस्थापन समितिले दिएको नियुक्ति कहिले आधिकारिक बन्ने? उमावि शिक्षाको अव्यवस्था र समस्याहरूलाई अब उमाविका हामी शिक्षकहरूले मात्र नभएर विद्यार्थी एवं अभिभावकहरूले पनि सम्बन्धित ठाउँमा आउनुपर्ने स्थिति आएको छ।

उमावि शिक्षकहरूको पेशागत हकहित र सुरक्षा गर्ने उद्देश्यले २०६० सालमा उच्च माध्यमिक शिक्षक एसोसिएसन नेपाल (हिसान)को गठन भएको हो। यस एसोसिएसनले स्थापनाकालदेखि नै चरणबद्ध कार्यक्रम एवं आन्दोलन गर्दै आइरहेको छ। यसै क्रममा २०६५ साल पुस महिनामा ११ दिने देशव्यापी उमावि बन्दको आन्दोलन गऱ्यो, जसको परिणामस्वरुप २०६५ साल पुस १४ गते 'हिस्टान' का प्रतिनिधि र शिक्षा मन्त्रालयबाट गठित वार्ता टोलीबीच आठबुँदे सहमति भयो। उक्त सहमतिको एउटा बुँदा– २०६६ साल साउन १ गतेबाट आधारभूत संरचना पूरा गरेका उमाविहरूलाई स्थायी दरबन्दी दिने भन्ने छ। तर यो सहमति आजसम्म कार्यान्वयन भएको छैन। यो सहमति कार्यान्वयन भइदिएको स्थितिमा धेरै उमाविहरूले राहतको सास फेर्न पाउँछन्। उच्च मावि शिक्षालाई नेपालका राजनीतिक पार्टीहरूले पनि बेवास्ता गर्ने गरेका छन्। 'हिस्टान'को आयोजनामा हुने कार्यक्रममा पार्टीका प्रतिनिधिहरूलाई निमन्त्रणा गर्दा सकभर नआउने र आइहाले पनि उमावि शिक्षाको बारेमा अनभिज्ञता प्रकट गर्ने गरेको पाइन्छ। एनेकपा (माओवादी), नेपाली काङ्ग्रेस एवं नेकपा (एमाले) लगायतले आफ्नो शासनकालमा उच्च मावि शिक्षाका बारेमा कुनै स्पष्ट नीति ल्याएको समेत पाईंदैन।

अन्त्यमा, खास गर्नुपर्ने कुरा के हो भने सर्वप्रथम राज्यले उच्च मावि शिक्षामा लगानी वृद्धि गर्नुपर्दछ, मावि जस्तै उमाविलाई पनि पूर्ण रूपमा नि:शुल्क गराउनुपर्दछ। अस्थायी स्वीकृत उमाविलाई स्थायी स्वीकृति प्रदान गर्नुपर्दछ र स्थायी स्वीकृत प्राप्त उमाविमा न्यूनतम पाँच वटा स्थायी दरबन्दीको व्यवस्था गर्नुपर्दछ। २०४९ सालदेखि नै अनुदान कोटामा नियुक्ति लिई शिक्षण गर्दै आएका उमाविका पूर्णकालीन शिक्षकहरूलाई दरबन्दी सिर्जना गरी उनीहरूको व्यवस्थापन गर्नुपर्दछ। तबमात्र नेपाली जनताले सर्वव्यापी शिक्षा, नि:शुल्क शिक्षा, अनिवार्य शिक्षा, सबैका लागि शिक्षा र शिक्षा मानवअधिकारको मर्मलाई महसुस गर्न पाउनेछन्।

**रमेश पन्त**
सदस्य, उच्च माध्यमिक शिक्षक एसोसिएसन नेपाल (हिस्टान)

# उदार कक्षोन्नतिको दुष्प्रभाव

विद्यालय तहको परीक्षा प्रणालीमा उदार कक्षोन्नति (Liberal Promotion) को अवधारणा कार्यान्वयनमा ल्याइएको छ। नीतिनिर्माण तहमा पुगेका नीतिनिर्माताहरूले पक्कै पनि यस अवधारणाको सकारात्मक पक्षलाई मात्रै हेरेर कार्यान्वयनमा ल्याएको जस्तो भान हुन्छ। वास्तवमा हेर्ने हो भने जति यसका सकारात्मक पक्ष छन् त्यसकै हाराहारीमा नकारात्मक पक्ष पनि छन्। उदार कक्षोन्नतिले विद्यालयको पढाइ स्तरमा, शैक्षिक गुणस्तरमा, विद्यार्थीको सिकाइ क्षमतामा र अभिभावकहरूको धारणामा असर पारेको छ। शहरी विद्यालयहरू, विद्यार्थीहरू र अभिभावकको यहाँ कुरा उल्लेख गर्नु आवश्यक छैन। किनकि ग्रामीण परिवेशमा र शहरी परिवेशमा प्रत्येक क्षेत्रमा भिन्नता रहेको छ। यहाँ उदार कक्षोन्नतिलाई गाउँस्तरका विद्यालय, विद्यार्थी, अभिभावक र बुद्धिजीवीहरूले शहरको भन्दा भिन्नै अर्थमा बुझेका छन् र यसको कार्यान्वयन पनि त्यसैगरी भइरहेको छ।

शहरभन्दा गाउँका विद्यार्थीहरू पढाइमा कमजोर हुनाका निम्न कारण छन्-

- गाउँमा शहरको जस्तो शैक्षिक वातावरण छैन
- गाउँका विद्यालयहरूमा शैक्षिक सामग्रीको अभाव छ
- अभिभावकहरू अशिक्षित छन्
- सरकारले शिक्षकहरूको पेशागत विकासमा ध्यान दिएको छैन
- कतिपय शिक्षकहरूमा शिक्षण कलाको अभाव छ
- न्यून पारिश्रमिकमा काम गर्नु परेको छ।

यी समस्यासँग शिक्षकले प्रत्येक दिन लड्दै मिहिनेत साथ शिक्षण गर्दछन् तर मूल्याङ्कन गर्ने समयमा विद्यार्थीको वास्तविक मूल्याङ्कन गर्न नपाइने भयो। उदार कक्षोन्नतिका आधारमा आधारभूत कुरा विद्यार्थीले सिके पनि नसिके पनि माथिल्लो कक्षामा चढाउनै पर्दछ। यस अवधारणाले विद्यार्थीहरूमा नपढे पनि पास भइन्छ किन पढ्नुपर्‍यो भन्ने धारणाको विकास भएको छ भने अभिभावकहरूले पनि ध्यान दिन छोडेका छन्। माथिल्ला कक्षामा अनुत्तीर्ण हुने विद्यार्थीहरू तल्ला कक्षाहरूमा फेल हुँदै आएका छन् भने माथिल्लो कक्षामा राम्रो गर्ने विद्यार्थीहरूको विषयगत जग सानै कक्षादेखि बलियो हुँदै आएको छ।

### यस्तो अवस्था किन आयो त ?

विद्यार्थीहरूले सिकाइका चरणबद्ध सिँढीहरू पार नगरी माथिल्ला कक्षाहरूमा पुग्नुमा कसलाई दोषी मान्ने ? अर्थात् यसको जिम्मेवार पक्ष कुन हो त ? यदि यो प्रश्नको जवाफ खोज्ने हो भने विद्यार्थीसित सम्बन्धित मानिसहरूको फरक-फरक जवाफ पाइन्छ–

**शिक्षा कार्यालयका अधिकारीहरूले सरकारी विद्यालयहरूका शिक्षक/प्रअहरूलाई विद्यार्थीहरू फेल नगर्न निर्देशन दिने गर्छन्। जसको फलस्वरुप आधारभूत कुरा नै नसिकेका विद्यार्थीहरूले एसएलसी वा टेष्टमा पुगेर असफलता व्यहोर्नु परेको छ।**

- उच्च ओहोदाका शिक्षा अधिकारीहरू विद्यार्थी अनुत्तीर्ण हुनुमा स्कूल र अभिभावकलाई जिम्मेवार ठान्छन्।
- प्रअ/शिक्षकहरू विद्यार्थीहरूले मिहिनेत नगरेको र अभिभावकले आफ्ना केटाकेटीहरूको पढाइप्रति चासो नदेखाएको जवाफ दिन्छन्।
- विद्यार्थीहरू आफ्नो दिमागलाई दोष दिन्छन्।

सरकारले उदार कक्षोन्नति कक्षा ३ सम्म लागू गर्नुपर्ने बताएको छ। तर कतिपय सरकारी विद्यालयहरूमा कक्षा १० सम्ममा नै लागू गरेको पाइन्छ। शिक्षा कार्यालयका अधिकारीहरूले सरकारी विद्यालयहरूका शिक्षक/प्रअहरूलाई विद्यार्थीहरू फेल नगर्न निर्देशन दिने गर्छन्। जसको फलस्वरुप आधारभूत कुरा नै नसिकेका विद्यार्थीहरूले एसएलसी वा टेष्टमा पुगेर असफलता व्यहोर्नु परेको छ।

गहिरिएर विश्लेषण गर्ने हो भने उदार कक्षोन्नति नीतिको दुरुपयोग भएको छ। उदार कक्षोन्नतिको अर्थ जान्ने/नजान्ने सबै विद्यार्थीहरूलाई कक्षा चढाउनु होइन, बरु कमजोर विद्यार्थीहरूलाई सिकाएर जान्ने बनाएर पास गर्नु हो। यस अर्थमा यसको प्रयोग भएको खण्डमा उदार कक्षोन्नति सबैका लागि फाइदाजनक सावित हुन्छ। उदार कक्षोन्नतिको आशय त तल्ला कक्षाका विद्यार्थीहरूलाई 'फेल' को बिल्ला लगाएर उनीहरूको आन्तरिक इच्छाशक्तिलाई घेराबन्दीमा पार्नुहुँदैन भन्ने मात्र हो। तर पढाउँदै नपढाऊ, विद्यार्थीहरूप्रति ध्यान नै नदेऊ, उनीहरूको वास्तविक मूल्याङ्कन नै नगर भन्ने चाहिँ पक्कै पनि होइन। सरकारी विद्यालयहरूमा विद्यमान यस्तो परिपाटी, सुधार गर्नु अति आवश्यक देखिन्छ। शिक्षक समाजको एक पथप्रदर्शक हो, समाजलाई अगाडि बढाउने कार्यमा बढी जिम्मेवार शिक्षक नै हुन्छ। तसर्थ शिक्षकले विद्यार्थीहरूलाई बानी लगाउन सक्छौं। यदि त्यस्तो नगर्ने हो भने त्यो हाम्रो पेशाको धर्मभन्दा फरक हुन्छ। यसबारेमा सबैले सोच्नुपर्ला कि ?

**पदमराज कलौनी**
विशालपुर मावि, विशालपुर, बैतडी

# योग्य शिक्षकहरू; कक्षा-१ लाई पढाऔं !

नेपाल सरकारले सकेको सहयोग गरेअनुसार सामुदायिक विद्यालयहरूको गुणस्तर माथि उठ्न नसकेको सर्वविदितै छ। यहाँनेर मेरो २० वर्षे शैक्षिक सत्रको अनुभवमा चुरो कुरा के पत्ता लाग्छ भने हाम्रो सरकारले दिने तालिम नयाँ नियुक्तिवाला शिक्षकलाई दिनुपर्‍यो न कि पेन्सनमा जाने बेलाकालाई। र, कतिपय तालिम पाएका शिक्षक पनि कक्षा १ मा प्रवेश नै गर्न नचाहने, तल्ला कक्षा हेरेमा २ कक्षाभन्दा माथिका छात्रछात्रालाई मात्र पठनपाठन गराउन खोज्ने, कतिपय प्रअहरू कक्षा १ मा जानै नचाहने भएको हुँदा कक्षा १ का विद्यार्थीहरूले पाठ्यक्रमले दिन खोजेका पाठ्यपुस्तकका पाठहरू सिक्नै नपाएर खाली क-का मात्र खारेर कक्षा २ मा प्रवेश गरेको हुँदा सामुदायिक विद्यालयको प्राथमिक शिक्षा खस्केको मेरो अनुभवले बताउँछ।

आदरणीय गुरुहरू;

आफू चाहिँ खुब राम्रो पढाउँछु भन्दोरहेछ भन्नुहोला। हाम्रो यस विद्यालयबाट प्राथमिक शिक्षा उत्तीर्ण गरी अन्य विद्यालयमा गई पढी एसएलसी गरेका राम्रा विद्यार्थी दुई-चार जनाले विशिष्ट श्रेणी र धेरैजसोले त प्रथम श्रेणीमा नै एसएलसी पास गरेका छन्। म आफू जहिले कक्षा १ मा पढाउन आत्मादेखि नै खुसी र सन्तुष्ट भई एक पिरियड दह्रोसँग लिने गर्दछु। यसले त हाम्रो मात्र दोष देखायो भन्नुहोला तर अभिभावकहरूको पनि गल्ती नभएको होइन। उहाँहरू आ-आफ्ना बालबालिकाको पठनपाठनबारे बुझ्न विद्यालयको मिटिङमा पनि नआउने, पढ्न खोज्ने बेलामा काम गराउन खोज्ने, नानीहरूले पढे/नपढेको यादै नगर्ने हुँदा हालको स्थिति देखा परेको हो। सामुदायिक विद्यालयका कक्षा २ देखि त विद्यार्थी आफैं पढ्नुपर्ने रहेछ भन्ने बुझ्ने बेलाका हुन्छन्; कारण उनीहरूको उमेर ८-१० वर्ष भएको हुन्छ। तर, देशकै अवस्थाले गर्दा हो कि, हामी शिक्षकले जस नपाउन हो– उनीहरू खेल्दा पनि माओवादी+आर्मी खेल्ने, बलबुताले भ्याएसम्म भिड्ने, कोहीसँग नडराउने, शिक्षकले गाली गर्दा पनि अररो हुने, अनुशासित हुनुपर्नेमा ४० प्रतिशत मात्र हुने, पाठहरू नपढ्ने, गृहकार्य पनि गर्न नचाहने हुँदै गएका छन्। यसैकारण खस्केको हो कि सार्वजनिक शिक्षाको स्तर ! अभिभावकले पनि चासो राखी दुई घण्टा आफ्ना नानीहरूलाई घरमा पढ्न आग्रह गराउने, आदरणीय प्रावि, निमावि तथा माविका गुरुहरूले पनि कक्षा १ मा सके प्रअहरू आफैंले एक पिरियड लिने समय नपुगे नियमित निरीक्षण गर्ने गरेमा सामुदायिक विद्यालयहरूको शैक्षिकस्तरले देशव्यापी हलचल मच्चाउने थियो। के हामी चोरेरै मात्र शिक्षक बनेका हौं त? के हामी निजी विद्यालयका शिक्षक गुणस्तरीय शिक्षा प्रदान गर्न सक्दैनौं? आदरणीय गुरुहरू कक्षा १ बाटै शुरु गरौं त पहिलो पिरियड !

**वासुदेव चौहान**
सिद्धेश्वर प्रावि, आँपबोट, फुलासी-५, रामेछाप



# शिक्षकको पत्र अभिभावकलाई

**प्रिय अभिभावकहरू;**

आराम छु। आराम चाहन्छु। आज म तपाईंहरूकै छोराछोरी पढ्ने विद्यालयको सानो कोठामा बसेर यो पत्र लेख्दैछु। पत्र पाउनुभयो भने एकचोटि अवश्य पढिदिनुहोला।

तपाईंको केही खबर तपाईंका छोराछोरीबाट थाहा पाएँ, पत्र लेखेको मितिसम्म सञ्चै हुनुहुँदोरहेछ। आर्थिक क्षेत्रतिर पनि राम्रै प्रगति गर्नुभएछ। खुसी लाग्यो। तर तपाईं एक वर्ष जति भयो विद्यालयमा नआएको। किन आउनुभएन यसबारे भने केही थाहा पाएको छैन। फुर्सद नै भएन कि? कसैप्रति दु:ख लागेर हो कि? स्कूलको वास्ता लाग्न छोडेर हो कि? एकचोटि आइदिनुभए यसबारे छलफल गर्ने धोको थियो। तपाईंको प्रतीक्षामा बसिरहनेछु।

तपाईंलाई एउटा कुरा सम्झाऊँ भनेर यो पत्र लेख्न बसेको हुँ। तपाईं रात-दिन मिहिनेत गरेर सम्पत्ति कमाउन लाग्नुभएको छ; यो नराम्रो कुरा हैन। तर योसँगै, आफ्ना छोराछोरीको निमित्त के लगानी गर्नुभयो? छोराछोरीले विद्यालयमा केही सिकिरहेका छन् अथवा छैनन् कहिल्यै सोच्नुभएको छ? रातभरि बस्ने घर त छोराछोरीलाई बनाउनुभयो; दिनभरि बस्ने विद्यालयको बारेमा नि! सोच्नुस् त– यदि ओढ्ने-ओछ्याउने कपडा छैन भने सुतिरहेका बेला सुत्ने ठाउँमा पानी खस्यो भने तपाईंको निद्रामा कस्तो असर पर्छ? यदि तपाईंका छोराछोरीले पढ्ने विद्यालयको छाना त्यस्तै पानी खस्ने छ भने, बस्ने बेन्च छैन भने कस्तो वातावरण बन्ला? कसरी असल सिकाइ रहला? तपाईंका छोराछोरीको भविष्य के होला?

तपाईंले कमाउने हरेक आम्दानीमा तपाईंको छोराछोरीको अंश लाग्छ। जसरी तपाईंले घर बनाउनुभयो। खेत किन्नुभयो। अति आवश्यक खर्च गर्नुभयो। त्यसैगरी छोराछोरीको भविष्यको लागि पनि थोरै लगानी गर्ने सोच बनाउनु राम्रो हुन्छ। त्यो लगानी भनेको पैसा नै हुनुपर्दैन; समय, वास्ता, चासो देखाउनु पनि लगानी नै हो। छोराछोरीको बारे अहिले नै विचार पुऱ्याउनुभएन भने तपाईंले वर्षौं वर्ष लागेर कमाएको सम्पत्ति एक घण्टामै नष्ट गर्ने खालका छोराछोरी पनि बन्न सक्छन्। त्यो बेला तपाईं हाम्रो हालत के होला? त्यसकारण तपाईंले आफ्ना छोराछोरीका हरेक पाइला-पाइलामा ध्यान पुऱ्याउनैपर्छ। सकारात्मक वातावरण सिर्जना गरी भोलि तपाईंको घरको विकासमा मात्र होइन देश विकास गर्ने भावना भएको इमानदार छोराछोरी बनाउने वातावरण सिर्जना गर्नुपर्छ। यसको लागि विद्यालय परिवार सहकार्य गर्न तयार रहेको अवगत गराउँदै यस्तै कुराकानी भेटमा गर्ने आशाका साथ पत्रबाट बिदा माग्दछु। धन्यवाद!

**पदमबहादुर कठायत**
नारायण निमावि, तिलेपाटा-१, दैलेख

---




# बलम्बु फेरि सर्वोत्कृष्ट


प्रमोद

२०६७ सालको सामुदायिक विद्यालयतर्फको सर्वोत्कृष्ट पुरस्कार काठमाडौंको बलम्बु माविले पाएको छ। राष्ट्रिय शिक्षा दिवसका अवसरमा २२ भदौमा आयोजित कार्यक्रममा नगद रु.२ लाख, शिल्ड, ध्वजा र प्रमाणपत्रसहित बलम्बुलाई राष्ट्रिय पुरस्कार प्रदान गरिएको हो।

बलम्बुले राष्ट्रिय पुरस्कार पाएको यो दोस्रो अवसर हो। २०६५ मा पनि यो सर्वोत्कृष्ट विद्यालय घोषित भएको थियो। यसले २०६०, २०६१ र २०६६ सालमा सामुदायिकतर्फको क्षेत्रीय पुरस्कार प्राप्त गरेको थियो। शिक्षा मन्त्रालयले एसएलसी परीक्षाको नतिजा र विद्यालयको अन्य नतिजाको मूल्याङ्कनका आधारमा सर्वोत्कृष्ट विद्यालयलाई राष्ट्रिय पुरस्कार प्रदान गर्ने गर्छ। बलम्बुले अघिल्लो वर्ष ५८ विद्यार्थीलाई एसएलसीमा सम्मिलित गराएर १४ विशिष्ट र ४५ जना प्रथम श्रेणीसहित शतप्रतिशत नतिजा निकालेको थियो।

यस्तै, क्षेत्रीयस्तरमा उत्कृष्ट ठहरिएका पाँच विद्यालयमा पूर्वाञ्चलबाट उदयपुर, रुपाटारस्थित श्री मावि, मध्यमाञ्चलकबाट काठमाडौंको तरुण मावि, पश्चिमाञ्चलबाट तनहुँको सत्यवती उमावि, मध्यपश्चिमाञ्चलबाट कालीकोट, रातिमाटास्थित शान्ति मावि र सुदूरपश्चिमाञ्चलबाट भाङ्सैन बझाङको चन्द्रोदय मावि छन्। कालीकोट रुप्साको जनता माविलाई दुर्गम क्षेत्रको उत्कृष्ट विद्यालय पुरस्कार प्रदान गरिएको छ। क्षेत्रीय र दुर्गम पुरस्कारको राशी रु.१ लाख, शिल्ड र प्रमाणपत्र छ।

संस्थागततर्फ ललितपुर, धापाखेलस्थित जेम्स स्कूलले रु.२ लाखसहित सर्वोत्कृष्ट विद्यालयको पुरस्कार पाएको छ। क्षेत्रीय पुरस्कार पाउने संस्थागत विद्यालयमा मोरङ, विराटनगरस्थित बालकल्याण विद्यामन्दिर मावि, काठमाडौं, स्वयम्भूको दी एक्सेल्सियर आवासीय मावि, रुपन्देही, बुटवलको न्यू होराइजन इङ्लिश बोर्डिङ स्कूल, दाङ, घोराहीस्थित जनज्योति विद्यामन्दिर र कैलाली, धनगढीस्थित स्टेपिङ स्टोन बोर्डिङ स्कूल छन्।

राष्ट्रिय शिक्षा दिवस, २०६८ कै अवसरमा सामुदायिक विद्यालयका २४५ र संस्थागत विद्यालयका १५ जना शिक्षकलाई पुरस्कृत गरिएको शिक्षा मन्त्रालयले जनाएको छ।

# 'बेरुजु देखाएर तलब रोकियो'

काठमाडौंको धुम्रवराह माविकी पूर्व प्रअ तथा प्रावि शिक्षक पुष्पलक्ष्मी शाहले ६ वर्षदेखि तलब पाएकी छैनन्। शाहले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनबहादुर विष्ट र प्रअ सुजाता राजलवटको मिलेमतोमा फागुन २०६२ देखि आफ्नो तलब रोकिएको आरोप लगाएकी छन्। जिशिका काठमाडौंले चाहिँ शाहको सबै तलब विद्यालयको खातामा पठाएको छ। शाहले तलब नपाए पनि पढाउन भने छाडेकी छैनन्।

धुम्रवराह माविको तलब विवाद अख्तियार दुरुपयोग अनुसन्धान आयोग, शिक्षा मन्त्रालय र जिशिका काठमाडौंसम्म पुगेर पनि समाधान हुनसकेको छैन्। शाह प्रअ हुँदा निक्लिएको रु.६४ हजार बेरुजु फछ्र्यौट नभएकाले तलब रोकिएको स्कूल प्रशासनको भनाइ छ। आफ्नो नाममा षडयन्त्रपूर्वक बेरुजु निकालेर तलब नदिएको शाहको कथन छ। प्रअ सुजाता राजलवट बेरुजु नकटाई तलब दिने पक्षमा छैनन्। उनले भनिन्, "पुष्पा मिसले बद्मासी गरेको थाहा छैन। तर, बेरुजु देखिएपछि मिनाहा गर्न सकिँदैन।" व्यवस्थापन समितिका अध्यक्ष विष्टको भनाइ पनि यस्तै छ। उनले भने, "बेरुजु कटाएर मात्र तलब दिइन्छ।"

तलबबाट बञ्चित शिक्षक पुष्पलक्ष्मी शाह भने आफू बेरुजु कटाएर तलब बुझ्ने पक्षमा छैनन्। उनले भनिन्, "मैले एक पैसा खाएको छैन, मलाई लेखा परीक्षणमा फसाइएको छ। त्यसैले आफूले नचलाएको पैसा तिर्न म तयार छैन। मलाई पूरै तलब चाहिन्छ, कटाउन पाइँदैन।" काठमाडौंकी विनि चन्द्रा थापा पनि शाहले गल्ती गरेको नदेखिएको बताउँछिन्। थापाले भनिन्, "मेरो कार्यक्षेत्रको विद्यालयमा भएको विवाद मिलाएर तलब दिन मैले धेरै पटक भनेँ, कोशिश गरेँ। तर, मेरो केही सीप लागेन।'

# शिक्षकको योग्यता बढाउन नयाँ कोर्ष !

**शिक्षण** सेवामा रहेर माथिल्लो शैक्षिक योग्यता हासिल गर्न उत्सुक शिक्षकका लागि नयाँ अवसरको ढोका खुल्न लागेको छ। त्यस्ता शिक्षकलाई लक्षित गरी त्रिवि शिक्षाशास्त्र सङ्कायले आउँदो वर्षदेखि लागू गर्ने गरी बी.एड. र एम.एड.को विशेष पाठ्यक्रम तयार पार्न थालेको छ।





त्रिविले शिक्षा विभाग अन्तर्गतको शैक्षिक जनशक्ति विकास केन्द्रसँगको सहकार्यमा नयाँ पाठ्यक्रम बनाउन लागेको हो। विद्यालय क्षेत्र सुधार योजना (एसएसआरपी)ले तोकेअनुरुप शिक्षकलाई योग्यता बढाउने अवसर प्रदान गर्न यस्तो कार्यक्रम ल्याउन जरुरी ठानिएको हो। एसएसआरपीले माध्यमिक तह (कक्षा ९-१२)का निम्ति शैक्षिक योग्यता एम.एड. निर्धारण गरेको छ। त्यस्तै, आधारभूत तह (कक्षा १-८)का निम्ति आई.एड. सरह योग्यता भए पनि निम्नमाध्यमिक तहको प्रअ हुन बी.एड. गरेको हुनुपर्छ।

शैक्षिक जनशक्ति विकास केन्द्रका उपनिर्देशक शिवकुमार सापकोटाका अनुसार, आई.एड. वा सो सरह तथा बी.एड. वा सो सरह उत्तीर्ण शिक्षकले क्रमशः बी.एड. र एम.एड. पढ्न पाउनेछन्। प्रारम्भिक चरणमा स्थायी दरबन्दीमा कार्यरत शिक्षकहरू प्राथमिकतामा पर्नेछन्। तर, यो कार्यक्रम त्रिविको नियमित शैक्षिक संरचनाभन्दा भिन्न खालको हुनेछ। बी.एड. र एम.एड.को पाठ्यवस्तु क्रमशः पाँच र चार वर्षको हुने र सेमेष्टर प्रणाली (६-६ महिना)मा चल्ने बताइएको छ। यसमा 'फेस टु फेस' कक्षा सञ्चालनको अंश कम हुनेछ। दूर शिक्षा, स्वाध्यायन, अनुसन्धानात्मक कार्य जस्ता क्रियाकलाप बढी हुनेछन्। उपनिर्देशक सापकोटाको भनाइमा "यो कोर्स बढी अभ्यासमुखी हुनेछ। यसले योग्यता बढाउनुका साथै शिक्षकको शिक्षण सीपलाई पनि सुधार्ने प्रयत्न गर्नेछ।" केन्द्रको तथ्याङ्क अनुसार, हाल माध्यमिक तहको दरबन्दीमा कार्यरत शिक्षकमध्ये ७० प्रतिशतले एम.एड. गरेका छैनन्।

शिक्षाशास्त्र सङ्कायका डीन प्रा.डा. प्रकाशमान श्रेष्ठका अनुसार, बी.एड.को पाठ्य संरचना तयार भइसकेको र एम.एड.को संरचना तयारीको क्रममा छ। उनले भने, "यस वर्ष पाठ्यक्रम तयार गरेर आउँदो वर्षदेखि विशेष पाठ्यक्रमको पढाइ सञ्चालन गर्ने तयारीमा छौं।" पहिलो वर्ष 'पाइलट प्रोजेक्ट'को रूपमा ४-५ ठाउँमा मात्रै यो कार्यक्रम चलाइएको छ। विशेष पाठ्यक्रमअन्तर्गत ऐच्छिक विषयका रूपमा नेपाली, सामाजिक अध्ययन, अङ्ग्रेजी, गणित, विज्ञान र जनसङ्ख्या लगायतका विषयहरू हुनेछन्।

---

समाचार

# शिक्षामा रु.६ अर्ब बेरुजु

**महालेखा** परीक्षकको कार्यालयले शिक्षा मन्त्रालय मातहतका निकायको आर्थिक वर्ष २०६६/६७ सम्मको बेरुजु रु.६ अर्ब ८ करोड देखाएको छ। ठूलो रकम बेरुजु निक्लिएपछि विश्व ब्याङ्कलगायतका दातृ संस्थाहरूले शिक्षा मन्त्रालयलाई बेरुजु फछ्र्यौट गर्न पत्राचार गरेका छन्।

यो बेरुजुको ठूलो हिस्सा विद्यालयको भौतिक पूर्वाधार निर्माणको खर्चमा देखिएको छ। विद्यालय भवन, कक्षा-कोठा तथा शौचालय निर्माणको बजेट दुरुपयोग भएको, कतै भवन नबनेको, कतै भवन बनेको तर त्यसको हिसाब मिलान तथा कार्यक्रम प्रतिवेदन नबुझाइएको, भवन जाँचपास नगरिएको आदि कारणले बेरुजु पैदा भएको देखिन्छ। शिक्षा विभागको लेखा शाखाका उपसचिव कुमार अधिकारीका अनुसार बेरुजु देखिएका जिल्लामा एउटै काममा दोहोरो निकासा गरिएको, फ्रिज गर्नुपर्ने रकम जिल्ला शिक्षा कोषमा जम्मा गरेर दुरुपयोग गरेको समेत पाइएको छ। "ठूलो रकम बेरुजु देखिँदा हाम्रो छवि धमिलिएको छ। दातृ निकायले पनि प्रश्न उठाएका छन् र समाधान गर्न हामीलाई दबाब दिएका छन्", उपसचिव अधिकारीले भने।

धेरै बेरुजु तराईका जिल्लामा रहेको छ। सबैभन्दा बढी बेरुजु देखिएको महोत्तरी जिशिकाको अङ्क रु.३०.२९ करोड छ। त्यस्तै सप्तरीको रु.२७.२७ करोड, बाराको रु.२६.९१ करोड, धनुषाको रु.२३.२३ करोड, सिन्धुलीको रु.२१.४७ करोड, सुनसरीको रु.२२.५८ करोड, काठमाडौंको रु.२०.८३ करोड, पर्साको रु.१९.९३ करोड, काभ्रेको रु.१३.२८ करोड, मोरङको रु.९.६ करोड र धनकुटाको रु.७.६ करोड बेरुजु पाइएको छ।

विभागले बेरुजुको मुद्दा गम्भीर बनेपछि शिक्षा विभागले सहसचिव मुरारीबहादुर कार्कीको अध्यक्षतामा अनुगमन समिति बनाएर बेरुजु फर्स्यौट अभियान शुरु गरेको छ। समितिले बेरुजु फर्स्यौट गर्दा दोहोरो निकासा, बढी निकासा, अनियमितता र हिनामिना गरिएका घटनामा रकम असुल गर्न शुरुमा शिक्षा मन्त्रालय र विभागले प्रयास गर्ने केही नलागेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र केन्द्रीय तहसिल कार्यालय समेतको सहयोग लिने नीति तर्जुमा गरेको छ।

# हाटले बिथोल्दैन स्कूल

**नेपाल** सरकारको नियम अनुसार देशभरिका सरकारी स्कूल शनिबार बन्द हुन्छन्। तर, यो नियम खोटाङका दक्षिणी क्षेत्रका रुण्डै आधा दर्जन विद्यालयमा लागू हुँदैन। ती स्कूल शनिबार पनि खुल्लै हुन्छन्। छितापोखरीस्थित रोसाभन्याङ प्रावि, छोरम्बुको याङ्शोला मावि, बतासेस्थित जनता मावि र राम्चे निकेतन निमावि इजाराले सोमबार सार्वजनिक बिदा लिने गरेका छन् भने शनिबार स्कूल खोल्ने गरेका छन्। किनभने सप्तेश्वर छितापोखरीस्थित पञ्चमीमा सोमबार हटिया लाग्ने भएकाले अभिभावकहरूले यस्तो नियम बनाएका हुन्। हाटले विद्यार्थीको पढाइ बिथोल्ने भएकाले शनिबारको सट्टा अरू दिन बिदा लिएर पठनपाठन सञ्चालन गरेको याङ्शोला माविका शिक्षक देवीकुमार राईले बताए।

जिल्लाको ग्रामीण क्षेत्रमा चलेको सिम्पानी क्याम्पसमा पनि शनिबार पठनपाठन हुन्छ। विद्यार्थीको हितमा अभिभावकले नै यस्तो नियम बनाएको क्याम्पसका प्राचार्य राजन ढकालले बताए। प्राचार्य ढकालले भने, "विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शनिबार विद्यालय खुलाउन थालिएको हो। क्याम्पसछेउमा बिहिबार हटिया लाग्ने भएकाले शनिबारको सार्वजनिक बिदा बिहिबार दिने गरिएको छ।

**सइन्द्र राई**/खोटाङ

# ७ सय कोटा फ्रिज

**जिशिकाहरूले** तोकिएको अवधिमा वितरण गर्न नसकेका करिब सय राहत शिक्षक कोटा फ्रिज भएका छन्। शिक्षा *विभागले १० असार २०६७ पछि वितरण* गर्न बाँकी रहेका राहत कोटा फ्रिज गर्न निर्देशन दिएको छ र उक्त अवधिपछि वितरण भएका राहत कोटाको निकासा नदिने चेतावनी जिशिअहरूलाई दिएको छ।

शिक्षा विभागका बजेट तथा कार्यक्रम शाखाका उपनिर्देशक दीपक शर्माले जिशिकाहरूले विभिन्न कारणले वितरण गर्न नसकेका करिब सात सय राहत कोट फ्रिज गरिएको बताए। उनले तोकिएको अवधिभन्दा पछि राहत कोटा वितरण गरिएको पाइएमा त्यस्ता कोटाका निम्ति तलब निकासा नगरिने जनाए। विभागका निर्देशक कमलप्रसाद पोखरेलले भने, "वितरण हुन बाँकी रहेको राहत कोटा रद्द गर्न हामीले सबै जिशिकालाई निर्देशन दिएका छौं। कोटा बाँकी भए क्यान्सिल गर्नुपर्छ, वितरण गर्न पाइन्नँ।"

मोरङ तथा कपिलवस्तु जिशिकाले आफूसँग केही राहत कोटा बाँकी रहेकाले वितरण गर्न विभागसँग अनुमति मागेपछि जिशिकाहरूले राहत कोटा लुकाएर राखेको रहस्य खुलेको हो।

# नपढाउने शिक्षकलाई अवकाश


**मध्यमाञ्चल** क्षेत्रीय शिक्षा निर्देशनालयले काठमाडौंको मनोहर उमाविमा नपढाई तलब खाइरहेका शिक्षक शम्भु केसीलाई १ असार २०६८ देखि स्कूलमा गयल भएको समयदेखि लागू हुने गरी अवकाश दिएको छ। केसी साउन २०६७ देखि विद्यालयमा गयल थिए भने चार वर्षअघिदेखि नियमित थिएनन्। विद्यालयमा नियमित नभए पनि हाजिर गरेर शम्भुले तलब लिने गरेको विस्तृत विवरण *शिक्षक* मासिकले २०६७ असोजमा प्रकाशित गरेको थियो। प्रावितहका स्थायी शिक्षक केसी निमाविदरबन्दीमा कार्यरत थिए।

उक्त उमाविका प्रअ नर्मदेश्वरी सत्यालले शम्भु केसीसँग तीन वर्षको अवधिमा आठ पटक स्पष्टीकरण लिएकी थिइन्। मध्यमाञ्चल क्षेशिनिले अवकाश दिएपछि केसी विद्यालयको सम्पर्कमा नआएको प्रअ सत्यालले बताइन्।

स्कूलमा अनुपस्थित भएका कारण चारपटक स्पष्टीकरण सोधिएका विजय केसी शम्भुलाई अवकाश दिइएपछि नियमित रूपमा विद्यालय आएर पढाउन थालेका छन् भने विज्ञान शिक्षक ईश्वर पण्डितको कक्षाबाट भाग्ने प्रवृत्ति उस्तै छ। यी दुई शिक्षकका बारेमा पनि *शिक्षक* ले उक्त रिपोर्टमा विस्तृत चर्चा गरेको थियो।

*शिक्षक* मासिकले नपढाई तलब खाने शिक्षकका बारेमा रिपोर्ट प्रकाशित गरेपछि शिक्षा विभागले सबै जिशिकाहरूलाई स्कूलमा हाजिर मात्रै गरेर भाग्ने, आफ्नो सट्टामा खेताला राखेर आफू ठेक्कापट्टा आदिमा लाग्ने शिक्षकको खोजी गरेर कारबाही गर्न निर्देशन दिएको थियो। सोही अनुसार जिल्लाले काम गरिरहेको विभागका निर्देशक कमलप्रसाद पोखरेलले बताए। उनले थपे, "नपढाई तलब खाने र खेताला राखेर आफू अरू काममा लाग्ने शिक्षकले छुट पाउँदैनन्। जिल्लाहरूले कारबाही गरेको जानकारी विभागमा आइरहेको छ।"

स्थायी भएर पनि विद्यालयमा नपढाउने मकवानपुरका सात जना शिक्षकलाई अवकाश दिन जिशिका मकवानपुरले ७ भदौ २०६८ मा *गोरखापत्र* मा सूचना जारी गरेको छ।

# रिपोर्ट

**श्रवणकुमार देव,** सप्तरीमा

















१. बाब डिहवार राप्राविमा २६ भदौमा अनुगमन टोलीलाई देखाउन अर्को विद्यालय र टोलबाट ल्याइएका बालबालिका।
२. एकता प्रावि
३. पब्लिक सरस्वती राप्रावि
४. जनता राप्रावि
५. विषहरिया-७ स्थित राप्रावि, भेल्ही
६. दुर्गामाता राप्रावि
७. विद्यालय नभेटिएको
८. विद्यालय नभेटिएको

तस्विरहरू: श्रवणकुमार देव













# एउटा गाविसमा एकै वर्ष ८ नयाँ प्रावि

**सप्तरीको** विषहरिया-२ स्थित एक नदीछेउमा गाईको गोठजस्तो देखिने दुईकोठे छाप्रो बनाइएको छ, जसको अघिल्तिर *'पब्लिक सरस्वती प्रावि'* लेखिएको बोर्ड झुण्ड्याइएको छ। सोही गाविसको वडा नम्बर ५, पिपराही टोलमा *जनता राप्रावि* को बोर्ड देखिन्छ।

यस्तै, विषहरियाको वडा नम्बर ७ र ८ मा पनि फुसले छाइएका यस्तै छाप्रा छन् जुन क्रमश: *राप्रावि भेल्ही* र *दुर्गा राप्रावि* को नामले चिनिन्छन्। तर, विद्यालयको बोर्ड चाहिँ देखिँदैन। सोही गाविसको वडा नम्बर २ को एउटा छाप्रोमा *बाबा डिहवार राप्रावि* र वडा नं. ८ मा *एकता राप्रावि* को बोर्ड झुण्ड्याइएका छन्।




रबिन सायमि

यी ६ वटै विद्यालयले जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट २०६७ मा अनुमति पाएको देखिन्छ। त्यही साल अनुमति पाएको वडा नम्बर १ स्थित *'दमावती राप्रावि'* र वडानम्बर ६ को *जनता राप्रावि भेल्ही* को चाहिँ छाप्रो समेत छैन। सो वडामा २०१७ सालमा स्थापित पुरानो *दमावती राप्रावि* मात्रै अस्तित्वमा देखिन्छ। यहाँको हविगत हेर्दा यी विद्यालयहरू सरकारी अनुदान हात पारेर आफ्ना मान्छेलाई शिक्षकको जागिर खुवाउने उद्देश्यले मात्रै खोलिएको स्पष्ट हुन्छ।

शत्रुघनप्रसाद यादव जिशिअ हुँदा २०६७ मा यी विद्यालयलाई सञ्चालन अनुमति दिइएको थियो। यादव अहिले महोत्तरी जिशिकामा छन्। यादव भन्छन्, "विषहरियामा विद्यालय थप्नुपर्ने धेरै माग आएपछि हामीले त्यहाँ अनुगमन गर्‍यौं। विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय नपुग्ने देखेरै अनुमति दिइएको थियो।"

तर, एक वर्ष चलिसकेका ती विद्यालयको अवस्था हेर्दा त्यहाँ आवश्यकता परेरै ८/८ वटा स्कूल खोलिएका हुन् भनेर पत्याउन कठिन हुन्छ। *शिक्षक* प्रतिनिधि २०-२१ भदौमा त्यहाँ पुग्दा छाप्रारुपी सबै विद्यालयहरू बन्द अवस्थामा थिए। शिक्षक-विद्यार्थी थिएनन्। जबकि आठमध्ये ६ विद्यालयले जिशिकामा पठाएको *फ्लास रिपोर्ट* मा विद्यार्थीको सङ्ख्या ६५९ उल्लेख छ। *बाबा डिहवार* र *दमावती* ले त जिशिकामा विद्यार्थी विवरण दिएका छैनन्।

२६ भदौको अर्को अनुगमनमा ६ वटा विद्यालयमा केही बालबालिका भेटिए। पछि थाहा भयो, तीमध्ये केही विद्यार्थीहरू पुरानो विद्यालयका र केहीका चाहिँ गाउँमा खेलिरहेका केटाकेटी थिए। वडा नम्बर ५ स्थित *राप्रावि भेल्ही* बाट *बाबा डिहवार* मा ६ छात्र लगिएका थिए। तीमध्येका एक सुब्बालाल यादवले भने, "हाम्रो स्कूल त यहाँ होइन। वडा नम्बर ५ मा छ।"

भाडामा विद्यार्थी ल्याउनुको पनि कारण छ। त्यस दिन जिशिअ डोलराज पाण्डेको टोली ती विद्यालयको निरीक्षण गर्न आउन लागेको पूर्व सूचना थियो। ती विद्यालयको निरीक्षण गरेपछि जिशिअ पाण्डेले भने, "कार्यालयमा पठाएको रेकर्ड अनुसार कुनै विद्यालयले पनि विद्यार्थी सङ्ख्या देखाउन सकेनन्। सरकारी अनुदान हात पार्न र केही जागिरका निम्ति विद्यालय दर्ता गरिएको रहेछ। यसले त बर्बाद पार्छ।"

दर्ता भएको पहिलो वर्षमै आठवटै विद्यालयले पाठ्यपुस्तक, छात्रवृत्तिलगायतका शीर्षकमा रु.३८ हजारका दरले अनुदान पाएका छन्। जिशिकाका अनुसार, आ.व. २०६७/६८ मा विषहरियाका नयाँ र पुराना गरी १४ विद्यालयलाई रु.८४ लाख सरकारी अनुदान गएको छ। तर, उक्त गाविसका थुप्रै बालबालिका गाई/भैंसी चराइरहेका र खेलिरहेका भेटिन्छन्। उक्त गाविसको जनसङ्ख्या लगभग आठ हजार देखाइएको छ।

छाप्रामा खोलिएका 'नयाँ विद्यालय'ले भवन निर्माण र शिक्षक दरबन्दीको माग गर्दै जिशिकामा निवेदन दिएका छन्। एकता प्राविका प्रअ महेश देव भन्छन्, "विद्यालय चलाउने अनुमति दिएपछि सबै व्यवस्था शिक्षा कार्यालयले गर्नुपर्छ। नभए किन दर्ता गरियो?"

शिक्षा नियमावली, २०५९ अनुसार विद्यालयको अनुमति दिनुपूर्व विद्यालय भवन, फर्निचर, खेलकुद सामग्री, खानेपानी, शौचालय, विद्यालयको प्रस्तावित वार्षिक आम्दानी र आम्दानी स्रोतको सुनिश्चितता हुनुपर्छ। तर, ती आठ विद्यालयलाई कुनै पूर्वाधार बिना नै जिशिकाले अनुमति दिएको देखिन्छ। जिशिका, सप्तरीका एक कर्मचारी भन्छन्, "तत्कालीन जिशिअले राजनीतिक दबाबमा परेर एकाएक अनुमतिको निर्णय गरेका हुन्।" ती विद्यालयका अवस्थाबारे थप अनुगमन र

छानबिन गर्ने जानकारी जिशिअ डोलराज पाण्डेले दिएका छन् ।

### आफ्नालाई जागिर !

छाप्रामा खोलिएका नयाँ विद्यालयमा व्यवस्थापन समितिका अध्यक्षले आफन्तहरूलाई शिक्षक राखेका छन् । ७ नं. वडाको *राप्रावि* को व्यवस्थापन समितिका अध्यक्ष जयराम यादवले आफ्ना भाइ हरेराम यादवलाई प्रअ नियुक्त गरेका छन् । खेतमा छाप्रो बनाएपछि कक्षा एकको अनुमति पाएका यादव दाजुभाइले तीनसम्म कक्षा चलाइएको बताएका छन् ।

त्यस्तै विषहरिया-२ को *बाबा डिहवार राप्रावि* का अध्यक्ष रामदेव मण्डलले भतिजा महेश मण्डललाई प्रअ बनाएका छन्। अर्का शिक्षक रामअवतार मण्डल पनि रामदेवकै आफन्त हुन् । सोही वडामा रहेको *पब्लिक सरस्वती राप्रावि* का अध्यक्ष राजेन्द्र दासले आफन्त पर्ने प्रीति दासलाई प्रअ बनाएका छन्। शिक्षा नियमावली अनुसार विद्यालयमा सरकारी अनुदान प्राप्त गर्न प्रअ र अध्यक्षको नाममा खाता सञ्चालन गर्नुपर्ने भएका कारण नयाँ विद्यालय खोल्नेहरूले यस्तो तरिका अपनाएको देखिन्छ ।



**२६ भदौको विद्यालय समयमा बाटोमा खेल्दै विषहरियाका बालबालिका ।**

वडा नं. ५ को *जनता राप्रावि* का अध्यक्ष लक्ष्मण यादव र प्रअ शत्रुघन यादव हुन्। यी दाजुभाइ हुन्। वडा नम्बर ८ को *दुर्गामाता राप्रावि* का अध्यक्ष तरुण दलका जिल्ला अध्यक्ष अनिल देव हुन् भने प्रअ उनका आफन्त अर्चना देव । *दुर्गामाता राप्रावि* देखि डेढ सय मिटरको दूरीमा रहेको *एकता राप्रावि* का अध्यक्ष लक्ष्मीलाल देव र प्रधानाध्यापक महेश देव पनि नातेदार हुन्।

विषहरिया गाविसका पुराना स्कूल महावीर मावि, राप्रावि भेल्ही, दमावती राप्रावि, जनता राप्रावि, राप्रावि सिंग्यौन, राप्रावि भेल्ही र मावती राप्रावि हुन् ।

त्यस्तै, नयाँ स्कूल दुर्गामाता राप्रावि (वडा नं. ८), राप्रावि विषहरिया भेल्ही (वडा नं. ७), जनता राप्रावि भेल्ही (वडा नं. ६), बाब डिहवार राप्रावि (वडा नं. २), पब्लिक सरस्वती प्रावि (वडा नं. २), एकता राप्रावि (वडा नं. ८), दमावती राप्रावि (वडा नं. १) र जनता राप्रावि पिपराही (वडा नं. ५) छन् ।


वातावरण पत्रकारिताका २५ वर्ष

आँखीझ्याल भिडियो पत्रिका
सामुदायिक रेडियो सहयोग केन्द्र
मिडिया ट्रेनिङ सेन्टर
जनवकालत तथा पैरवी
दिगो विकासका लागि सञ्जाल

निगरानी कार्यक्रमः
जलवायु परिवर्तन, सहरी वातावरण,
वन र वन्यजन्तु, सिमसार, विषादी, पर्यटन

नेपाल वातावरण पत्रकार समूह
दिगोपनको लागि पत्रकारिता

हरपल तपाईंकै साथ दैनिक १८ घण्टा
हालचाल सधैं १५ मिनेट अगाडि
विहानः ८:४५ र ११:४५, दिउँसोः ४:४५, साँझ ६:४५ र ९:४५
पत्रपत्रिका, डबली, लुकामारी, नयाँ पुस्ता,
खुल्ला मञ्च, लोक भाका, रेडियो कुराकानी,
आजका कुरा, संगीत आकाश,
ट्राफिक अपडेट विहान ८ देखि बेलुका ८ बजे सम्म
बीबीसी नेपाली सेवा हरेक बेलुका ८:४५
सचेतना रेडियो कार्यक्रम शनिवार विहान ७ बजे
उहिले बाजेका पालामा हरेक सोमवार साँझ ७:३०

रेडियो सगरमाथा एफ.एम. १०२ थोप्लो ४ मेगाहर्ज
नेपाली रेडियो, नेपाली आवाज

25 years
Journalism for Sustainability

थापाथली, काठमाडौं
फोनः ०१-४२६१९९१,
फ्याक्सः ०१-४२६१११९,
ईमेलः nefej@mos.com.np
वेभः www.nefej.org

बखुण्डोल हाईट, ललितपुर
फोनः ०१-५५२८०९१,
फ्याक्सः ०१-५५३०२२७,
ईमेलः info@radiosagarmatha.org
वेभः www.radiosagarmatha.org

102.4
रेडियो सगरमाथा

दस्तावेज

# क्षेशिनि र जिशिकालाई शिक्षा विभागको निर्देशन

**शिक्षा विभागले जिल्लास्तरबाट सम्पन्न हुने चालु आर्थिक वर्षको शिक्षासम्बन्धी वार्षिक कार्यक्रमलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्न यही भदौ २९ गते जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयहरूलाई ३८ बुँदे निर्देशन जारी गरेको छ। सबै जिल्लाका शिक्षा अधिकारीहरू र क्षेत्रीय शिक्षा निर्देशकहरूको तीनदिने गोष्ठी(१६–१८ भदौ)मा जिशिअ र क्षेशिनिहरूले उठाएका प्रश्नहरूलाई सम्बोधन गर्न र साउनदेखि शुरु भएको नयाँ आर्थिक वर्षको कार्यक्रमलाई सफलताका साथ कार्यान्वयन गराउन यो निर्देशन दिनुपरेको शिक्षा विभागका महानिर्देशक महाश्रम शर्माले *शिक्षक* लाई बताएका छन्।**

**निर्देशनमा मुख्य रूपमा यस वर्ष जिल्लामा गएको शिक्षासम्बन्धी कार्यक्रम र बजेटलाई सार्वजनिक गर्न विशेष जोड दिइएको छ।**

**विद्यालयका प्रअ, व्यवस्थापन समिति र शिक्षकहरूलाई समेत उपयोगी हुने देखेर उक्त निर्देशनलाई जस्ताको जस्तै यहाँ प्रकाशित गरिएको छः**

"१. चालु आर्थिक वर्षका सबै कार्यक्रम कार्यान्वयन गर्दा शिक्षा विभागबाट उपलब्ध गराइएको स्वीकृत कार्यक्रमको चौमासिक विभाजन कार्यक्रम कार्यान्वयन पुस्तिका, स्वीकृत *नर्म्स,* प्राप्त अख्तियारी र त्यससम्बन्धी निर्देशन समेतलाई ध्यानमा राखी तोकिएको बजेट र समयसीमालाई विशेष ख्याल गरी कार्यान्वयन गर्ने/गराउने व्यवस्था गर्ने।

२. जिल्ला शिक्षा कार्यालयहरूले जिल्लामा प्राप्त हुने वार्षिक कार्यक्रम तथा बजेट शुरुमै विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक गर्ने व्यवस्था समेत मिलाई जिशिकामा कार्यरत कर्मचारीहरू, जिल्लामा कार्यरत स्रोतव्यक्तिहरू, शिक्षकका प्रतिनिधिमूलक संघसंस्थाका प्रतिनिधिहरू, जिल्लामा कार्यरत पत्रकारहरूका प्रतिनिधिमूलक संघसंस्थाहरू, जिल्ला विकास समिति र महिला विकास कार्यालयका प्रमुख/प्रतिनिधि, जिल्लामा उपलब्ध दलित, आदिवासी, मधेशी, अपाङ्ग आदिसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरू, गाविस/नपाका प्रतिनिधिहरू र स्थानीयस्तरमा शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरू समेतको सहभागितामा २०६८ **असोज मसान्तसम्ममा वार्षिक कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।**

३. चालु आर्थिक वर्षका स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारी समयमा नै प्राप्त भए/नभएको विषयमा सबै जिल्ला शिक्षा कार्यालयहरूले यकिन गर्ने र प्राप्त हुननसकेको देखिएमा शिक्षा विभागमा जानकारी गराउने। चालु आर्थिक वर्षबाट बजेट उपशीर्षकहरू परिवर्तन भएको अवस्था छ। विगत वर्षहरूमा पूँजीगत खर्च शीर्षकमा परेको विद्यालयको भौतिक पूर्वाधार सम्बन्धी अनुदान यस आर्थिक वर्षदेखि चालु खर्च शीर्षकबाट दिइने व्यवस्था गरिएको छ। नयाँ खर्च शीर्षकबारे परिचित हुने र यसको कार्यान्वयनमा समस्या पर्न गएमा जिल्लाहरूले क्षेत्रीय शिक्षा निर्देशनालयमार्फत शिक्षा विभागमा जानकारी गराउने। **एउटा शीर्षकमा विनियोजन भएको रकम अर्को शीर्षकमा खर्च नगर्ने, स्वीकृत *नर्म्स* को परिधिभित्र रहेर स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रक्रियाहरू पूरा गरेर मात्र खर्च लेख्ने व्यवस्था मिलाउने र कुनै पनि कारण वा वहानामा जिल्ला शिक्षा समितिको खातामा रकम 'ट्रान्सफर' नगर्ने।**

४. शिक्षा विभागबाट स्वीकृत कार्यक्रम र अख्तियारी प्राप्त गरिसकेपछि जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा अधिकारी, कार्यक्रम हेर्ने अधिकृत, अन्य अधिकृतहरू, लेखा तथा अन्य शाखामा काम गर्ने कर्मचारीहरूको संयुक्त सहभागितामा कार्यक्रम सम्बन्धमा छलफल गरी कार्यक्रम कार्यान्वयनको कार्ययोजना, खरीद योजना र अनुगमन योजना तयार गर्ने। कार्ययोजनामा कुन क्रियाकलाप कहिले गर्ने, कसको जिम्मेवारीमा सञ्चालन गर्ने, कार्यढाँचा के के हुने र अनुगमन सूचक के-के हुने जस्ता पक्षहरू समावेश गर्ने। क्षेत्रीय शिक्षा निर्देशनालयहरूले जिल्लाद्वारा तयार पारिएका योजनामा आधारित भएर आफ्नो अनुगमन योजना समेत तयार गरी २०६८ असोज मसान्तभित्र शिक्षा विभाग कार्यक्रम तथा बजेट शाखामा आइपुग्ने गरी पठाउने।

५. **कार्यक्रम अनुगमन योजना स्रोतकेन्द्रस्तर र विद्यालयस्तरमा पनि छुट्टाछुट्टै तयार गर्न लगाउने। विद्यालयको अनुगमन योजना अनुरूप कार्य भए नभएको अनुगमन गर्ने जिम्मेवारी स्रोतकेन्द्रको, स्रोतकेन्द्रबाट सम्पादन हुने कार्यक्रमको अनुगमन**

**गर्ने जिम्मेवारी जिल्ला शिक्षा कार्यालयको र जिल्ला शिक्षा कार्यालयबाट सम्पादन हुने कार्यक्रमहरूको अनुगमन क्षेत्रीय शिक्षा निर्देशनालयबाट हुने भएकाले प्रत्येक तहको कार्यान्वयन योजना र अनुगमन योजना आफूभन्दा माथिल्लो तहमा अनिवार्य रूपमा पठाउने व्यवस्था मिलाउने।**

**६.** स्रोतव्यक्ति नियुक्तिसम्बन्धी निर्देशिका, विद्यालय गाभ्ने (School Merge)सम्बन्धी निर्देशिका, क्षमता अभिवृद्धि योजनाको राष्ट्रिय प्रारूप, विद्यालय सुधार योजनासम्बन्धी परिमार्जित पुस्तिकाको प्रथम चौमासिकभित्र नै जिल्लाहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। उल्लिखित विषयसँग सम्बन्धित कार्यक्रमहरू प्राप्त निर्देशिकाबमोजिम सञ्चालन गर्ने/गराउने।

**७.** प्रत्येक जिल्ला शिक्षा कार्यालयले शिक्षा विभागमा पठाइएको प्रगति विवरणसँग भिड्ने गरी तयार गरिएको मासिक आम्दानी तथा खर्चको फाँटवारी जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय र सोको वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS Database)मा समयमा नै इन्ट्री नभएमा वित्तीय अनुगमन प्रतिवेदन (Financial Monitoring Report) तयार गर्न समस्या पर्ने भएकाले अनिवार्य रूपमा प्रत्येक महिनाको ७ गतेभित्र नै पठाई अद्यावधिक गर्ने व्यवस्था मिलाउने।

**८. स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना, खरीद योजना र अनुगमन योजना बमोजिमको कार्यान्वयन अवस्थाको मासिक रूपमा कार्यालय तहमा प्रगति समीक्षा गर्ने र मासिक प्रगतिका मुख्य बुँदाहरू क्षेत्रीय शिक्षा निर्देशनालयमा तत्काल छिटो साधनबाट पठाउने।** निर्देशनालयले प्रत्येक महिनाको बजेट वक्तव्यमा उल्लेख भएका बुँदाहरूको कार्यान्वयन अवस्थाको समेत समीक्षा गरी अर्को महिनाको ४ गतेभित्र शिक्षा विभाग अनुगमन शाखामा पुग्ने गरी मुख्य-मुख्य प्रगति विवरणहरू पठाउने। प्रत्येक चौमासिकमा भएको खर्चको विवरण विद्यालय तथा स्रोतकेन्द्रबाट समयमा नै लिने व्यवस्था मिलाई समयमा नै कार्यालय तहमा समीक्षा गर्ने। चौमासिक प्रगति महिना बितेको ७ दिनभित्र स्वीकृत कार्यक्रम ढाँचामा कम्पोनेन्ट र बजेट उपशीर्षक तथा खर्च शीर्षक समेत खुल्ने गरी तयार गरेर माथिल्ला सबै निकायहरूमा पठाउने।

**९. आर्थिक वर्ष २०६८/६९ को खर्च गर्ने अख्तियारीमा पहिलो प्राथमिकता प्राप्त आयोजनालाई भौतिक प्रगतिका आधारमा निकासा दिने व्यवस्था कायमै राखिएको, स्वीकृत कार्यक्रमको ठेक्कापट्टा सम्झौता २०६८ कात्तिक मसान्तभित्र सम्पन्न गरिसक्नु पर्ने व्यवस्था गरेको, विद्यालयमा कार्यरत शिक्षकहरूको तलब, भत्ता र ग्रेड रकम यकिन गरेर मात्र निकासा दिन निर्देश गरेको, ग्रेड पुरस्कार दिन तथा शिक्षकको तलबभत्तामा विनियोजन भएको रकमबाट शिक्षकहरूको सञ्चित बिदा, औषधिउपचार वापतको खर्चमा भुक्तानी गर्न नपाइने व्यवस्था गरेको, पुस महिनापछि निकासा दिँदा दातृसंस्थालाई आयोजना लेखा समेत बुझाएको प्रमाण पेश गर्नुपर्ने व्यवस्था गरेको, वैशाख लागेपछि ४० प्रतिशतभन्दा बढी र असार लागेपछि २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाइने व्यवस्था गरेको, कर्णालीलगायत अन्य १२ जिल्लामा पनि असार महिनामा नै रकम फ्रिज हुने व्यवस्था गरेको, ५ करोडभन्दा बढीको कार्यक्रम सम्पन्न भएपछि त्यसको प्रभावको लैङ्गिक विश्लेषण गर्नुपर्ने व्यवस्था गरेको, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वापतको अनुदान, भौतिक पूर्वाधार निर्माण र सुधारका लागि दिइने अनुदान, छात्रा शौचालय निर्माण अनुदान, शिक्षक अनुदान, प्रति विद्यार्थी एकाइ लागत लगायतका सबै प्रकारका विद्यालयहरूमा दिइएको अनुदान वापतको खर्चको विवरण प्रकाशन र सार्वजनिक गरी पारदर्शी बनाउनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ। सो नगर्दा वित्तीय अनुशासन उल्लङ्घन गरिएको ठहर हुने भएकाले सोबमोजिमको व्यवस्था मिलाउन पर्याप्त ध्यान पुऱ्याउने।**

**१०.** बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको पारिश्रमिक वृद्धिको विषयलाई लिएर कतिपय जिल्लामा ज्ञापनपत्र दिने, तालाबन्दीका कार्यक्रमहरू अगाडि सार्नेसम्मका अवस्था देखिएको सन्दर्भमा सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धिका लागि शिक्षा मन्त्रालय र अर्थ मन्त्रालयबीच आवश्यक बजेट व्यवस्थाको लागि छलफल भइरहेकाले यस विषयमा पछि थप निर्णय भई नआएसम्मका लागि हाललाई साविककै दरमा पारिश्रमिक वितरण गर्ने र अर्थ मन्त्रालयबाट निर्णय भई आएपछि वृद्धि भएको पारिश्रमिक रकम पठाइनेछ। हाललाई जिल्ला तहमा छलफल र अन्तरक्रियाद्वारा तात्कालीन समस्या समाधानका लागि प्रयास गर्ने।

**११.** बाल विकास केन्द्रको स्थापना र सञ्चालनमा स्थानीय निकायको साझेदारी र सहकार्यका लागि समन्वयमा प्रभावकारिता ल्याउन जिल्ला विकाससँग प्रभावकारी समन्वय राख्ने। बाल विकास केन्द्रको समग्र व्यवस्थापन प्रभावकारी हुन नसकेको अवस्थामा यसमा सुधार गर्न विद्यालय नक्साङ्कनमा बाल विकास केन्द्रलाई पनि समेट्ने र नजिकैको विद्यालय पहिचान गरी उक्त विद्यालयसँग आवद्ध गर्ने।

**१२.** नयाँ बाल विकास केन्द्रको स्थापनाका लागि लक्षित सीमान्तकृत र बाल विकास केन्द्रको पहुँच नपुगेका समुदायको पहिचान गरी जिल्लाहरूको समग्र बाल विकास केन्द्रको अवस्था सहितको विवरण २०६८ कात्तिक १५ गतेभित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूले पठाइसक्ने। यसरी विवरण पठाउँदा बाल विकास केन्द्र स्थापना गर्न अति आवश्यक देखिएका विशेष लक्षित क्षेत्रहरू पहिचान गरी अधिकतम १० वटासम्म स्थानहरू प्राथमिकताका आधारमा सूचीकृत गरी पठाउने। जिल्लाहरूबाट प्राप्त विवरण र कार्यक्रमको कुल कोटाको परिधिभित्र रही नयाँ स्थापना हुने बाल विकास केन्द्रको जिल्लागत बाँडफाँड शिक्षा विभागबाट गरी दोस्रो चौमासिकमा पठाइनेछ। प्राप्त कोटाअनुसारका बाल विकास केन्द्रहरू २०६९ वैशाखको शैक्षिक सत्रबाट सञ्चालन हुने गरी व्यवस्था मिलाउने।

**१३. गत आ.व.मा अनिवार्य शिक्षा लागू भएका वा अनिवार्य शिक्षा घोषणा भएका सबै गाविसहरूको गाउँ शिक्षा योजनाको एकप्रति** Hard / Soft copy **गत आ.व.मा गाविसमा पठाएको बजेटबाट सम्पादान भएका कार्यहरू, प्राप्त उपलब्धिको संक्षिप्त प्रतिवेदन शिक्षा विभागमा पठाउने। प्रत्यक स्रोतकेन्द्र**

## दस्तावेज

**अन्तर्गतका गविसमध्ये एक गाविसलाई अनिवार्य शिक्षाको अभ्यासलाई निरन्तरता दिने।** गत आ.व.मा सम्पादन भएका कार्यप्रगति समेतका आधारमा गाउँ शिक्षा योजना बनाउने, सबै विद्यालयको विद्यालय सुधार योजना (SIP) अद्यावधिक गर्ने र यसको नतिजा आगामी वर्षको जिल्लागत वार्षिक रणनीतिक योजनामा प्रतिबिम्बित गर्ने।

**१४.** सामुदायिक विद्यालयहरूले आधारभुत तहमा अङ्ग्रेजी माध्यमबाट पढाउने प्रयोजनका लागि शुल्क लिन पाउनुपर्ने तर्क कतिपय विद्यालयहरूले दिइरहेको अवस्था देखिएकाले यो तहमा सामुदायिक विद्यालयमा शुल्क लिन नपाउने प्रस्ट कानुनी व्यवस्था रहेकाले जुन माध्यमबाट पढाए पनि शुल्क लिन नपाउने विषयमा विद्यालयलाई स्पष्ट निर्देशन दिने।

**१५.** एकीकृत माध्यमिक शिक्षा (कक्षा ९-१२) को परीक्षण अन्तर्गत विद्यालय तहमा एक प्रधानाध्यापक, एक व्यवस्थापन समिति, एकीकृत लेखाप्रणाली, एउटै शैक्षिक क्यालेण्डर र एउटै विद्यालय सुधार योजनाको प्रयोगलाई जोड दिइएको छ। हाल सञ्चालनमा रहेका परीक्षण कार्यक्रमका नतिजाका आधारमा माध्यमिक शिक्षा (कक्षा ९-१२) पुन:संरचना देशव्यापी रूपमा क्रमश: २०६९ देखि कार्यान्वयनमा ल्याउनुपर्ने भएकाले सम्बन्धित जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयहरूले यसका अनुभवहरूको नियमित/मासिक रिपोर्टिङ गर्ने।

**१६.** चालु आर्थिक वर्षको बजेट वक्तव्यमा कक्षा १२ सम्म देशभरका सबै बालिका र दलितहरूलाई नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने भन्ने उल्लेख भएकोमा तत्काल नि:शुल्क पढ्न पाउनुपर्ने भनी केही जिल्लामा जिल्ला शिक्षा कार्यालयमा प्रदर्शन, घेराउ र तालाबन्दी समेत भएको अवस्था देखिएकाले बजेट वक्तव्यमा उल्लेख भएबमोजिमको व्यवस्था मिलाउन आवश्यक बजेट व्यवस्था, लागु हुने शैक्षिक सत्रको निर्धारण र तयारीका लागि लाग्ने समय समेतलाई विचार गरी सर्वसाधारणमा सकभर भ्रम सिर्जना हुन नदिने।

**१७. शिक्षकको पेशागत विकासका लागि तयार पारिएको शिक्षक विकास योजना** (Teacher Professional Development- TPD) **को तालिम खाका शिक्षक जुन तहमा जुन विषय पढाउँछ त्यसैका लागि लक्षित गरेर बनाइएको हुनाले यस्ता तालिममा सहभागीहरूको छनोट गर्दा शिक्षकको पदाधिकार भन्दा पनि पढाइरहेको विषय र तह हेरेर छनोट गर्ने।** मातृभाषमा शिक्षक तालिमको लागि कार्यक्रममा नै व्यवस्था गरिएको र प्राथमिक तहमा कार्यरत शिक्षकहरूका लागि अंग्रेजी भाषाको तालिम मागको आधारमा सञ्चालन गरिने हुनाले स्वीकृत बजेट र कार्यक्रमको परिधिभित्र रही जिल्लाको मागलाई सम्बोधन गर्ने।

**१८. विद्यार्थी नै नभएर बन्द हुने अवस्थामा पुगेका सामुदायिक विद्यालयका शिक्षकहरूलाई अन्यत्र विद्यालयमा सरुवा गर्ने। शिक्षक दरबन्दी मिलान सम्बन्धी यसअघिकै परिपत्रबमोजिम काम सम्पन्न गर्ने र गाविसभित्र दरबन्दी मिलान गर्ने सोचलाई पहिले प्राथमिकताका साथ कार्यान्वयन गर्ने।** जिल्ला शिक्षा कार्यालयहरूले गाविसभित्र दरबन्दी मिलान भइसकेका गाविसहरूको नामनामेसी सूचीकृत गरी क्षेत्रीय शिक्षा निर्देशनालयमार्फत शिक्षा विभागमा पठाउने।

**१९. चालु आर्थिक वर्षमा शिक्षकको तलबभत्ता विनियोजित रकम नपुग हुने भए विवरण यकिन गरी २०६८ पुस मसान्तभित्र जिल्ला शिक्षा कार्यालयहरूले अनिवार्य रूपमा शिक्षा विभागमा आइपुग्ने गरी पठाइसक्नुपर्नेछ।** यसका लागि गत आर्थिक वर्षमा तयार पारिएको शिक्षकहरूको नामनामेसीसहितको विवरणलाई समेत अद्यावधिक गरी पठाउने। साथै २०६८ साउन १ देखि २०६९ असार मसान्तसम्म उमेरका कारणले अनिवार्य अवकाश पाउने शिक्षकहरूको नामनामेसी विवरण खोली क्षेशिनिमा पठाउने।

**२०. राहत शिक्षकको हकमा नियुक्ति भएको मितिसमेत यकिन हुने गरी नामनामेसीसहितको विवरण तयार गरी शिक्षा विभागको वि.व्य.शाखा (प्रा.)मा पठाउने र त्यस्ता शिक्षकलाई तलब निकासा दिंदा सोही तहको तृतीय श्रेणीले पाउने आधारभूत तलबस्केलबमोजिम हुनआउने रकम निकासा दिने व्यवस्था मिलाउने।**

**२१.** नगरपालिका भित्र र जिल्ला सदरमुकाममा अवस्थित विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता बैंकमार्फत भुक्तानी दिन जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विद्यालयहरूलाई निर्देशन दिने तथा ब्याङ्किङ सुविधा भएका अन्य स्थानका विद्यालयहरूलाई पनि सो कार्य गर्न प्रोत्साहन गर्ने। यसको कार्यान्वयनको अवस्थाबारे प्रथम चौमासिकको प्रगति प्रतिवेदनमा उल्लेख गरी पठाउने।

**२२.** विद्यालय क्षेत्र सुधार कार्यक्रमको अवधारणा अनुरुप शिक्षा मन्त्रालयद्वारा तयार पारिएको क्षमता अभिवृद्धि योजनाको राष्ट्रिय प्रारुपमा आधारित क्षमता विकासका कार्यक्रमहरू समेटिने गरी सबै सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना अद्यावधिक गर्ने र कार्यान्वयन गराउने।

**२३.** जिल्लाहरूमा कक्षा ११ र १२ मा विज्ञान विषय पढाइहुने विद्यालयहरूको विवरण, निर्वाचन क्षेत्रगत रूपमा सघन सहयोगका लागि छनोट भएका माध्यमिक/उच्च माध्यमिक विद्यालयहरूको संचालनको अवस्थाको विवरण जिल्ला र क्षेत्रले अद्यावधिक गरी पठाउने।

**२४. विद्यालय तहसम्म गएका अनुदानहरू खासगरी भौतिक निर्माण, पाठ्यपुस्तक, छात्रवृत्ति, पीसीएफलगायतका रकमहरूको पारदर्शी ढङ्गले वितरण र सही सदुपयोग भयो कि भएन भनेर स्रोतकेन्द्र र जिल्लातहबाट गरिने अनुगमनलाई प्रभावकारी बनाउने।**

**२५. प्रत्येक विद्यालय निरीक्षक र स्रोतव्यक्तिले गर्ने अनुगमन सुपरीवेक्षणको योजना बनाई अनुगमन गर्ने/गराउने व्यवस्था मिलाउने र सोको कार्यान्वयन अवस्थाबारे जिल्ला शिक्षा अधिकारीले क्षेत्रीय शिक्षा निर्देशनालयलाई आफ्नो**

**रायसहितको प्रगति विवरण पठाउने।**

२६. **आगामी २०६८ चैत महिनामा शैक्षिक तथ्याङ्क दोस्रो (Flash II) भराउँदा शिक्षकहरूको विवरण र विद्यालयको न्यूनतम सिकाइ वातावरण (Minimum Enabling Conditions)को सर्भे पनि गराउनुपर्ने भएकाले शिक्षा विभागले सो सम्बन्धित सूचक तयार गरी समयमै जिल्लाहरूमा पठाउने व्यवस्था मिलाउने र जिल्लाहरूले त्यसको कार्यान्वयनमा प्राथमिकता दिने।**

२७. **तथ्याङ्क ढाँट्ने र झूठो विवरण दिनेलाई भ्रष्टाचारकै अभियोग सरह कानुनी कारबाही गर्ने सुझावहरू पनि प्राप्त भएका छन्। त्यसैले विद्यालयबाट भरिएका शैक्षिक तथ्याङ्कहरू स्रोतव्यक्ति र विद्यालय निरीक्षकबाट प्रमाणित गर्दा नै सजग रहन निर्देशन दिने र कुनै विद्यालयको अघिल्लो तथ्याङ्क विवरणभन्दा आधारभूत रूपमा फरक देखिएमा विशेष ध्यान दिने।**

२८. **बेरुजु फछ्र्योट कार्यलाई उच्च प्राथमिकता दिने।** मलेप प्रतिवेदनले औंल्याएका बढी निकासा, दोहोरो निकासाका सन्दर्भमा विद्यालयबाट सो रकम फिर्ता गराउने काम चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्रै गरिसक्ने। यसरी निकासा गएका विद्यालयले रकम फिर्ता नगरेमा ती विद्यालयहरूको निकासा रोक्का गर्ने, फिर्ता गराएको रकमको बैंक भौचरको प्रतिलिपिसहितको विवरण क्षेशिनि र शिक्षा विभागमा पेश गर्ने। गत आर्थिक वर्षको अन्त्यमा फ्रिज हुने रकम जिल्ला शिक्षा समितिको खातामा वा अन्य खातामा 'ट्रान्सफर' गरी राखिएको अवस्था भएका जिल्लाहरूले त्यस्तो रकमहरू बढीमा २०६८ भदौ मसान्तभित्र अनिवार्य रूपमा क १ (६) बेरुजु खातामा जम्मा गरी सो जम्मा गरिएको प्रमाण क्षेशिनिमा पेश गर्ने र क्षेशिनिले विभागलाई उपलब्ध गराउने। जिल्लाहरूले बेरुजु फछ्र्योटको मासिक योजना बनाई कार्य गर्ने र उक्त मासिक योजना अनुरुप कार्य भए/नभएको क्षेशिनिले अनुगमन गर्ने।

२९. विद्यालय भवन निर्माण, कक्षाकोठा निर्माण र शौचालय निर्माणका लागि छनोट भएका विद्यालयहरूको सूचीमा परिमार्जन गर्न अत्यावश्यक देखिएमा असोज मसान्तभित्र गरिसक्ने र शिक्षा विभाग भौतिक सेवा शाखामा जानकारी गराउने। शिक्षा विभागले उक्त विद्यालयहरूको विवरण वेब साइटमा राख्ने, जिल्ला शिक्षा कार्यालयहरूले ती विवरण वेब साइटमा राखे/नराखेको यकिन गरी २०६८ कात्तिक मसान्तसम्म विद्यालयहरूसँग सम्झौता अनिवार्य रूपमा गरिसक्नुपर्ने।

३०. जिल्लाका कर्मचारी विवरण अद्यावधिक गर्ने र जिल्लामा रिक्त दरबन्दी यकिन गरी नियमानुसार पदपूर्तिको लागि लोकसेवा आयोग तथा विभाग एवं मन्त्रालयमा पठाउने।

३१. लक्षित कार्यक्रम अन्तर्गत मुक्त कम्लहरी भनेर तोकिएका थारू समुदायका मुक्त बालिका र किशोरी मात्र भएकाले यसमा अन्योल आउन नदिने। यससम्बन्धी निर्देशिका असोज भित्रै बनाई जारी गर्न शिक्षा मन्त्रालय र शिक्षा विभागले पहल गर्ने। सो निर्देशिका प्राप्त नभएसम्मका लागि साविककै व्यवस्थाबमोजिम काम गर्ने व्यवस्था मिलाउने। द्वन्द्व पीडित बालबालिकालाई प्रदान गरिने छात्रवृत्ति जिल्लाभित्र पढिरहेका विद्यार्थीहरूलाई विद्यालयमार्फत उपलब्ध गराउने। यससम्बन्धी निर्देशिकामा सर्वसाधारणका छोराछोरीले यस्तो छात्रवृत्ति पाउनेबारे प्रस्ट व्यवस्था भएकाले सोभन्दा भिन्न ढङ्गले जिल्लाको परिवेश अनुसार भन्दै व्याख्या गरेर काम नगर्ने/नगराउने।

३२. **पाठ्यपुस्तक अंग्रेजी वा नेपाली जुन भाषामा भए पनि एउटै मूल्यमा किन्न पाउने व्यवस्था बारे निर्णय भइसकेको छ।** मातृभाषाका पाठ्यपुस्तकहरू विद्यालयमा पढाइ हुने ऐच्छिक विषयको सेटभित्र पर्छ भने त्यसलाई विद्यालयमा पाठ्यपुस्तकका लागि दिइएको रकमबाट व्यवस्था गर्न सकिन्छ भन्ने विषयमा विद्यालयहरूलाई भ्रम नपर्ने गरी निर्देशन दिने।

३३. दुई वा दुईभन्दा बढी विद्यालय एकीकरण भएपश्चात् कायम नरहेको विद्यालयको सम्पत्ति स्रोतकेन्द्र, सामुदायिक अध्ययन केन्द्र र बालविकास केन्द्रलाई दिन आवश्यक देखिएमा त्यस्ता संस्थाले प्रयोग गर्ने व्यवस्था मिलाउने। विद्यालय समायोजन गर्नुपर्ने कारणबारे आम जनचेतनाका लागि सार्वजनिक बहस चलाउने एवम् सञ्चारमाध्यमको परिचालन गर्ने।

३४. **विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ जिल्लाहरूमा पठाइसकिएको छ। उक्त निर्देशिका अनुसार जिल्लास्तरीय संयोजन समिति गठन गर्ने र विद्यालयलाई शान्ति क्षेत्र बनाउनका लागि विद्यालय परिवार र समुदायले पालना गर्नुपर्ने आचारसंहिता उनीहरूकै सहभागितामा निर्माण गरी कार्यान्वयन गर्ने तथा निर्देशिकाले निर्दिष्ट गरेअनुसारका क्रियाकलाप सञ्चालन गर्न सबै विद्यालयहरूलाई निर्देशन दिने।**

३५. सार्वजनिक खरिद ऐन तथा आर्थिक ऐन/नियमको अधिनमा रही वस्तु तथा सेवा खरिद गर्ने, आर्थिक वर्षको अन्त्यमा खाता बन्द नियमानुसार गर्ने, खर्च गर्ने, लेखा राख्ने आदि वित्तीय विषयहरू सम्बन्धमा आर्थिक ऐन/नियम तथा सार्वजनिक खरिद ऐनमा उल्लिखित कार्यविधि अनिवार्य रूपमा अपनाउने।

३६. लेखा परीक्षणको समयमा प्रमाणित बिल भर्पाई, सक्कल बिल भौचर प्रस्तुत गरी परीक्षण कार्य सम्पन्न गराउने।

३७. विद्यालय भवन, कक्षाकोठा, शौचालय तथा भौतिक निर्माणसम्बन्धी कार्यहरू सम्पन्न भएपश्चात् गर्नुपर्ने कार्य सम्पन्न प्रतिवेदन तयार गरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएबमोजिम सम्बन्धित व्यक्तिहरूबाट प्रमाणित गराई लेखा परीक्षणको बखत पेश गर्नुपर्नेमा सो कार्य हुननसकेको कारणले बेरुजु कायम हुनआएकाले कार्यसम्पन्न प्रतिवेदन भराई सम्बन्धित व्यक्तिहरूबाट प्रमाणित गराई बेरुजु सम्परीक्षण गराउने।

३८. महालेखा परीक्षकको कार्यालयबाट जिल्लामा डोर खटिई आएका बखत सकेसम्म बढी प्रमाण जुटाई, असुल गर्नुपर्ने बेरुजु असुल गरी सम्परीक्षण गराउने।"

रिपोर्ट विद्यालय व्यवस्थापन समिति

**प्रमोद आयाम,** जनकपुरमा

# लूटकै अखडा ठानिन थाले

**नेतृत्वका लागि हुने विवादका कारण धनुषा र महोत्तरीका आधाभन्दा बढी विद्यालयमा व्यवस्थापन समिति गठन हुनसकेका छैनन्। विवादै विवादले समिति गठन नभएका बेला जिल्ला शिक्षा समिति पदाधिकारी छनोटको ढाँचा नबनाइदिँदा बढी समस्या थपिएको छ।**

धनुषा, बरकुरवास्थित श्री उमाविमा चार वर्षदेखि विद्यालय व्यवस्थापन समिति छैन। प्रअ बेचन यादवका अनुसार, समिति गठनका लागि ६ पटक अभिभावक भेला डाकिसकिएको छ। तर समिति गठन हुने त परै रह्यो, कैयौं पटक भेलाको माइन्युट समेत च्यातियो। पदका लागि कतिसम्म मरिहत्ते चल्दोरहेछ भने दुई वर्षअघि डाकिएको भेलामा अध्यक्षका लागि ३२ जनाको उम्मेदवारी परेको थियो। व्यवस्थापन समिति नहुँदा रिक्त दुई दरबन्दीमा शिक्षक भर्ना समेत हुन नसकेको प्रअ यादव बताउँछन्।

दुई वर्षदेखि व्यवस्थापन समिति रिक्त रहेको धनुषाकै निमावि इच्छापुरमा पनि दुई-तीन पटक समिति गठनको प्रयास भइसक्यो। तर अध्यक्ष पदमा दलकै नेताहरूबीचको हानथापका कारण गठन गर्न नसकिएको प्रअ ब्रह्मदेव यादवको भनाइ छ। उनी भन्छन्, "सहमतिमा नभए पनि चुनावै गराउन खोज्दा पनि वातावरण भएन। एकपटक त गोली नै चल्ने अवस्था सिर्जना भयो। धन्न 'कन्ट्रोल' गरियो।"

महोत्तरी, सोनमास्थित सरस्वती उमाविमा २०६२ सालमा सुनिल यादवको अध्यक्षतामा सर्वसम्मतिबाटै व्यवस्थापन समिति गठन भयो। तर, असन्तुष्ट पक्षको चर्को विरोधपछि त्यो समिति एक वर्ष नपुग्दै विघटन भयो। त्यसयता अर्को समिति गठन भएको छैन। प्रअ शुभकर्ण यादव भन्छन्, "सर्वसम्मतिमा समिति गठनको लागि मैले धेरै प्रयास गरिसकें। तर, दलका प्रतिनिधिहरू चुनावै गर्न दबाब दिइरहेका छन्। चुनावै गर्न पनि सजिलो अवस्था छैन।"


माथिका तीन दृष्टान्त त प्रतिनिधि उदाहरण मात्रै हुन्। धनुषा र महोत्तरीलगायत तराईका जिल्लाका बहुसङ्ख्यक विद्यालयहरू व्यवस्थापन समितिविहीन अवस्थामा छन्। फरक यति हो कि केही चार वर्षदेखि समितिविहीन छन् भने कति चाहिँ केही महिनायता। धनुषाका जिशिअ दिलीपकुमार ठाकुरको भनाइमा जिल्लाका ४७० विद्यालयमध्ये आधाभन्दा बढीमा व्यवस्थापन समिति छैनन्।

त्यस्तै महोत्तरीका जिशिअ शत्रुघनप्रसाद यादवका अनुसार, जिल्लाका ४०३ विद्यालयमध्ये ६० प्रतिशतमा व्यवस्थापन समिति गठन भएका छैनन्। धनुषा र महोत्तरीका दुवै शिक्षा कार्यालयले समिति नभएका विद्यालय व्यवस्थापन समिति सम्बन्धी विवरण अद्यावधिक राखेको पाईंदैन। दुवै जिल्लाका विद्यालयको व्यवस्थापन, अनुगमन, निरीक्षणको स्तर कमजोर बनेको देखिन्छ।

## कार्यविधि पनि बनेन

विवादै विवादका कारण व्यवस्थापन समिति गठन हुन नसकेका बेलामा जिल्ला शिक्षा समिति, धनुषाले पदाधिकारी छनोट सम्बन्धी कार्यविधि नबनाइदिँदा त्यसले झन् समस्या थपेको छ। ८ माघ २०६७ मा संशोधित शिक्षा नियमावलीमा व्यवस्थापन समितिका पदाधिकारी चयनको प्रक्रिया हेरफेर गरिएको थियो। नियममा पदाधिकारी चयनका लागि जिशिकाले तोकेको अधिकृतको संयोजकत्वमा विद्यालयका प्रअ, स्रोतव्यक्ति र स्थानीय निकायको पदाधिकारी सम्मिलित 'छनोट सहयोग समिति' रहने र अन्य कार्यविधि जिल्ला शिक्षा समितिले तोकेबमोजिम हुने उल्लेख छ। तर, नियम जारी भएको आठ महिना बितिसक्दा पनि शिक्षा समिति, धनुषाले अहिलेसम्म कार्यविधि बनाएको छैन।

कार्यविधि नबनेको कारण देखाउँदै व्यवस्थापन समिति गठनका लागि कार्यालयमा आएका निवेदनलाई जिशिकाले थन्क्याएर राखेको छ। धनुषाका जिशिअ दिलीपकुमार ठाकुर भन्छन्, "कार्यविधि मस्यौदा अन्तिम चरणमा पुगेको छ। छिट्टै समितिको बैठक बोलाएर यसलाई पारित गर्नेछौं।" सर्वसम्मतिमा समिति गठन



**व्यवस्थापन समिति गठनको माग गर्दै जिशिका, धनुषामा बुझाइएका निवेदन।**

गर्न छुट्टै कार्यविधिको आवश्यकता पर्ने पनि देखिँदैन। तर, अधिकांश समिति गठनमा विवाद आउने हुँदा चुनावी प्रक्रियाको ढाँचा तोक्नकै लागि पनि कार्यविधि आवश्यक देखिएको जिशिअ ठाकुरको भनाइ छ। जिशिका, महोत्तरीले पनि त्यस्तो कार्यविधि तयार गरेको छैन।

## बढ्दैछ समस्या

शिक्षा ऐन/नियमले विद्यालयको स्रोत परिचालन, वार्षिक बजेट स्वीकृत गर्ने, लेखापरीक्षण गराउने, शिक्षक नियुक्ति गर्ने जस्ता महत्त्वपूर्ण अधिकारहरू व्यवस्थापन समितिलाई दिएको छ। तर, व्यवस्थापन समिति गठनको विवादै विवादमा जकडिएका तराईका विद्यालयहरूमा यी अधिकारको दुरुपयोग भएको देखिन्छ। न त सर्वसम्मतबाट गतिला व्यक्ति समितिको नेतृत्वमा पुग्छन्, न त भएका समितिले विवादरहित देखिन्छन्। जिशिका, धनुषाकी प्राविधिक सहायक अञ्जु पाण्डे भन्छिन्, "प्रअ तथा शिक्षक नियुक्ति र समिति गठनको विवादबारे लिखित र मौखिक गरी दैनक पाँच वटा उजुरी आउने गरेका छन्।"

शिक्षा ऐन, २०२८ को सातौं संशोधनसँगै विद्यालय सञ्चालनको महत्त्वपूर्ण अधिकार समितिमा रहेकाले विद्यालयको बजेट अनियमितता गर्ने र शिक्षक अनुदान आउँदा आफ्ना मान्छेलाई नियुक्ति दिलाउने स्वार्थकै कारण समिति हत्याउन खोज्ने प्रवृत्ति तराई क्षेत्रमा चरम अवस्थामा छ। यसमा प्रायः राजनीतिक दल र तिनका कार्यकर्ताहरू नै हावी भएका देखिन्छन्। संशोधित शिक्षा नियमावलीले विद्यार्थीको बाजे-बज्यै र बाबु-आमालाई मात्रै 'अभिभावक' मानेको छ। यसको अर्थ अभिभावकले मात्रै व्यवस्थापन समितिको अध्यक्ष हुन पाउँछन् भन्ने हो। समिति तराईका विद्यालयमा नेतृत्वका लागि गैरअभिभावकहरूको तँछाडमछाड चल्ने गरेको छ।

राजनीतिक विवादमा समिति गठन नहुनु त सामान्य घटना झैं लाग्छन्। अब त यो क्रम व्यक्ति हत्यासम्मको तहमा पुगिसकेको छ। व्यवस्थापन समिति गठनमा विवाद हुँदा धनुषामा दुई अभिभावकको हत्या भइसकेको छ। पूर्वी धनुषाको रूटियाहीस्थित मिथिला तिलक नन्दकुमारी माविमा समिति गठनकै लागि ६ साउन २०६८ मा डाकिएको भेलामा गोली चल्दा अभिभावक रामएकवाल मण्डलले ज्यान गुमाए। यस्तै २०६६ फागुनमा उमावि बेंगा, शिवपुरमा मोहम्मद मेहबुब रेजा मारिएका थिए।

महोत्तरीका जिशिअ यादवका भनाइमा, महोत्तरीका राजमार्ग खण्डमा पर्ने विद्यालयहरूमा चाहिँ केहीअघिसम्म पनि यो समस्या त्यति थिएन। यता आएर बर्दिबास, गौशाला, हात्तीलेठ जस्ता ठाउँका विद्यालयमा पनि व्यवस्थापन समिति गठन प्रक्रिया विवादित बन्न थालेको देखिन्छ। बर्दिबासको जनता उमावि यसको एउटा उदाहरण हो, जहाँ गएको फागुनदेखि व्यवस्थापन समिति गठनको प्रयास थालिए पनि हालसम्म सफल भएको छैन। प्रअ नारायणप्रसाद घिमिरे भन्छन्, "समिति गठनकै लागि ४-५ पटक सर्वदलीय बैठक गरियो। तर, बैठकमा हात हालाहालको स्थिति आएपछि टुङ्गोमा पुग्न सकिएन।" समिति नहुँदा मावि र निमावि तहमा एक-एक जना शिक्षकको पदपूर्ति र विद्यालयको नयाँ भवन निर्माणको प्रक्रिया रोकिएको प्रअ घिमिरे बताउँछन्।



**कार्यविधि पर्खाइः** कार्यविधि नबन्दा व्यवस्थापन समितिको गठन रोकिएको जनकपुरस्थित सरस्वती उमावि।

कतिपय विद्यालयले भने शिक्षक नियुक्तिको प्रक्रियालाई थाती राखेर व्यवस्थापन समितिबाट हुने बाँकी कामहरू शिक्षकहरूको सामूहिक निर्णयबाट गर्ने गरेका छन्। नयाँ भवन निर्माणका लागि जिशिकाबाट यसै वर्ष रु.२४ लाख अनुदान पाएको जनकपुरको सरस्वती उमाविमा प्रअ सत्यनारायण मण्डलको संयोजकत्वमा अन्य चार शिक्षक सम्मिलित भवन निर्माण समिति गठन गरिएको छ।

यस्तै, एक वर्षदेखि समितिविहीन रहेको महोत्तरीको पिपरास्थित रामनारायण अयोध्या उमाविमा पनि शिक्षक नियुक्ति बाहेकका सबै निर्णय 'शिक्षक बैठक' बाटै हुँदै आएको छ। व्यवस्थापन समितिको बेथितिबाट शिक्षकहरू पनि आजित देखिन्छन्। बरु समिति गठन नै नभए हुन्थ्यो भन्ने ठान्न थालेका छन्, उनीहरू। रामनारायणका शिक्षक रामनरेश पाण्डे भन्छन्, "समितिका पदाधिकारीले त दलित छात्रवृत्तिका लागि आएको पैसा पनि बाँडीचुँडी खान खोज्छन्। बरु समितिको भन्दा हामी आफैं राम्रो गरेर देखाइदिन सक्छौं।"

विद्यालयको व्यवस्थापनमा स्थानीय समुदायलाई सबल तुल्याई शैक्षिक विकेन्द्रीकरण गर्दै लैजाने उद्देश्यले सरकारले व्यवस्थापन समितिमा क्रमशः अधिकार निक्षेपण गर्दै लगेको थियो। हिमाल तथा पहाडी क्षेत्रमा केही हदसम्म सकारात्मक देखिए तापनि तराई क्षेत्रका विद्यालयको अवस्था भने ठ्याक्कै विपरित छ। यस्तो अवस्था कायम रहिरहने हो भने शैक्षिक अवस्था अरू बढी जर्जर र अधोगतितर्फ उन्मुख गराउँदै लैजानेमा कुनै शङ्का छैन।

नेपालमा पुस्तकालय

बाबुराम दाहाल



# दुई सय वर्षको यात्रा

पुस्तकालय पढ्ने ठाउँ मात्र होइन, समाजलाई पढाइको महत्त्व बुझाउने ठाउँ पनि हो। नेपालको इतिहास नियाल्दा यहाँ स्कूलभन्दा पहिले पुस्तकालय जन्मेको देखिन्छ। नेपालको मध्यकालमा पुस्तकालयलाई 'ग्रन्थालय' नामले जानिन्थ्यो। पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि विभिन्न स्थानका हस्तलिखित ग्रन्थ हनुमानढोकामा जम्मा गर्न थालिएको पाइन्छ। राजा गीर्वाणयुद्ध विक्रम शाहको पालामा वि.सं. १८६८ भदौ १५ गते 'पुस्तक चिताई तहबिल' भनी लालमोहोर जारी भयो। 'चिताई' भन्नाले रेखदेख र 'तहबिल' भन्नाले ढुकुटी वा सङ्ग्रह भन्ने बुझिन्छ। यो पुस्तकालय हनुमानढोका दरबारमा अवस्थित थियो। औपचारिक रूपमा यही 'पुस्तक चिताई तहबिल' लाई नेपालको पहिलो पुस्तकालय मानिन्छ।

तर त्यो पुस्तकालय एकठाउँमा रहन भने सकेन। त्यहाँ रहेका लिखत र ग्रन्थहरू जङ्गबहादुर राणाले वि.सं. १९०४ मा थापाथली दरबारको जैसी कोठा (लेखपढ गर्ने कोठा)मा सारेका थिए भने वि.सं. १९५३ मा वीरशमशेरले दरबार स्कूलमा सारी 'दरबार लाइब्रेरी' नाम राखेका थिए। वि.सं. १९५७ मा त्यहाँबाट घन्टाघरमा सारी 'वीर पुस्तकालय' तथा 'घन्टाघर लाइब्रेरी'को नाममा सञ्चालन भएको थियो। २०२४ सालमा रामशाहपथमा नयाँ भवन बनाई उक्त पुस्तकालयका सबै सामग्री त्यहाँ सारियो र त्यसलाई 'राष्ट्रिय अभिलेखालय' नाम दिइयो। राष्ट्रिय अभिलेखालयमा विभिन्न विषय र महत्त्वका पुराना लिखत र ग्रन्थदेखि नेपाल सरकारका महत्त्वपूर्ण दस्तावेजहरू सङ्कलन गर्ने गरिएको छ। हाल यहाँ कला, कौशल, धर्म, संस्कृति आदिका बारेमा जानकारी दिने ५० हजार जति विविध विषयका अभिलेख, ग्रन्थ र १४ लिपिका हस्तलिखित सामग्री रहेका छन्।



२००३ सालमा तानसेनमा स्थापित धवल पुस्तकालय नेपालका पुराना पुस्तकालयमध्येको एक हो र यो अहिले पनि सञ्चालनमा छ।


तस्विर: विनय कुमार कसजु।

### २००७ सालअघि खुलेका पुस्तकालय

२००७ सालअघि आम नागरिकहरू शिक्षाबाट वञ्चित गराइएका भए तापनि राणाहरूको निजी प्रयोजनका लागि वीर पुस्तकालय, केशर पुस्तकालय, सिंह पुस्तकालय जस्ता केही पुस्तकालयको स्थापना भएको पाइन्छ। वि.सं. १९८६ मा ४६ जना युवाको जमातले सर्वसाधारणको उपयोगका लागि सार्वजनिक पुस्तकालय खोल्ने चाँजोपाँजो मिलाई भीमशमशेरलाई बिन्तीपत्र बुझाउने तरखर गर्दागर्दै रामचन्द्र अधिकारी भन्ने व्यक्तिले भीमशमशेरलाई उक्त पोल लगाइदिए। भीमशमशेरले लक्ष्मीप्रसाद देवकोटालगायत ती ४६ जना युवालाई देशद्रोहीको आरोप लगाई जनही सय रुपैयाँ जरिवाना गराएका थिए। यो घटनालाई 'लाइब्रेरी पर्व' पनि भनिन्छ।

सरकारको डरका बाबजुद पनि २००७ सालअगाडि उपत्यकाबाहिर विभिन्न पुस्तकालय खुलेको पाइन्छ। अम्बिकाप्रसाद लाकौलको अगुवाईमा वि.सं. १९८३ मा पाल्पाको तानसेनमा 'पुस्तक पढ्ने दलान' नाममा पुस्तकालय स्थापना गरिएको थियो। २००४ सालदेखि उक्त दलान नै 'धवल पुस्तकालय'को नाममा सञ्चालित छ। यसका साथै प्रदीप्त पुस्तकालय काठमाडौं-२००३, आदर्श पुस्तकालय विराटनगर-२००३, शारदा पुस्तकालय पाटन-२००३, विद्यामन्दिर पुस्तकालय बाग्लुङ-२००३, महावीर पुस्तकालय बुटवल-२००४, सार्वजनिक विद्याभवन पुस्तकालय धरान-२००४ लगायत विभिन्न स्थानमा पुस्तकालयको स्थापना भएको पाइन्छ। २००७ सालपछि भने देशभरि निर्वाध रूपमा पुस्तकालय खुल्न थाले।

२०४६ सालपछि पुस्तकालय खोल्ने काममा गैरसरकारी संस्थाहरू अग्रपङ्क्तिमा पाइन्छन्। २०४८ सालमा स्थापित रिड नेपाल नामक गैरसरकारी संस्थाले विभिन्न जिल्लामा गरी ४९ वटा सामुदायिक पुस्तकालय स्थापना गरिसकेको छ। समुदायले जग्गा उपलब्ध गराई भवन निर्माणमा १५ देखि २० प्रतिशत हिस्सा व्यहोर्ने र आय-आर्जनको स्रोत जुटाउने भएमा संस्थाले सो स्थानमा उपयुक्त पाठ्यसामग्री उपलब्ध गराई पुस्तकालय स्थापना गर्ने गर्दछ। यसैगरी, सन् २००० मा स्थापित रुम टु रिड नामक गैरसरकारी संस्थाले प्रावि र निमाविस्तरका विद्यार्थीलाई मध्यनजर गरी पुस्तकालय स्थापना गर्ने गर्दछ। हालसम्म विश्वमा १० हजारभन्दा बढी पुस्तकालय स्थापना गरिसकेको यस संस्थाले नेपालका ३ हजार १२५ वटा विद्यालयमा पुस्तकालय स्थापना गरेको छ।



सौजन्य: दीपक अर्याल

**'पुस्तकालय पर्व'का आरोपीमध्येका एक लक्ष्मीप्रसाद देवकोटाले धवल पुस्तकालयको भ्रमण गरेपछि २००८ सालमा लेखेको प्रतिक्रिया।**

## पुस्तकालयको वर्गीकरण

पुस्तकालयलाई विशेषगरी राष्ट्रिय, सार्वजनिक, शैक्षिक, विशिष्ट र निजी पुस्तकालयको रूपमा वर्गीकरण गरेको पाइन्छ। मुलुकभित्र प्रकाशित पुस्तकहरू सङ्कलन गरी पुस्तकालय सेवा प्रदान गर्नु तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देशको पुस्तकालय सेवाको प्रतिनिधित्व गर्नु राष्ट्रिय पुस्तकालयको भूमिका हुन्छ। स्व. पण्डित हेमराज पाण्डेको निजी स्वामित्वमा रहेको पुस्तकालय २०१३ सालमा नेपाल सरकारले खरिद गरी सिंहदरबारस्थित सिक्रीढोकाबाट सञ्चालनमा ल्याएको थियो। सरकारले खरिद गर्दाका बखत ३४ हजारको हाराहारीमा पाठचसामग्री रहेको सो पुस्तकालय अहिले नेपाल राष्ट्रिय पुस्तकालयका नाममा हरिहर भवन पुल्चोकमा अवस्थित छ। त्यसमा हाल ८० हजारको सङ्ख्यामा पुस्तक र अन्य पाठचसामग्रीहरू रहेका छन्।

यसैगरी, शैक्षिक संस्थाले आफूलाई आवश्यक एवं उपयोगी पाठचपुस्तक सङ्कलन गरी सञ्चालन गरेका शैक्षिक क्षेत्रका पुस्तकालयहरूमध्ये त्रि-चन्द्र कलेजको पुस्तकालय नेपालको सबैभन्दा पुरानो मानिन्छ। २०१६ सालमा नेपाल सरकार र यूएसएआईडीको सहकार्यमा काठमाडौंको लालदरबार (हालको होटल याक एण्ड यती) मा सेन्ट्रल लाइब्रेरी स्थापना भएको थियो। २०१६ सालमै त्रिभुवन विश्वविद्यालयको स्थापनासँगै त्रिपुरेश्वरमा त्रिवि पुस्तकालयको पनि स्थापना भयो। २०१८ सालमा उक्त सेन्ट्रल लाइब्रेरीलाई त्रिवि पुस्तकालयमा गाभेर त्रिवि केन्द्रीय पुस्तकालय नाम राखियो। हाल तीन लाख ५० हजारको सङ्ख्यामा पाठचसामग्री रहेको यो पुस्तकालय देशको सबैभन्दा ठूलो शैक्षिक पुस्तकालयको रूपमा परिचित छ।

सबै वर्गका जनतालाई लक्षित गरी नि:शुल्क सेवा प्रदान गर्नका लागि सञ्चालित पुस्तकालयलाई सार्वजनिक पुस्तकालय भनिन्छ। उपत्यकामा रहेका केही प्रचलित सार्वजनिक पुस्तकालयहरूमा नेपाल राष्ट्रिय पुस्तकालय-२०१३ (पुल्चोक), केशर पुस्तकालय-२०२६ (केशरमहल), डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय-२०६० (लाजिम्पाट), उपत्यका सार्वजनिक पुस्तकालय-२०६२ (भृकुटीमण्डप) आदि छन्। कुनै निश्चित विषय वा क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिएका पुस्तकालयलाई विशिष्ट पुस्तकालय भनिन्छ। यसअन्तर्गत जमलस्थित कानुन पुस्तकालयलाई लिन सकिन्छ। मदन पुरस्कार पुस्तकालय-२०१२ 'पुस्तकालय' भनिए तापनि सार्वजनिक प्रयोगका लागि खुला छैन। यसका संस्थापक कमलमणि दीक्षितका अनुसार 'पुस्तकालय' भनिए तापनि यो निजी क्षेत्रबाट सञ्चालित अभिलेखालय हो। यसले नेपाली भाषामा प्रकाशित पुस्तक तथा अन्य सामग्री सुरक्षित राख्ने र सार्वजनिक उपयोगका लागि तिनको डिजिटल संस्करण तयार पार्ने उद्देश्य राखेको छ। हाल यहाँ रहेका पाठचसामग्रीको सङ्ख्या ३५ हजारको हाराहारीमा छ।

यस्तै, विदेशी संस्थाका पुस्तकालयहरूमा नेपाल-भारत पुस्तकालय (सुन्धारा), अमेरिकन लाइब्रेरी (महाराजगन्ज), ब्रिटिस लाइब्रेरी (हाल यहाँका पाठचसामग्री उपत्यकाको सार्वजनिक पुस्तकालय, भृकुटीमण्डपमा राखिएको छ) आदि रहेका छन्। नेपालमा अहिलेसम्म सार्वजनिक पुस्तकालयको सङ्ख्या यकिनसाथ भन्न नसकिए तापनि विभिन्न सङ्कलकको तथ्याङ्कलाई आधार मानेर हेर्दा यो सङ्ख्या ६ सयदेखि १ हजारको बीचमा रहेको पाइन्छ।

नेपालमा वि.सं. १८६९ भदौ १५ (सन् १८१२ अगस्ट २८) मा पुस्तकालयको औपचारिक स्थापना भएको मितिलाई आधार मानी २०६५ सालदेखि भदौ १५ गतेलाई पुस्तकालय दिवसको रूपमा मनाइने गरिएको छ। २०६८ साल भदौ १५ गते पुस्तकालय स्थापनाको दुई सय वर्ष पुगेको अवसर पारेर भव्यताका साथ चौथो पुस्तकालय दिवस सम्पन्न गरियो। तथापि; अझसम्म पनि नेपालमा पुस्तकालयको विकास एवं विस्तारले पर्याप्त मात्रामा गति लिन सकेको छैन। गुणस्तरीय शिक्षामा पुस्तकालयको अहम् भूमिका हुने हुँदा सबैमा पुस्तकालयको उपयोग एवं पुस्तक पढ्ने बानी बढाउनु आवश्यक छ। पुस्तकालयको विकासका लागि जनशक्ति उत्पादन गर्ने उद्देश्यले २०५२ सालबाट त्रिविमा पुस्तकालय विषयमा स्नातक तह र हाल स्नातकोत्तर तहको कक्षा सञ्चालन हुँदै आएको छ।

पुस्तकालय स्थापनाका दुई सय वर्षको अन्तरालमा निकै उतारचढाव देखिए तापनि अबका दिनमा भने यसको विकास एवं विस्तारमा पुस्तकालयसँग सम्बन्धित निकाय, संघ/संस्था र पुस्तकालयकर्मीले आ-आफ्नो तर्फबाट उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। जुनसुकै क्षेत्रको विकासका लागि त्यस क्षेत्रसँग सम्बन्धित जनशक्ति नै अग्रसर हुनु आवश्यक हुन्छ। शिक्षित समाज एवं गुणस्तरीय शिक्षाका अलावा समग्र राष्ट्रको विकासमा पुस्तकालय सहयोगी मात्र नभई पथ-प्रदर्शकको रूपमा समेत रहेको हुन्छ। सैद्धान्तिक एवं व्यावहारिक ज्ञान एवं सूचनाको भण्डार पुस्तकालय भएकाले यसको संरक्षण, सम्बर्द्धन एवं विस्तारमा विशेषत: शिक्षक, विद्यार्थी र शिक्षाकर्मीहरूको विशेष ध्यान पुग्नु जरुरी छ।

*(लेखक डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका सहायक लाइब्रेरियन हुन्)*

डायरी

सुदर्शन घिमिरे

# पोखराका तीन विद्यालय घुम्दा

**'समुदायमा विद्यालय हस्तान्तरण' कार्यक्रममा सहभागी भएको कारणले होइन, शिक्षक र समुदायको केही गरौं भन्ने भावना, नेतृत्व कौशलता र इमानदार प्रयासका कारण पोखराका स्कूलहरूमा उल्लेखनीय सुधार र परिवर्तन आउन सम्भव भएको हो। प्रअ-शिक्षकको टीम एक हुने हो र विद्यालयको सुधार गरौं भनेर अठोटका साथ लाग्ने हो भने सार्वजनिक स्कूलको सुधार छिट्टै सम्भव छ भन्ने सन्देश कास्कीका तीन वटा विद्यालयले दिएका छन्।**

**पारदर्शिताको नमुना: शिशुकल्याण निमाविको हरेक कुराहरू यी र यस्तै फाइलाहरूलाई एउटा कोठामा सजाएर राखिएको छ। जसलाई सबैले हेर्न सक्छन्।**

जेठको तेस्रो साता पोखरा घुम्ने कार्यक्रम अलि भिन्न खालको थियो- केही गरिरहेका सामुदायिक विद्यालयहरूको प्रगतिको जानकारी र प्रेरणा लिने। विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रममा सहभागी भएकामध्ये 'राम्रो प्रगति गरेको' भनेर आफ्नो अनुगमनबाट खुट्याइएका स्कूलले के कसरी प्रगति गरेका रहेछन् र तिनको प्रगतिबाट केही सिक्न सकिन्छ कि भनी मन्थन गराउने उद्देश्यका साथ शिक्षा विभागले यो भ्रमणको आयोजना गरेको थियो। भ्रमण टोलीमा शिक्षा विभागका अधिकृत र केही स्थानीय पत्रकार समेत सहभागी थिए। शिक्षकले आफ्नो जिम्मेवारी राम्रोसित निर्वाह नगर्दा र समुदायको अर्थपूर्ण सहभागिता नहुँदा नेपालका धेरैजसो सामुदायिक स्कूलहरूको स्तर रुन्-रुन् जर्जर हुँदै गएको छ। यस्तो दुरुह र प्रतिकूल परिस्थितिमा पनि सामुदायिक स्कूल राम्रैसित चल्नु आफैंमा सुखद् आश्चर्य थियो।

## प्रतिबद्ध बालमन्दिर

यस अध्ययन भ्रमणको श्रीगणेश कास्की जिल्ला शिक्षा कार्यालयको नजिकै पर्ने बालमन्दिर मावि नदीपुरबाट भयो। हामी त्यहाँ पुग्दा मध्यदिन भइसकेकाले कक्षा-कक्षामा बसेरै छलफल गर्नका लागि समय थिएन। तैपनि प्रअ, व्यवस्थापन समिति र शिक्षकहरूसित राखिएको सानो अन्तरक्रियामा सहभागी हुनुअघि शिशु



कक्षाको एक झल्को देख्न पाइयो। शिशु कक्षाका बच्चाहरू रमाई-रमाई दिउँसोको खाजा दूध र केक खाँदै रहेछन्। कक्षाकोठामा झकिझकाउ नदेखिए पनि बच्चाहरूको हेरविचार राम्रै तरिकाले हुने गरेको आभास मिल्यो। प्रअ तथा शिक्षकहरूसित छलफल गर्दा सबल पक्ष र सुधार गरिनुपर्ने कुराहरू थाहा भयो। राम्रा र योग्य शिक्षक छनोट गर्ने यहाँको तरिका अनुकरणीय रहेछ। विषयगत विज्ञ बसेर स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित वातावरणमा सबैभन्दा योग्य र सक्षम व्यक्तिलाई मात्र छनोट गरिँदोरहेछ। करिब एक महिनाअघि मात्र यहाँ दुई जना प्रावि र एक निमावि तहमा शिक्षक नियुक्त भएका रहेछन्। कुल ७५ जनाको आवेदन परेकोमा लिखित परीक्षा लिएर त्यसमा राम्रो अङ्क ल्याउनेलाई कक्षामा पढाउन लगाइएछ। अर्थात् प्रयोगात्मक परीक्षामा खरो उत्तीर्ण भएका मध्येबाट अन्तरवार्तामा सफल भएपछि बल्ल छानिएका रहेछन्। स्कूललाई राम्रो बनाउन सबैभन्दा बढी महत्त्वपूर्ण भूमिका शिक्षककै हुने भएकाले शिक्षक भर्नामा कुनै सम्झौता हुनुहुन्न भन्ने व्यवस्थापन समितिका सदस्यहरू र प्रअको बलियो विश्वासका कारण यो सम्भव भएको रहेछ। स्कूलको वातावरणलाई राम्रो बनाउन सबैभन्दा बढी यही निष्पक्ष र पारदर्शी छनोट प्रणालीको हात रहेको कुरा शिक्षक र प्रअको भनाइबाट बुझ्न सकिन्थ्यो। तत्क्षण मनमा एउटा विचार आयो, अरू स्कूलका प्रअ र व्यवस्थापनका पदाधिकारीले पनि यस्तै तरिकाले सोचिदिए देशभरका सार्वजनिक स्कूलमा कति छिटो सुधार आउँथ्यो होला !

प्रअ सुशील बस्नेतले आफूहरूले विद्यालयमा दलीय राजनीतिलाई पस्न नदिएकाले नै स्कूल सप्रन सफल भएको अनुभव सुनाए। उनको निष्कर्ष थियो, "व्यवस्थापन समितिका पदाधिकारी र प्रअ मात्रै राजनीतितिर नलागी स्कूलको हिततिर लागे भने स्कूलको वातावरण सङ्ल्याउन धेरै सहज हुन्छ। हामी कतै लागेनौं। किनकि हामीलाई स्कूल राम्रो बनाउनुथियो। हामीले धर्म नछाडेपछि शिक्षकहरूको कर्मशील टिम पनि बन्यो र स्कूल सफल भयो।" कुनै स्कूल बिग्रेको छ भने नि:सन्देह प्रअ र व्यवस्थापन समिति पनि दलको दलदलमा फसेको छ भन्ने उनको दलील थियो। सबैतिर दलगत राजनीतिले गाँजेको बेला पनि यो स्कूल कसरी त्यसबाट अछुतो रहन सक्यो त? जिज्ञासा भुईंमा खस्न नपाउँदै व्यवस्थापन अध्यक्ष नरेन्द्रकुमार श्रेष्ठले भने, "बालबालिकाको भविष्यका लागि स्कूल कति महत्त्वपूर्ण कुरा हो, हामीले किन राम्रो गर्नुपर्छ भन्ने कुरा प्रअ र शिक्षकहरूले हामीलाई राम्ररी बुझाइदिए। र, स्कूलको हित चिताउन प्रेरित गरे।"

यहाँका सबै विद्यार्थीहरूलाई स्कूलमै खाजाको व्यवस्था रहेछ। सक्ने विद्यार्थीहरूसित मासिक रु.४०० सम्म शुल्क लिइँदोरहेछ भने शुल्क तिर्न नसक्ने विद्यार्थीहरूले पनि नि:शुल्क खाजा खान पाउँदारहेछन्। 'सक्नेसित लिने नसक्नेलाई दिने' नीति सार्थक बनेको



**यस्तो पो स्कूल:** ज्ञानज्योति माविका साना बालबालिकाहरू रमाइलो वातावरणमा पढ्दै।

यहाँ देख्न पाइयो। अधिकांश सामुदायिक विद्यालयमा अझै खाजाको व्यवस्था हुन नसकिरहेको र खाजाकै अभावले गर्दा बच्चाहरू कुपोषणको सिकार हुन बाध्य भइरहेको परिप्रेक्ष्यमा यस माविले गरेको कामले मनै छोयो। खाजाको व्यवस्था गर्न दाताकै कुनै कार्यक्रम चाहिन्छ भन्ने परामुखी सोच बोकेर हात बाँधेर बस्नुभन्दा आफ्नो तहबाट केही जमर्को गर्दा सफलता हासिल हुँदोरहेछ !

२०४२ सालमा प्रावि, २०५६ मा निमावि र ६३ सालदेखि मावि भएको र त्यसै वर्ष समुदायमा व्यवस्थापन हस्तान्तरण भएको सो विद्यालय २०५८ सालसम्म बालसङ्गठनले चलाएको रहेछ। यहाँ करिब एक हजार विद्यार्थी अध्ययनरत रहेछन्। जहाँ ६ दरबन्दी, ८ जना राहत र बाँकी निजी स्रोत गरी ४२ जना शिक्षक तथा कर्मचारीको टिम कार्यरत छ।

हरेक विद्यार्थीको व्यक्तिगत प्रोफाइल अद्यावधिक गरेर राख्न सफल हुनु यस स्कूलको अर्को विशेषता रहेछ। वास्तवमा यो काम गर्न शिक्षकहरूको राम्रै परिश्रम चाहिन्छ। यसले हरेक विद्यार्थीको अवस्था कहिले कस्तो थियो, समस्या भए पनि के थियो भनेर थाहा पाउन सहयोग गर्दोरहेछ। शहरको र लोकप्रियता चुम्दै गएको विद्यालय भएकाले कक्षामा विद्यार्थीको चाप बढ्नु अस्वाभाविक होइन। तर विद्यालयले विद्यार्थीको सिकाइ वातावरणलाई ध्यानमा राखेर एउटा कक्षामा ४५ जनाभन्दा बढी विद्यार्थी राख्दै नराख्ने नीति लिएको रहेछ। थप भौतिक पूर्वाधार, थप शिक्षक, राम्रो कम्प्युटर ल्याब र थप शैक्षिक सामग्रीको व्यवस्था हुनसके विद्यालयले अझ सफलताको नयाँ उचाइ हासिल गर्ने कुरामा विद्यालय आशावादी रहेछ।

## सिर्जनात्मक शिशुकल्याण

पोखराबाट सेती नदीको किनारै किनार तलतिर हान्निएपछि पुगिने भरतपोखरीस्थित शिशुकल्याण निमावि हामी पुगेको दोस्रो विद्यालय थियो। २०३४ सालमा स्थापित भई २०६१ सालसम्म जेनतेन चलेको

यो विद्यालयले ६ वर्षको छोटो अवधिमा कायापलट गर्न सफल भएको रहेछ। कायापलटको कारक तत्व अरू कोही नभएर प्रअ मन्त्रीलाल पौडेलको नेतृत्व र उनको टिमको समर्पणभाव नै भएको कुरा बुझ्न हामीलाई धेरै समय लागेन। त्यो स्कूलको कोल्टेफेराइको कथा सङ्क्षेपमा यस्तो रहेछ, रु.१ लाख पाउने लोभले २०६० सालमा समुदायमा व्यवस्थापन हस्तान्तरण हुने कार्यक्रममा सहभागी भए पनि सुधारको ठोस पहल हुनसकेको थिएन। अर्को वर्ष रुम टु रिडले एउटा भवनका लागि रु.४ लाख ८५ हजार दिने भयो, जसको अनुमानित लागत १२ लाख थियो। बाँकी पैसा कहाँबाट ल्याउने त? प्रअ पौडेलका सामु एकाएक यो सवाल चुनौतीको पहाड बनेर उभियो। उनले धेरै सोचे र निष्कर्ष निकाले, "जबसम्म म र मेरा सहयोगी शिक्षकहरूले पैसा हाल्दैनौं, तबसम्म गाउँलेहरूले चाहेजस्तो सहयोग गर्ने सम्भावना छैन।" त्यसपछि उनले स्कूलका हरेक शिक्षकले कम्तीमा ५ हजार चन्दा दिने (बढीमा जति पनि) घोषणा गर्न उत्प्रेरित गरे। त्यस्तै भयो। यसले दिएको सन्देश यति प्रभावकारी भयो कि गाउँघरबाट कुल १७ लाख नगद चन्दा उठ्यो। जागिर खान बसेका शिक्षक त केही गरौं भनेर पैसा हाल्दैछन् भने हाम्रा बालबच्चाका लागि खोलिएको विद्यालय बनाउने अभियानबाट पछि हट्नु त भएन नि भन्ने भावना जागृत भएछ।

जब कुनै कार्य समाजको बृहत्तर हितका लागि त्याग, समर्पण र निष्ठाका साथ शुरु गरिन्छ, त्यसले अद्भुत सामर्थ्य र एकता पैदा गर्दोरहेछ। गाउँले र शिक्षकहरू मिलेर साँच्चिकै स्कूल भन्न लायकको स्कूल बनाउन सफल भए। परिणाम, स्कूलमा दलीय राजनीतिको गन्ध हराइसकेको छ। शिक्षकहरू पनि कुनै पार्टीका कार्यकर्ता भएनन्, विशुद्ध शिक्षक भए। त्यस्तो शिक्षक जो हरबखत आफ्ना विद्यार्थीको ज्ञान तथा स्तर वृद्धिका लागि चिन्तनशील र प्रयत्नरत रहन्छ। परिणाम, विश्वप्रसिद्ध अमेरिकी टेलिभिजन च्यानल सीएनएनले एशियाको एउटा राम्रो स्कूल भनेर केही समयअघि एउटा वृत्तचित्र नै बनाएर प्रसारण गरेको रहेछ। विश्वव्यापी रूपमा चर्चामा आइसकेको यस स्कूलबारे नेपालमा चाहिँ शिक्षा मन्त्रालयदेखि पत्रकारहरूसम्म सबै बेखबर नै रहेको पाउँदा आश्चर्यचकित त भयौं नै, लज्जाबोधले सबैको अनुहार नै रातोपीरो भयो।

यस विद्यालयको सबैभन्दा नूतन र सृजनशील कार्य पारदर्शिताको व्यवस्थापन नै रहेछ। यहाँको पारदर्शिता साँच्चै गजबको रहेछ। एउटा ठूलो कोठामा राउण्ड टेबुलमा घरधुरी सर्वेक्षणदेखि विद्यालयको व्यवस्थापन समितिको निर्णयपुस्तिका सम्म र बालक्लबदेखि विद्यालयको आम्दानी र खर्चसम्मका सबै जानकारी समेटिएका फाइल यहाँ संलग्न गरिएका छन्। करिब ४० वटा विषयमा विद्यालयसित सम्बन्धित सम्पूर्ण गतिविधि र क्रियाकलापलाई यहाँ समेटिएको छ। आम्दानी खर्चको वार्षिक हिसाबकिताब सार्वजनिक गर्नुलाई नै पारदर्शिताको सूचक मानिने हाम्रो समाजमा यस स्कूलले त शतप्रतिशत कुरा पारदर्शी गर्न सकिन्छ भन्ने व्यावहारिक रूपमै पुष्टि गरेको रहेछ। रेकर्ड हेर्न र खोज्न सजिलो पार्न खोज्दा प्रअ पौडेललाई यस्तो उपाय फुरेको रहेछ। २०६३ सालदेखि यसरी पारदर्शिता कायम गरेपछि विद्यालयमा अभिभावकहरूको विश्वास बढाउन सफल भएको प्रअ पौडेलको अनुभव छ। "हामी पारदर्शी भयौं भने अभिभावक र अरूहरू सबैले हामीलाई पूरा विश्वास गर्दारहेछन्", उनी भन्छन्।

विद्यार्थीमा अन्तरनिहित प्रतिभाको पहिचान, प्रस्फुटन र विकासमा तुलनात्मक रूपमा यो स्कूल अलि बढी सजग भएको झल्को पाइयो। यहाँ हरेक शुक्रबार केही न केही अतिरिक्त क्रियाकलाप हुनेरहेछ। पढ्ने बानीको विकास केटाकेटी उमेरमै हुनुपर्छ। प्राथमिक तहमै (बाल्यकालमै) यस्तो बानी लाग्यो भने वयस्क हुँदा पनि त्यो मानिसले पढ्न छाड्दैन। पढ्नु भनेको अन्ततः नयाँ ज्ञान र सूचना हासिल गर्नु हो। यसैले हामीलाई नयाँ-नयाँ कुरा सिकाउँछ। तर नेपालका बहुसङ्ख्यक स्कूलमा पुस्तकालय नै छैनन्, भएकामध्ये धेरै त नाममात्रका छन्। तर यो विद्यालय त्यस्ता थोरै स्कूलमा पर्दोरहेछ, जसले साँचो अर्थमा केटाकेटीहरूलाई पुस्तकालयको प्रयोग दैनिक रूपमा गर्ने बानीकै रूपमा विकास गरेको छ। स्कूल छुट्ने बेलामा पनि एउटा कक्षाका विद्यार्थी पुस्तकालयमा गएर आफूलाई मन पर्ने पुस्तक पढिरहेका थिए। पढेर के जानियो वा के सिकियो वा त्यो किताबको मूल सन्देश के रहेछ भन्ने कुरा कक्षामा आएर भन्नुपर्ने र आपसमा छलफल गर्ने परिपाटी विकसित गर्ने हो भने त्यो झन् प्रभावकारी र अर्थपूर्ण हुनेथियो कि भन्ने हाम्रो जिज्ञासाले प्रअ पौडेललाई छोएछ। जागरुकता देखाइहाले, "ओहो, यो त राम्रो आइडिया हो। भोलिदेखि नै यसमा केही सुधार गर्छौं।" शिशु कक्षादेखि सात कक्षासम्म चलेको यस विद्यालयमा करिब १५० बालबालिका अध्ययनरत छन्।

## समर्पित ज्ञानज्योति

अर्को दिन, महेन्द्र गुफाबाट माथितिरको बाटो हुँदै अर्मला गाउँ गइयो। ज्ञानज्योति मावि डाँडामा रहेछ। २२० जना विद्यार्थी पढ्ने यो स्कूलको नवनिर्मित भवन पक्की र दुईतले भएकाले कक्षाकोठा चाहिँ राम्रो रहेछ। सृजना मावि ढिकुरपोखरीबाट दुई वर्षअघि सरुवा भई आएका प्रअ पदमप्रसाद सुवेदीको अग्रसरता र स्थानीय जनसमुदायको सहभागितामा स्कूलमा छोटो समयमा सुधार आउन थालेको रहेछ। हरेक शिक्षकको हातमा पाठयोजना र डायरी यहाँको दिनचर्या नै बनिसकेको रहेछ। थप रोचक कुरा, शिक्षकलाई बिदा लिन निरुत्साहित गर्ने अभिप्रायले क्याबि र पर्व बिदाको पैसा दिने व्यवस्था गरिएको रहेछ। विद्यार्थीले शिक्षकको अभाव भरसक कहिल्यै महसुस गर्नु नपरोस्, शिक्षक सधैं कक्षामा भइराखून् भनेर यसो गरिएको रहेछ। निजी स्रोतमा राखिएका शिक्षकको सामाजिक सुरक्षा


र सुविधालाई ध्यानमा राखेर स्कूलले नै १० प्रतिशत रकम उनीहरूको खातामा जम्मा गरिदिँदोरहेछ। यस्तो काम शायद विरलै स्कूलले मात्र गर्ने गरेका छन्। भरतपोखरी जत्तिको सृजनात्मक तरिकाले पारदर्शी नभए पनि सामाजिक लेखापरीक्षण र अभिभावक भेलाहरूमा विद्यालयको आयव्यय सार्वजनिक गर्ने थिति बसालिएको रहेछ। देशका बहुसङ्ख्यक विद्यालयहरूले यत्ति पनि नगरिरहेको स्थितिमा यस विद्यालयले गरेको यो काम आफैँमा प्रशंसनीय बन्न पुगेको छ।

यी तीनवटै स्कूलको सपनामा सादृश्यता भेटिन्छ, उत्कृष्ट सामुदायिक विद्यालय बन्ने र गुणस्तरीय शिक्षा दिने। त्यस क्रममा यी तीनवटै विद्यालयले अङ्ग्रेजीलाई पढाइको माध्यम बनाएका छन्। अङ्ग्रेजीप्रति अभिभावकहरूको बढ्दो क्रेज र आफूलाई सान्दर्भिक बनाइराख्न यिनले अङ्ग्रेजी माध्यम अपनाएको कुरा बुझ्न कठिन छैन। तर नेपाली भाषामा पढाउन अभ्यस्त शिक्षकहरूसित अङ्ग्रेजीमा सञ्चार गर्ने राम्रो दक्षता छ भने त राम्रो भयो, नत्र विद्यार्थी बर्बाद हुने खतरा ज्यादा देखिन्छ। यस विषयमा यी स्कूलहरू कत्तिको सजग छन् भन्ने चाहिँ बुझ्न बाँकी नै रह्यो।

स्कूललाई अझै राम्रो बनाउने सन्दर्भमा यी विद्यालयहरूले निकट भविष्यको योजना पनि बनाउन भ्याएका रहेछन्। बालमन्दिरले राम्रो कम्प्युटर ल्याब बनाउने सपना साँचेको रहेछ र त्यसका लागि सहयोगी हातहरू खोजी गर्न थालिसकेको रहेछ। त्यस्तै शैक्षिक सामग्री र उपयोगी पुस्तकहरू थप्ने चाँजोपाँजो पनि मिलाउँदै रहेछ। शिशुकल्याणले चाहिँ कम्प्युटरलाई सिकाउने साधनको रूपमा प्रयोग गर्न हरेक कक्षामा एक/एक वटा कम्प्युटर राख्ने सोच बनाएको रहेछ। त्यस्तै, कक्षा व्यवस्थापनलाई प्रभावकारी बनाई अन्तरक्रियामुखी शिक्षणलाई क्रियान्वयन गर्न गोलाकार टेबुलहरू राख्ने योजना थाहा पाउँदा मनै फुरुङ्ग भयो। ज्ञानज्योति माविले पनि अबको दुई वर्षभित्र हरेक कक्षामा एक/एक वटा कम्प्युटर राख्ने, बालबालिकाले गरेका काम र रचेका सृजनाहरूलाई सजाएर राख्ने बोर्ड सबै कक्षामा व्यवस्था गर्न लागेको रहेछ। त्यस्तै कक्षा पाँचसम्म सबै विद्यार्थीका कपी स्कूलमै राख्ने गरी बाकसहरू बनाउन आँटेको रहेछ। स-साना नानीहरूलाई किताब-कापीको भारी नबोकाउने ध्येयका साथ यसो गर्न लागिएको रहेछ। अर्थात् केही गरिरहेकाहरू थप राम्रो गर्नका लागि नयाँ-नयाँ सपना बुनिरहेका हुन्छन् भन्ने कुरा यी स्कूलहरूले पुनर्पुष्टि गरिदिएका छन्। किनभने मिहिनेत, उत्साह र सफलताले नै शिक्षकहरूलाई थप राम्रो गर्ने ऊर्जा दिइरहेको हुँदोरहेछ।

यी तीनवटै स्कूलहरूको सरसर्ती अवलोकन गर्दा, एउटा कुरा चाहिँ मेरो मनमा एकदमै खट्कियो। त्यो हो, सृजनात्मक सिकाइ (Creative learning)। यत्तिको प्रतिवद्ध प्रअ-शिक्षकको टीम भइकन पनि यी तीनवटै स्कूलमा शिक्षण-सिकाइको वातावरण चाहिने जस्तो सृजनात्मक हुन नसकेको देख्दा दाँतमा ढुङ्गा लागेको महसुस हुन्छ। यत्तिको जाँगर र लगन भएका शिक्षकहरूसित विद्यमान साधन स्रोतकै प्रयोग गरेर नै त्यस्तो वातावरण बनाउन सकिन्छ भन्ने कुराको आइडिया भएका दिन यो कमीलाई पनि पूरा गर्नेछन्।

हामीलाई बिदाइ गर्ने बेलामा शिशुकल्याणका प्रअ पौडेलको एउटा भनाइ अहिले पनि चस्का दिने खालको छ। उनले भनेका थिए, "तीन तीन जना शिक्षा सचिव, महानिर्देशक र निर्देशकलगायत जति पनि ठूलाबडा मानिस हाम्रो स्कूलमा आए, तिनीहरू सबैले स्कूल धेरै राम्रो रहेछ भने तर हामीलाई चाहिएको ठोस सहयोग चाहिँ कसैले पनि चासो देखाएनन्।" उनको आशय थियो, हामीले जे जति परिवर्तन र सुधार गर्न सक्यौं गऱ्यौं, थप सुधार ल्याउन थप आर्थिक लगानी र नवीन ज्ञान/तरिका चाहिन्छ। नेपालमा नयाँ कामको थालनी चाहिँ हुने तर त्यसलाई सफलताको शिखरमा पुऱ्याउने र टिकाइराख्ने समस्या स्कूलहरूका हकमा पनि लागू भएको देखिन्छ। व्यवस्थापनको भाषामा यसलाई परिवर्तन व्यवस्थापन (Change management) भनिन्छ। त्यसैले, यी तीनवटालगायत आशालाग्दो सुधार गरेका देशभरका सरकारी-सामुदायिक स्कूलहरूमा प्रगतिलाई अझ नयाँ उचाइमा पुऱ्याउँदै गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न थप साधन-स्रोतको जोहो गरिदिएर तिनलाई टेवा पुऱ्याउने र ढाडस दिने काम चाहिँ शिक्षा मन्त्रालयले नै गरिदिनुपर्ने देखिन्छ।

**कथा संसार प्रत्येक शनिबार बिहान ९:१५ बजे**
**रेडियो नेपालमा**
FM 100 MHz
**कथा र संस्मरणको कार्यक्रम**
**जसमा तपाईंका रचनाहरूलाई पनि हार्दिक स्वागत छ**
**सुन्नुहोस् र रचना पठाउनुहोस्**

**पठाउने ठेगाना**

हिमाल एसोसिएसन
Himal Association

रेडियो नेपाल र हिमाल एसोसिएसनको सहकार्य
आख्यानमूलक साहित्यिक कार्यक्रम **कथा संसार**

**रिपोर्ट** शिक्षक दरबन्दी मिलान

बाबुराम विश्वकर्मा

# दललाई जिम्मेवार बनाऊ:

## दरबन्दी मिलानको सन्दर्भ

**समय** क्रममा कुनै एउटा शैक्षिक संस्था वा विषयमा विद्यार्थीको सङ्ख्या घट्नु र अर्को प्रकृतिका संस्था वा विषयमा विद्यार्थीको चाप बढ्नु स्वाभाविक प्रक्रियाभित्र पर्ने कुरा हो। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कतिपय विषय-विभाग (फ्याकल्टी)मा शिक्षकको दरबन्दी टिकाउन विद्यार्थी सिला खोज्ने अवस्था दुईदशकअघि नै आइसकेको थियो। आज त्रिविका दर्जनौं क्याम्पस र विषय विभागहरूमा शिक्षक सङ्ख्याको अनुपातमा विद्यार्थी छैनन्। कतिपयमा त शिक्षक मात्रै छन्, विद्यार्थी नै छैनन्। परिणामत: त्रिविका हजारौं शिक्षक हाजिर मात्र गरेर तलब खाइरहेका छन्। विद्यार्थी आउन छोडेका विषय वा संस्थाका दरबन्दी आवश्यक भएका ठाउँमा सार्ने वा खारेज गर्नेतिर त्रिवि र सरकार दुवैले ध्यान दिएका छैनन्। शिक्षक कर्मचारी र राजनीतिबीचको बलियो गठबन्धनको त्रासले त्रिविमा कुनै पनि सुधार कार्य अघि बढ्न दिएको छैन।

विद्यार्थी शिक्षक अनुपात र दरबन्दी मिलानको त्यस्तै चक्रीय समस्या केही वर्षदेखि विद्यालय तहमा चर्किएको छ। सरुवाको माध्यमबाट पहिला पहिला सहज रूपमै शिक्षक दरबन्दी मिलान गर्न सक्षम रहँदै आएको शिक्षा-प्रशासनलाई विश्वविद्यालयमा जस्तै शिक्षक र राजनीति गठबन्धनले कमजोर तुल्याएको छ। यसमा सरकारको अस्थिर अल्पकालीन नीति-निर्देशनले पनि थप अप्ठ्यारो पैदा गरेका छन्।

तथापि, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी थपघट गर्नुपर्ने कार्यलाई एउटा स्थायी र नियमित प्रक्रियाका रूपमा स्वीकार गरेर शिक्षा प्रशासन अघि बढ्ने हो भने यो असाध्य चुनौती होइन भन्ने कुरा यसै आलेखमा समेटिएको दैलेख जिल्ला शिक्षा कार्यालयको सफल दृष्टान्तले पनि देखाइसकेको छ। दरबन्दी मिलानको सवाललाई शिक्षा प्रशासन लगायत सबैले गम्भीरतापूर्वक किन पनि लिनु जरुरी छ भने, भोलिका दिनमा सार्वजनिक विद्यालय जाने बालबालिकाको सङ्ख्या घट्दो प्रजनन दरका कारण पनि कम हुन थाल्नेछ। शहरीकरण तथा आर्थिक अवसरको विस्तार र प्रविधिको प्रभावसँगै बढ्ने अभिभावकको क्षमता र आकाङ्क्षाले पनि बालबालिकाहरूलाई निजी वा वैकल्पिक स्कूलतर्फ आकर्षिक गराउँछ। शैक्षिक र भौतिक दृष्टिले कमजोर विद्यालयमा विद्यार्थी सङ्ख्या भोलिका दिनमा झन् तीव्र रूपमा घट्ने निश्चित नै छ। यसर्थ, शिक्षक आपूर्ति र व्यवस्थापनको सन्दर्भमा पहिलो प्राथमिकता दरबन्दी मिलानलाई दिएर त्यसपछि मात्र नयाँ दरबन्दीको सिर्जना तथा राहत, पीसीएफ आदि विकल्प खोज्नेतिर लाग्नु राष्ट्रिय हितमा देखिन्छ।

– सम्पादक

झण्डै दुईदशकदेखि सार्वजनिक विद्यालयमा शिक्षकको दरबन्दी अस्तव्यस्त रहँदै आएको छ। विगतको द्वन्द्व, राजनीतिक दलहरूमा मौलाउँदै गएको भागबण्डाको संस्कृति तथा शिक्षकका संघ-सङ्गठनहरूको दबाबलाई कारण देखाएर शिक्षा अधिकारीहरू दरबन्दी मिलानलाई 'असाध्य' चुनौती बताउने गर्दथे। तथापि, शिक्षा मन्त्रालयले 'असम्भव' जस्तै बताउन थालेको दरबन्दी मिलान कार्यक्रम (दमिका)को चुनौतीलाई दैलेख जिल्ला शिक्षा कार्यालयले सफलतापूर्वक सामना गरेको छ। शिक्षा मन्त्रालयले दिएको समयसीमा अगावै जिल्लाभरिको दरबन्दी मिलान गरेर दैलेखले शिक्षा



उमाकान्त श्रेष्ठ

# दरबन्दी मिलाऊ

विभागलाई प्रतिवेदन बुझाइसकेको छ। कतै सफल नभएको दमिका दैलेख जिशिकाले सफल तुल्याउनुमा मौजुदा कानुन, दरबन्दी मिलानका सरकारी मापदण्ड तथा निर्देशनले भन्दा बढी जिशिका आफैँले अपनाएको 'व्यावहारिक विधि'ले बढी काम गरेको देखिन्छ।

दैलेखका जिशिअ दीपेन्द्र सुवेदीका अनुसार, दरबन्दी मिलानका लागि जिशिकाले २१ असार २०६८ मा एनेकपा माओवादी, नेपाली काङ्ग्रेस र नेकपा एमालेसँग विस्तृत छलफल गऱ्यो। राजनीतिक दलहरूले सहयोग गर्ने प्रतिबद्धता जनाएपछि जिशिकाले शिक्षकका पेशागत संस्थासँग मिलेर दरबन्दी मिलानको विस्तृत कार्ययोजना तयार पाऱ्यो। "विगतमा राजनीतिक दल र शिक्षक संस्थाको सहयोग र सहमति बिना दरबन्दी मिलान सम्भव नभएकाले मैले यो तरिका अपनाएको हुँ। तर कुरा शिक्षा नियमावलीमा छैन", जिशिअ सुवेदी भन्छन्।

राजनीतिक दल र शिक्षक संस्थाको सहमतिपछि जिशिकाले विनि, स्रोतव्यक्ति र स्कूल प्रशासनको सहयोगमा *फ्ल्यास रिपोर्ट* मा उल्लिखित दैलेखका सरकारी स्कूलका शिक्षक र छात्रछात्राको तथ्याङ्क अद्यावधिक गऱ्यो। त्यसपछि जिशिकाले सबैभन्दा पहिला गाविसभित्रका विद्यालयमा दरबन्दी मिलाउने,

**फुर्सदको मज्जाः जिशिका काठमाडौंले विद्यार्थी नभएर रित्तिएको नव शिक्षा प्राविलाई आदर्श निमावि लगनमा गाभेको छ। उक्त स्कूलका नानीहरू फुर्सदमा खेल्दै।**



# रिपोर्ट शिक्षक दरबन्दी मिलान



बाबुराम विश्वकर्मा

**बधाई छः**
**समयसीमा अघि नै दरबन्दी मिलान गर्न सफल दैलेखका जिशिअ दीपेन्द्र सुवेदी। उनले दरबन्दी मिलानमा राजनीतिक दलको सहयोग लिएका छन्।**

गाविसभित्रका स्कूलमा बढी भएका दरबन्दी नजिकको गाविसका विद्यालयमा मिलाउने, नजिकका गाविसमा मिलाउँदा पनि बढी भएका दरबन्दी स्रोतकेन्द्र मातहतका विद्यालयमा मिलान गर्ने र स्रोतकेन्द्रका स्कूलमा बढी भएका दरबन्दी चाहिँ जिशिकाको 'पुल दरबन्दी'मा राख्ने गरी दरबन्दी मिलानको विस्तृत खाका तयार पाऱ्यो। यसो गर्दा मावि ४, निमावि ४ र प्राविका ३९ वटा गरी जम्मा ४७ वटा शिक्षक दरबन्दी कटौतीसँगै जिल्लाका १५७ जना शिक्षकको सरुवा आवश्यक देखियो।

दरबन्दी कटौती गर्न सरुवा पनि सँगै अघि बढाउनुपर्ने भएपछि फेरि जिशिकाले दमिका र शिक्षक सरुवाको प्रस्ताव राजनीतिक दल र शिक्षकका संस्थासमक्ष पेश गऱ्यो। १५७ जनालाई सरुवा गर्दा टेष्ट उत्तीर्ण र विद्यालयमा पढाउन नसक्ने १३ जना शिक्षकको दरबन्दी मिलान हुन नसक्ने भएकाले तिनलाई काजमा राख्ने निर्णय गरियो। २४ असार २०६८ मा राजनीतिक दल र शिक्षक संस्थाको बैठकबाट ४७ वटा फाजिल दरबन्दी कटौती र १५७ जना शिक्षक सरुवा गर्ने निर्णय गरेको छ। सो अनुसार जिशिकाले सम्बन्धित शिक्षकलाई पत्राचार पनि गरिसकेको छ।

दरबन्दी मिलानपछि दैलेखका प्राविमा ४३९, निमावि २५८ र माविमा १५० जना शिक्षक अपुग देखिएको छ। अबको पीसीएफ अनुदान दिँदा शिक्षक अपुग भएका विद्यालयलाई पहिलो प्राथमिकतामा राखिने जिशिकाको योजना छ। दरबन्दी मिलानले दैलेखमा शिक्षक र छात्रछात्राको अनुपातमा देखिएको असन्तुलन घटाएको छ भने बढी विद्यार्थी भएर पनि शिक्षक नपुगेका स्कूलले शिक्षक पाएका छन्। यसबाट थोरै छात्रछात्रा भएका विद्यालयमा थुप्रिएका शिक्षक आवश्यक ठाउँमा सारिएका छन्।

दरबन्दी मिलानको सबै काम सम्पन्न गर्न करिब एक महिना लागेको जिशिअ दीपेन्द्र सुवेदीको अनुभव छ। उनी राजनीतिक दल र शिक्षकका संस्थाको विश्वास जितेर पारदर्शी ढङ्गले काम गरेकाले दरबन्दी मिलान सम्भव भएको बताउँछन्। सुवेदी भन्छन्, "दरबन्दी मिलान गर्ने जिम्मेवारी शिक्षा नियमावलीले शिक्षा समितिलाई दिएको छ। नियमावलीमा राजनीतिक दलको भूमिका बारे केही उल्लेख छैन। तर व्यावहारिक रूपमा दलको सहमति बेगर दरबन्दी मिलान सम्भव छैन। त्यसैले मैले जिल्लाका मुख्य दलसँग सहयोग मागेँ।" उनले दरबन्दी मिलानलाई टुङ्गोमा पुऱ्याउन जिल्लास्थित सर्वदलीय संयन्त्रलाई सक्रिय पार्नु आवश्यक रहेको बताए- "यो कामका लागि शिक्षा नियमावली संशोधन गर्नुपर्छ भने पनि गरे हुन्छ। तर, दलको सहयोग बिना दरबन्दी मिलान हुन्न।"

दैलेखका राजनीतिक दलका नेताहरूले जिशिकाले ल्याएको 'दमिका'ले केही शिक्षकलाई मर्का परे पनि स्कूल-स्कूलमा कायम रहेको दरबन्दी असन्तुलन घटाउन धेरै सहयोग पुगेको उल्लेख गरेका छन्। नेपाली काङ्ग्रेसका सभापति कृष्ण बीसीले जिशिकालाई राजनीतिक दलले बिना शर्त सहयोग गरेकाले सफलता हात लागेको बताए। उनले भने, "लामो गृहकार्य गरेर दरबन्दी मिलान गर्ने निर्णय गरिएकाले कुनै विवाद भएन। दरबन्दी मिलान सफल भएकोमा हामीलाई अब सरकारले पुरस्कारस्वरुप अपुग दरबन्दी दिनुपर्छ।" नेकपा एमालेका अध्यक्ष अमर थापा दरबन्दी मिलानमा राजनीतिक दलबीच सर्वसम्मति भएकाले चुनौतीपूर्ण काम भए पनि सहज रूपमा सम्पन्न भएको धारणा राख्छन्। थापा थप्छन्, "जिशिका र शिक्षक संस्थाको कार्ययोजनालाई हामीले साथ दिएकाले दरबन्दी मिलान सम्भव भएको हो।" माओवादीनिकट अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय सदस्य लक्षीराम ढकाल दैलेखको अभ्यासलाई देशका अरू जिल्लामा पनि लागू गर्न सकेमा सरकारी विद्यालयको दरबन्दी असन्तुलन घटाउन सहयोग पुग्ने बताउँछन्।

शिक्षा विभागले ३० चैत २०६७ को मन्त्रीस्तरीय निर्णय भन्दै २० वैशाख २०६८ मा ७५ वटै जिल्ला शिक्षा कार्यालयलाई दरबन्दी मिलान गरी १५ साउन २०६८ भित्र दरबन्दी मिलानको जिल्लागत तथा क्षेत्रगत विवरण पठाउन निर्देशन दिएको थियो। उक्त निर्देशन अनुसार दैलेख जिल्लाले असारभरिमा काम सकेर साउनको पहिलो साता नै दरबन्दी मिलान सकेको प्रतिवेदन शिक्षा विभागमा पठाएको छ। विभागको विद्यालय व्यवस्थापन शाखाको उपनिर्देशक गणेशप्रसाद पौडेलका अनुसार साउनको अन्तिम सातासम्म २३/२४ वटा जिशिकाले दरबन्दी मिलानको प्रारम्भिक विवरण पठाएका छन्। उनले भने, "दैलेख बाहेक कसैले पनि दरबन्दी मिलानको काम सम्पन्न गरेको थाहा भएको छैन। त्यसैले दरबन्दी मिलानको प्रारम्भिक

प्रतिवेदन कात्तिक १५ सम्ममा पठाउन नयाँ निर्देशन दिइएको छ।"

१६-१८ भदौ २०६८ मा भक्तपुरको बोडेमा भएको शिक्षा अधिकारीहरूको भेलामा धेरै शिक्षा अधिकारीले दैलेखको कामको सराहना गर्दै 'दरबन्दी मिलानको दैलेख मोडल' अपनाउनुपर्ने धारणा राखे। दरबन्दी मिलानको समयसीमा बढाएर असोजको पहिलो सातासम्म तन्काइएको छ। तथपि उक्त अवधिमा पनि जिल्लाबाट दरबन्दी मिलानको प्रारम्भिक प्रतिवेदन आउने सम्भावना झिनो छ। किनभने धेरै जिल्लाहरू अहिलेसम्म दरबन्दी मिलान कसरी गर्ने भन्ने योजना निर्माणकै चरणमा रहेका छन्।

विद्यार्थी बढी भएका स्कूलमा शिक्षक कम अनि शिक्षक बढी भएका विद्यालयमा छात्रछात्रा कम भएका कारण यो असन्तुलन हटाउन सरकारले दरबन्दी मिलानको कार्यक्रम ल्याएको हो। तर, अस्पष्ट नीति, राजनीतिक दल, शिक्षकका पेशागत संस्था, शिक्षक स्वयं र विद्यालय व्यवस्थापन समितिको अनिच्छा, अवरोध र विरोधका कारण जिशिकाले दरबन्दी मिलान सफल पार्न सकेका छैनन्। शिक्षा नियमावलीले जिशिकालाई सम्बन्धित विद्यालयको सहमति बिना कुनै पनि शिक्षक सरुवा गर्ने अधिकार दिएको छैन भने दरबन्दी मिलानका क्रममा एउटा जिल्लामा बढी भएको दरबन्दी अर्को जिल्लामा पठाउने अधिकार पनि जिशिकासँग छैन। शिक्षकलाई जिल्लान्तर गर्न नियमावलीको यो प्रावधान बाधक छ भने दरबन्दी मिलानलाई प्रभावकारी ढङ्गले अघि बढाउने दरबन्दी मिलानका तीनथरि सरकारी मापदण्ड पनि बाधक देखिएका छन्। यिनै विरोधाभासका कारण जिशिकाहरूले आ-आफ्नै पाराले दरबन्दी मिलानको योजना अघि बढाएका छन्।

## तीनथरि मापदण्ड

दरबन्दी व्यवस्थाका बारेमा शिक्षा नियमावली, विद्यालय क्षेत्र सुधार योजना र शिक्षा विभागले हालसालै जारी गरेको निर्देशनमा छुट्टाछुट्टै व्यवस्था छ। एउटाको व्यवस्था अर्कोसँग मेल खाँदैनन्। तथापि शिक्षा विभागले आफूले शिक्षा नियमावली र 'विक्षेसुयो'का प्रावधान समेटेर निर्देशन दिएकाले आफ्नो निर्देशन कार्यान्वयन गर्न जिशिकाहरूलाई भनेको छ। शिक्षा नियमावलीको अनुसूची १२ मा विद्यालयको तह अनुसार पूर्व प्राविमा एक, प्राविमा ५० जना विद्यार्थी भए दुई र त्यो भन्दा बढी भएमा तीन जना शिक्षक दरबन्दी रहने व्यवस्था गरिएको छ। त्यस्तै कक्षा ६-८ का लागि चार, कक्षा १-८ का लागि ७, कक्षा ९- १० का लागि पाँच, कक्षा ६-१० का लागि ९ जना शिक्षक दरबन्दी रहने व्यवस्था छ। निमावि र मावि तहमा अङ्ग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक अध्ययन विषय पढाउन विषयगत शिक्षक दरबन्दी व्यवस्था व्यवस्था गरिनुपर्ने प्रावधान पनि शिक्षा नियमावलीमा छ। साविकको नियमावलीमा विद्यालय शिक्षालाई कक्षा १० मा सीमित गरिएकाले कक्षा १२ सम्मको शिक्षक दरबन्दी व्यवस्था बारे केही चर्चा छैन।



ढुण्डकृष्ण श्रेष्ठ

**सारिएका शिक्षकः काठमाडौं लगनको आदर्श निमाविमा गाभिएको नवशिक्षा प्राविका शिक्षक गोपी खतिवडालाई पनि जिशिकाले आदर्श निमाविमै सरुवा गरेको छ।**

कक्षा १२ सम्म विद्यालय शिक्षालाई विस्तार गर्ने लक्ष्य बोकेको विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले चाहिँ शिक्षक दरबन्दीको आधार छात्रछात्राको सङ्ख्या र तह दुवैलाई मानेको छ। यो योजना अनुसार शिक्षक विद्यार्थीको औसत अनुपात १:४० भन्दा बढी हुनु नहुने, एउटा कक्षामा ४० भन्दा बढी विद्यार्थी राख्न नपाइने तथा शिक्षक विद्यार्थी अनुपात १:४० भन्दा बढी भएमा प्रतिविद्यार्थी लागतका आधारमा अनुदान उपलब्ध गराइने व्यवस्था छ। उक्त योजनाले तराई/उपत्यका, पहाड र हिमाल क्रमशः १:५०, १:४५ र १:४० को शिक्षक विद्यार्थी अनुपात निर्धारण गरेको छ। तहगत रूपमा चाहिँ शिक्षक दरबन्दी कक्षा १-३ मा न्यूनतम ३, कक्षा १-५ मा ६ र कक्षा १-८ मा १० रहने व्यवस्था गरेको छ। कक्षा ९ -१२ मा के-कति शिक्षक दरबन्दी रहने भन्ने बारेमा उक्त योजना केही बोलेको छैन्।

शिक्षा विभागले २० वैशाख २०६८ मा जिशिकाहरूलाई पठाएको *'शिक्षक दरबन्दी मिलान सम्बन्धी निर्देशन* मा शिक्षा नियमावली र विक्षेसुयोका मापदण्डलाई आधार बनाइएको छैन। उक्त निर्देशन पत्रमा कक्षा १-३ चलेका स्कूलमा ५० जना विद्यार्थी भएमा २ दरबन्दी रहन दिने, ३ दरबन्दी र ६१ भन्दा बढी विद्यार्थी भएमा ३ वटै दरबन्दी कायम रहन दिने भनिएको छ। तर तराई/उपत्यकामा १५०, पहाडमा १३५ र हिमालमा १२० छात्रछात्रा नपुगेसम्म थप दरबन्दी वा शिक्षक नदिने र सो सङ्ख्या नाघेमा शिक्षा नियमावलीको व्यवस्था अनुसार शिक्षक कायम राख्ने कुरा उल्लेख छ। शिक्षक दरबन्दीमा चाहिँ

# रिपोर्ट शिक्षक दरबन्दी मिलान



बाबुराम विश्वकर्मा

**विचरो कक्षा:** **काठमाडौंको मातातीर्थ गाविसको नन्दी गणेश माविको कक्षाकोठा। उक्त स्कूलको कुनै पनि कक्षामा ४/५ जनाभन्दा बढी छात्रछात्रा हुँदैनन्।**

राहत शिक्षकलाई पनि जोडिएको छ।

कक्षा १-५ चलेका स्कूलमा जतिसुकै छात्रछात्रा भए पनि ३ वटा दरबन्दी कायम राख्ने, १२०-१४९ विद्यार्थी भएमा ४ दरबन्दी कायम राख्ने तथा १५० भन्दा बढी छात्रछात्रा भएमा ५ दरबन्दी कायम गर्ने भनिएको छ। तर, तराई/उपत्यका, पहाड र हिमालमा क्रमश: २५०, २२५, २०० भन्दा बढी छात्रछात्रा नभएमा ५ जनाभन्दा बढी दरबन्दी नदिने र उक्त सङ्ख्या नाघेमा शिक्षा नियमावली अनुसार शिक्षक दरबन्दी कायम राख्न भनिएको छ।

कक्षा १-८ सञ्चालन भएका स्कूलमा जति विद्यार्थी भए पनि न्यूनतम ७ जना शिक्षक राख्ने, ९ वटा दरबन्दी रहेका र २४० भन्दा बढी छात्रछात्रा भएका स्कूलमा ९ वटै कायम राख्न भनिएको छ। तर, तराई/उपत्यकामा ४००, पहाडमा ३६० र हिमालमा ३२० जना भन्दा बढी विद्यार्थी नभएमा ९ जनाभन्दा बढी शिक्षक नदिने र यो सङ्ख्या भन्दा बढी विद्यार्थी भएमा चाहिँ शिक्षा नियमावलीको व्यवस्था लागू गर्ने निर्देशन दिइएको छ।

कक्षा ९ र १० चलेका स्कूलमा न्यूनतम ५ वटा दरबन्दी कायम राख्ने र शिक्षक थपघट गर्नुपर्दा शिक्षा नियमावलीको व्यवस्था अनुशरण गर्ने भनिएको छ। त्यस्तै विक्षेसुयो अनुसार कक्षा ९-१२ चलेका विद्यालयमा न्यूनतम ८ वटा दरबन्दी राख्ने सोभन्दा बढी शिक्षक राख्नुपर्दा जिल्लामा प्राप्त कोटा अनुसार गर्ने भनिएको छ।

कक्षा ६-१० सञ्चालन भएका स्कूलमा न्यूनतम ९ दरबन्दी राख्ने शिक्षक दरबन्दी थप्नुपर्दा हिमालमा २४०, पहाडमा २७० र तराई/उपत्यकामा ३०० भन्दा बढी छात्रछात्रा नभई दरबन्दी नथप्ने भनिएको छ। कक्षा ६-१२ चलेका स्कूलमा जतिसुकै विद्यार्थी भए पनि न्यूनतम १२ दरबन्दी राख्ने हिमालमा ३२०, पहाडमा ३५० र तराई/उपत्यकामा ४०० भन्दा बढी छात्रछात्रा नभएमा त्यस्ता विद्यालयमा दरबन्दी नथप्ने भनिएको छ।

शिक्षा मन्त्रालयले कार्यान्वयन गरेर छाड्ने अठोट गरेर पाँच महिनाअघि जारी यो निर्देशन पनि हुबहु लागू हुन नसक्ने देखिएको छ। जिशिकाहरूले स्वयंले नियमावली र विद्यालय सुधार योजनाका प्रावधान 'यताउता' गरेर तयार गरेको दरबन्दी मिलानको मापदण्ड लागू हुन नसक्ने जनाएका छन्। इलामका जिशिअ महेन्द्रप्रसाद पौडेलले भने, "विभागको निर्देशनले कागजी काम गर्न सजिलो भएको छ। तर, व्यवहारमा कार्यान्वयन गर्न सकिँदैन। त्यसैले हामीले जिल्लामा शिक्षक विद्यार्थी अनुपात १:२० कायम गरेका छौं।" यो अनुपात अनुसार बढी दरबन्दी भएका स्कूलबाट प्राविका २१६, निमाविका २० र माविका ३१ दरबन्दी कटौतीमा पर्छन् भने कम दरबन्दी भएका स्कूलमा प्राविमा १६८, निमावि ११७ र माविमा १६९ दरबन्दी थप्नुपर्छ। इलामले अहिलेसम्म बढी दरबन्दी भएका प्राविबाट १० वटा दरबन्दी काटेर कम शिक्षक भएका स्कूलमा हालेको छ।

शिक्षा नियमावली, विद्यालय क्षेत्र सुधार योजना र शिक्षा विभागको निर्देशनमा उल्लिखित दरबन्दी मिलानका मापदण्ड आफैंमा बाझिएका विभागको निर्देशनका आधारमा दरबन्दी मिलानको काम अघि बढाएको रसुवा जिशिका उपसचिव देवीप्रसाद सुवेदी बताउँछन्। उनले भने, "परस्पर बाझिने तीनथरि मापदण्डले दरबन्दी मिलानमा अन्योल पनि थपेको छ त्यसैले हामीले नियमावली र विद्यालय क्षेत्र सुधार योजना हेरेनौं, विभागको निर्देशन फलो गऱ्यौं।" उनका अनुसार विभागको निर्देशन अनुसार रसुवाको शिक्षक विद्यार्थी अनुपात १:४० छ। यो अनुपातका आधारमा रसुवाको प्राविमा ३४ वटा दरबन्दी बढी छन्। त्यस्तै निमावि, मावि र उमावि ५३ दरबन्दी कम छन्। सुवेदीले प्राविमा बढी भएका दरबन्दी निमावि र माविमा रुपान्तरण गर्ने नीति सरकारले लिने हो भने सरकारलाई शिक्षक व्यवस्थापनमा कम आर्थिक भार पर्ने बताए। प्राविको बढी दरबन्दीलाई निमावि, मावि र उमाविमा रुपान्तरण गर्दा ५३ को साटो १९ दरबन्दी दिए पुग्ने अनुमान जिशिका रसुवाको छ।

सरकारी निर्देशन लागू गर्न नसकिने भएकाले १:५० को शिक्षक विद्यार्थी अनुपात कायम भएको काठमाडौं जिशिकाले पनि शिक्षक छात्रछात्राको नयाँ अनुपात १:२५ कायम गरेको छ। जिशिकाका उपसचिव देव बरालले भने, "विभागको दरबन्दी मिलान निर्देशिका हुबहु कार्यान्वयन हुनसक्दैन। त्यसैले जिल्लाको शिक्षक विद्यार्थी सङ्ख्या अनुसार 'एडजस्ट' गर्ने नीति लिएका छौं। १:२५ को अनुपातमा जाँदा पनि प्राविका ५०० दरबन्दी कटौती गर्नुपर्छ।"

सरकारी मापदण्ड अनुसार काठमाडौंमा शिक्षक-छात्रछात्रा अनुपात मिलाउने हो भने प्रावि तहका ९०० दरबन्दी कटौती हुन्छन्। विद्यार्थी हुँदै नभएका

# सात विद्यार्थी तीन शिक्षक

**धनकुटा** सदरमुकामस्थित राष्ट्रिय सरस्वती प्रावि अहिले छात्रछात्रा रित्तिएर सङ्कटमा परेको छ। उक्त विद्यालयमा अचेल ७ जनाभन्दा बढी विद्यार्थी छैनन्। छात्रछात्रा नभएपछि उक्त विद्यालयमा कार्यरत तीन जना शिक्षकलाई हाइसञ्चो भएको छ। उनीहरू स्कूल आउँछन्, हाजिर गर्छन् र आफ्नो काममा लाग्छन्। यो शैक्षिक सत्रमा कक्षा ५ सम्म जम्मा ७ जना मात्र भर्ना भएका छन्। कक्षा १ मा एक जना पनि विद्यार्थी भर्ना भएका छैनन् भने कक्षा २ मा १ र अरू कक्षामा २/२ जना छात्रछात्रा भर्ना भएका छन्।

सातजना विद्यार्थी भएको स्कूलमा तीन शिक्षक दरबन्दी र नौ जनाको विद्यालय व्यवस्थापन समिति छ भने समितिका कुनै पनि सदस्यका छोराछोरी त्यो स्कूलमा पढ्दैनन्। शिक्षा नियमावलीमा स्कूल व्यवस्थापन समितिमा रहन आफ्ना छोराछोरी सोही विद्यालयमा भर्ना भएको हुनुपर्ने व्यवस्था छ।

थोरै विद्यार्थी भए पनि विद्यार्थीको पढाइ भने चौपट भएको छ। तीन कक्षाका प्रेमचन्द्र तामाङलाई राम्रोसँग नेपाली पढ्न पनि आउँदैन। "तपाईंलाई देखेर लजाएका होलान्" शिक्षक सुशीला नेपालले भनिन्। उनका अनुसार वैशाखमा स्कूलले विद्यार्थी भर्नाका लागि घरदैलो अभियान चलाए पनि सफलता हात लागेन। अर्की शिक्षक सीता श्रेष्ठका अनुसार विद्यार्थीलाई निःशुल्क कापी, कलम र पोशाकका निम्ति नगद र छात्रवृत्ति उपलब्ध गराउने स्किम राखे पनि छात्रछात्रालाई आकर्षित गर्न सकिएको छैन। धनकुटाका जिशिअ दीर्घध्वज चापागाईले उक्त विद्यालयलाई नजिकैको स्कूलमा गाभ्ने तयारी भएको बताएका छन्। धनकुटामा प्रावि दरबन्दीमा ८८६ र राहतमा १३२, निमावि दरबन्दीमा १८० र राहतमा ११० तथा मावि दरबन्दीमा १२४ र राहतमा ८४ शिक्षक सङ्ख्या रहेको जिशिकाले जनाएको छ।



दुई जनालाई पढाउँदै सुशीला नेपाल

**गोपाल बराइली**, धनकुटा

तर शिक्षक थुप्रिएका कारण काठमाडौं जिशिकाले ७ वटा प्राविलाई नजिकका विद्यालयमा गाभ्ने प्रक्रिया थालेको छ। विद्यालयको हाजिरीमा २२ जना छात्रछात्रा देखाइए पनि दुई जनाभन्दा बढी छात्रछात्रा कहिले स्कूलमा नदेखिने डाँछीको शान्ति विद्याश्रम प्राविको शिक्षक दरबन्दी सङ्ख्या ५ वटा छ। जिशिकाले उक्त स्कूललाई यसै वर्ष नजिकको स्कूलमा गाभ्ने निर्णय गरेको छ।

सात जना विद्यार्थीका निम्ति ४ जना शिक्षक रहेको जयवली प्रावि साँखु, ४ जना विद्यार्थीका लागि ५ जना शिक्षक रहेको क्षितिज जनजागृति प्रावि सुनटोल, १२ जना विद्यार्थी र ३ जना शिक्षक रहेको नवशिक्षा विकास प्रावि जैशीदेवल पनि गाभिने विद्यालयमा परेका छन्। यसरी गाभिने विद्यालयमा जालपादेवी प्रावि कीर्तिपुर, इन्द्र प्रावि स्युचाटार, शिव पार्वती वद्रीनरसिंह प्रावि पशुपति पनि परेका छन्। दरबन्दी मिलानलाई सहयोग पुऱ्याउनका निम्ति विद्यार्थी नभएका विद्यालयलाई छिमेकी विद्यालयमा गाभ्न लागिएको जिशिका काठमाडौंले जनाएको छ। शिक्षा मन्त्रालयले शिक्षक व्यवस्थापनलाई सार्थक तुल्याउन दरबन्दी मिलानसँगै विद्यालय नक्साङ्कन तथा एकीकरण/समायोजनको नीति लिएको छ।

जिशिका काठमाडौंको दरबन्दी मिलान तथा विद्यालय एकीकरण सिफारिस समितिको २६ साउन २०६८ मा बसेको बैठकले पहिलो चरणमा आठ वटा प्रावि स्कूललाई चलेको छिमेकी स्कूलमा गाभ्ने निर्णय गरेको छ। "हामीले अनुगमन गर्दा यी स्कूलमा शिक्षक र विद्यार्थी झण्डै बराबर जस्तो पाएकाले गाभ्ने निर्णय गरेका हौं। यसले फाजिलमा रहेका शिक्षकलाई छात्रछात्रा भएका स्कूलमा सार्न सहयोग पुग्छ", उपसचिव बरालले भने। उनका अनुसार विद्यार्थी नभएर रित्तिँदै गएको मातातीर्थ गाविसको नन्दी गणेश मावि, डाँछीको चलनटार निमावि र अरू ३३ वटा प्राविसहित ३५ विद्यालय तुरुन्तै बन्द गर्नुपर्ने वा अर्को विद्यालयमा गाभ्नुपर्ने हालतमा पुगेका छन्। "यो शैक्षिक सत्रमा यीमध्ये कम्तीमा २० वटा चाहिँ गाभिन्छन्", बरालले थपे। दरबन्दी मिलानका क्रममा काठमाडौं जिशिकाले विद्यार्थी नभएर बेकामे भएका काठमाडौंका २२ जना प्रावि शिक्षकलाई छात्रछात्रा बढी भएका स्कूलमा काजमा खटाइसकेको छ।

छात्रछात्रा रित्तिएर बन्द वा नजिकको स्कूलमा गाभ्नुपर्ने हालतमा पुगेको विद्यालयमा पर्छ लगनको सवल देउला प्रावि। विद्यालयको हाजिरीमा ५० जना जति छात्रछात्रा भए पनि उक्त विद्यालयमा दैनिक १०-१५ जनाभन्दा बढी छात्रछात्रा हुँदैनन्। शिक्षक प्रतिनिधिले २१ भदौ २०६८ मा उक्त विद्यालयको आकस्मिक अनुगमन गर्दा कक्षा १-५ का जम्मा १५ जना नानीहरूलाई एउटै कक्षामा राखिएको थियो भने शिशु कक्षाका भनिएका ८ जना नानीहरूलाई अर्को कक्षामा राखिएको थियो। ४ जना शिक्षकले

# रिपोर्ट शिक्षक दरबन्दी मिलान

ती दुई वटा कक्षालाई पालैपालो पढाउने गरेका छन् । छात्रछात्रालाई विद्यालयमा ल्याउने घरदैलो कार्यक्रम, कापीकलम र चक्लेट उपहार कार्यक्रम पनि बेलाबेलामा गर्ने गरेको सवल देउला प्राविकी शिक्षक मधु श्रेष्ठ बताउँछिन् । "तैपनि केही लागेन । कुनै दिन त एक जना पनि विद्यार्थी विद्यालयमा हुँदैन । हामी मात्रै हुन्छौं", उनले थपिन् ।

## राष्ट्रिय अनुपातको स्थिति

शिक्षा विभागको *फ्ल्यास-१ २००८* अनुसार कक्षा १-५ मा अहिले शिक्षक विद्यार्थी अनुपात ४२:२, कक्षा ६-८ मा ५३:१, कक्षा १-८ मा ४४:१, कक्षा ९- १० मा ३४:१, कक्षा ९:१२ मा ४१:१ र कक्षा ११-१२ मा पनि ४१:१ रहेको छ। कक्षा १ देखि १२ सम्म ६२ लाख ७८ हजार ७८२ छात्रछात्रा छन् भने दरबन्दी र राहतका गरेर १ लाख ४९ हजार २८० शिक्षक कार्यरत छन्। कक्षा १२ सम्मको छात्रछात्रा र शिक्षक अनुपात औसत ४२:१ रहे पनि शिक्षक विद्यार्थी असन्तुलन सबैभन्दा बढी प्राथमिक तहमा देखिन्छ । प्राविमा थोरै छात्रछात्रा र बढी शिक्षक छन् भने निमावि र माविमा विषयगत शिक्षकको अभाव छ। प्राविमा बढी भएको दरबन्दी निमावि र माविमा मिलान गर्ने हो भने अहिलेको शिक्षक-विद्यार्थी असन्तुलनलाई केही घटाउन सकिने सरकारी अधिकारीहरूको विश्वास छ। तथापि दरबन्दी मिलानको चालु कार्यक्रमले सरकारी विद्यालयमा रहेको विषयगत शिक्षकको अभाव चाहिँ पूर्ति गर्न सक्दैन ।

शिक्षा विभागले प्रकाशन गर्दै आएको *फ्ल्यास रिपोर्ट* विश्वसनीय नभएकाले सरकारी निर्देशन बमोजिम नै दरबन्दी मिलान सम्पन्न भएमा कुन तहमा कति शिक्षक चाहिएला वा भएकै शिक्षकलाई यताउता सार्दा अहिलेको खाँचो पूर्ति होला भन्ने बारेमा शिक्षा विभागले केही अनुमान गर्न सकेको छैन । त्यसैले विभागले दरबन्दी मिलानअघि शिक्षक र छात्रछात्राको यकिन तथ्याङ्क निकाल्न जिशिकाहरूलाई भनेको छ । "दरबन्दी मिलानपछि शिक्षक पुग्छ वा अरू थप्नुपर्छ भन्ने बारे अहिले केही भन्न सकिन्न" यो विभागका उपनिर्देशक गणेशप्रसाद पौडेलको कथन हो ।

## दैलेखको बाटो हिंड

२०४९ सालदेखि शुरु भएको दरबन्दी मिलानको प्रयास १८ वर्ष बितिसक्दा पनि पूर्ण नभएपछि पाँच महिनाअघि पुन: शुरु गरिएको हो। दरबन्दी मिलान पुरानै ढाँचामा अघि बढाउने हो भने फेरि पनि सफल हुने छाँट छैन। किनभने बितेका पाँच महिनामा दैलेख बाहेक कुनै पनि जिल्लाले तोकिएको मापदण्डभित्र रहेर दरबन्दी मिलान सम्पन्न गर्न सकेका छैनन्।

शिक्षक बढी भएका स्कूलबाट शिक्षक झिकेर शिक्षक नभएका स्कूलमा हाल्नु आदर्श शैक्षिक कार्यक्रम हो । तर, उक्त काममा राजनीतिक दल, शिक्षकका पेशागत संस्था र शिक्षक स्वयं बाधक बन्दै आएका छन् । निर्वाचित निकायको अभाव रहेको आजको सङ्क्रमणकालमा जिल्ला तहमा कुनै पनि सरकारी सफल पार्न सर्वदलीय संयन्त्रको भूमिका सशक्त बन्दै गएको छ। जिल्लाको एउटा विद्यालयमा बढी भएका शिक्षकलाई शिक्षक अभाव झेलिरहेका विद्यालयमा पठाउने जिम्मा जिशिकाले त्यही संयन्त्रको काँधमा हाल्ने हो भने दरबन्दी मिलानको झमेलाबाट सजिलै मुक्त हुन सकिन्छ । शिक्षा विभागको औपचारिक निर्देशन नभए पनि दैलेखका जिशिकाले दरबन्दी मिलानको जिम्मा दलको काँधमा हालेर सफलता हात पारिसकेको छ। शिक्षा मन्त्रालय र शिक्षा विभाग र देशका अरू जिशिका पनि दैलेखकै बाटो हिँड्ने हो भने चाहिँ गन्तव्यमा पुग्न असम्भव लाग्दैन।


श्रम, सीप र प्रविधियुक्त गुणस्तरीय शिक्षा,
विद्यालय शान्ति क्षेत्र नेपालीको इच्छा

नेपाल सरकार, शिक्षा मन्त्रालय
शिक्षा विभाग

# शिक्षकले मात्रै केही गर्न सक्दैनन्

**कक्षामा पढाउने शिक्षक हुँदा उसको कमजोरी होला, यो जिम्मेवारी उसले लिनुपर्छ। तर के यसको कारण शिक्षक मात्र हो त ? अन्य पक्ष यसमा जिम्मेवार छैन ? अनि के शिक्षा सचिव र जिल्ला शिक्षा अधिकारीको जिम्मेवारी केही हुँदैन ? नपढाउने वा गैरजिम्मेवार शिक्षकलाई कुनै कारबाही गर्न सक्दिनँ, सरुवा गर्न पनि सक्दिनँ भन्नु शिक्षा सचिवको लाचारी बाहेक के हो ?**

एसएलसीको परिणाम सम्बन्धमा *शिक्षक* को साउन अङ्क (२०६८)का विशेष लेख तथा टिप्पणीहरू पढेपछि केही लेख्न खसखस जाग्यो।

हो, एसएलसी परीक्षाको नतिजा सन्तोषजनक छैन। यसका बारेमा चिन्ता र चासो रहनु स्वाभाविक छ। परीक्षाको नतिजा विश्लेषण गर्दा त्यसलाई प्रभाव पार्ने कुराहरू के-के हुन् र के अवस्था छ, तिनको पनि विश्लेषण हुनुपर्ने हो। तर त्यसो भएको पाइएन। नतिजा खस्कनुमा सबै दोष शिक्षकको हो भन्ने आशयले विश्लेषण गरेको पाइयो। यस विषयमा अन्य पक्षलाई टाढै राखेर किन एकपक्षीय रूपमा टिप्पणी वा विश्लेषण हुन्छ भन्ने नै खसखसको विषय हो। यस सम्बन्धमा शिक्षकहरू मात्र दोषी हुन् त? शिक्षकका पेशागत संस्थाले तलब सुविधा वृद्धि, पेशागत हित र शैक्षिक, भौतिक पूर्वाधारमा केन्द्रित भएको, शैक्षिक सुधारमा ध्यान नदिएको भनिएको छ। पहिलो कुरा त; पेशागत संस्थाको मूल उद्देश्य र जिम्मेवारी भनेको पेशागत हकहित नै हो। त्यसले त्यसैमा केन्द्रित हुनुपर्छ र हुन्छ नै। दोस्रो कुरा; शैक्षिक-भौतिक पूर्वाधारको सुधार भनेको शैक्षिक सुधार हैन र?

शिक्षामा अन्य क्षेत्रमा भन्दा बढी बजेट लगानी भएको विषय पनि चर्चाको विषय बनेको छ। पहिलो कुरा त; लगानी नै नगरी प्रतिफलको अपेक्षा कसरी गर्न सकिन्छ? फेरि शिक्षकको लगानी भनेको अन्य क्षेत्रको लगानी जस्तो छिट्टै प्रतिफल देखिने लगानी हैन, लामो समय लाग्छ। अर्को कुरा, शिक्षा जस्तो देश र जनताको चौतर्फी विकासको आधारशिला तयार गर्ने क्षेत्रको लगानी भनेको अरू सबै क्षेत्रको सुधारको लागि पनि हो। देशलाई आवश्यक चेतनशील र सक्षम जनशक्ति तयार भए मात्र अन्य क्षेत्रको सुधार हुने हो। रह्यो शिक्षामा भएको लगानी सदुपयोग भएको छ कि छैन भन्ने कुरा। राज्यले अनुगमन मूल्याङ्कन गरेर शिक्षामा लगानी वृद्धि गर्न आवश्यक भएर नै वृद्धि भएको होला।

एसएलसी नतिजाले शिक्षामा भएको लगानीको उपहास नै गरेको हो त? हो, एसएलसी परीक्षाको नतिजा विश्लेषण गर्दा संस्थागत (निजी) विद्यालयको तुलनामा सामुदायिक (सरकारी) विद्यालयको नतिजा पछाडि छ। कक्षामा पढाउने शिक्षक हुँदा उसको कमजोरी होला, यो जिम्मेवारी उसले लिनुपर्छ। तर के यसको कारण शिक्षक मात्र हो त? अन्य पक्ष यसमा जिम्मेवार छैन? अनि के शिक्षा सचिव र जिल्ला शिक्षा अधिकारीको जिम्मेवारी केही हुँदैन? नपढाउने वा गैरजिम्मेवार शिक्षकलाई कुनै कारबाही गर्न सक्दिनँ, सरुवा गर्न पनि सक्दिनँ भन्नु शिक्षा सचिवको लाचारी बाहेक के हो? स्रोतव्यक्ति शिक्षककै चुनावबाट आउँछन्, जसले अनुगमन नै गर्दैनन् भन्ने शिक्षा सचिवको अभिव्यक्ति हो भने यसको व्यवस्था कसले र किन गरेको हो? यी सबै शिक्षकले नै गरेको हो? अनि शिक्षा सचिवको मातहतकै कर्मचारी; जसको मुख्य जिम्मेवारी नै विद्यालयको निरीक्षण अनुगमन हो, ले चाहिँ एउटा विद्यालयको वर्षमा कति पटक अनुगमन गर्छन्?

सामुदायिक र संस्थागत विद्यालयको एसएलसी परीक्षाको नतिजा विश्लेषण गर्दा त्यसमा प्रत्यक्ष र परोक्ष प्रभाव पार्ने पक्षहरूको पनि विश्लेषण हुनुपर्ने हो; तर त्यसरी भएको पाइएन। त्यसैले त्यो नतिजामा प्रभाव पार्ने अन्य पक्षहरूको सङ्क्षिप्तमा चर्चा गरिएको छ।

## विद्यार्थीको पारिवारिक, सामुदायिक पृष्ठभूमि

विद्यार्थीको पारिवारिक र सामुदायिक पृष्ठभूमिले उसको शैक्षिक स्तरलाई प्रत्यक्ष प्रभाव पार्दछ। निजी विद्यालयमा आउने विद्यार्थीको पारिवारिक अवस्था; चेतना, आर्थिक र सामाजिक तथा सांस्कृतिकस्तर तुलनात्मक रूपमा उच्च हुन्छ। उसका अभिभावक आफ्ना बालबालिकाको पठनपाठन र अन्य कार्यप्रति सचेत हुन्छन्। विद्यार्थीको सम्पूर्ण समय आफ्नो पठनपाठन र मनोरञ्जनमा नै बितेको हुन्छ। उसलाई अन्य कुराले प्रभाव पार्ने अवस्था हुँदैन। तर सामुदायिक विद्यालयमा उसको अभिभावकको चेतनास्तर, आर्थिकस्तर र सामाजिक सांस्कृतिकस्तर निम्न हुन्छ। बालबच्चाको पठनपाठनमा भन्दा पनि पालनपोषणमा नै अभिभावकको चिन्ता रहन्छ। यस्तो अवस्थामा स्तरीय पठनपाठनको कुरा टाढै रहन्छ।

## विद्यार्थीको अवस्था

दुईथरी विद्यालयमा आउने विद्यार्थीको व्यक्तिगत अवस्था पनि अत्यन्त फरक हुन्छ। निजीमा आउने विद्यार्थी भौतिक, मानसिक वा मनोवैज्ञानिक रूपमा सम्पन्न हुन्छ। उसलाई तीन वर्ष पनि उमेर पुग्दा नपुग्दै विद्यालय भर्ना गरिन्छ। पूर्व नर्सरी (प्ले ग्रुप), नर्सरी, एल.के.जी, यु.के.जी हुँदै बल्ल ऊ कक्षा एकमा पुग्छ। एक कक्षामा पुग्दा नै उसको शैक्षिक जग र आफ्नो पढाइको तयारी गर्ने बानी राम्रै बसिसकेको हुन्छ। त्यसपछिका कक्षाहरूमा पनि राम्रैसँग कसी लगाउँदै एसएलसी परीक्षामा सहभागी गराइन्छ। त्यसैले

# बहस शिक्षा र शिक्षकका समस्या

**सामुदायिक विद्यालय राजनीतिको अखडा नै बनेका छन् र त्यसको दोष पनि शिक्षकले नै पाएका छन्। वास्तवमा इमानदार, कर्तव्यनिष्ठ शिक्षकहरू विद्यालयलाई राजनीतिक चलखेलबाट टाढै राख्न चाहन्छन्। तर त्यसको मूल्याङ्कन गर्ने कसले ?**

त्यस्ता विद्यार्थीको नतिजा राम्रो हुनु स्वाभाविक हो। तर सरकारी विद्यालयमा आउने विद्यार्थी धेरै कुराको अभाव र मानसिक तनाव झेल्दै आएको हुन्छ। बिना पोशाक विद्यालय आउन बाध्य भएर लज्जित वा दण्डित हुनुपर्ने, बिहानभरी घरको काम गरेर हतारमा थकित भई विद्यालय आउनुपर्ने, बिहान हतारमा खाना खाएपछि दिनभर भोको पेटमा पठनपाठनमा सरिक भएर बेलुकी घर पुग्दा पनि भोक मेटाइहाल्ने अवस्था नहुने, 'पढ्ने त विद्यालयमा पो त' भन्ने सोचाइका अभिभावक आदि उसको शैक्षिक अवस्थामा प्रत्यक्ष प्रभाव पार्ने तत्व हुन्। ऊ एकैचोटि कक्षा-१ मा आउँछ। हाल आएर पो पूर्व प्रावि वा बाल कक्षाको व्यवस्था भएको छ, त्यही पनि अपर्याप्त। उसको शैक्षिकस्तर न्यून हुँदाहुँदै पनि कक्षा चढ्दै गएको हुन्छ, त्यसरी कक्षा चढाउँदै लैजानुपर्ने विद्यालयको पनि परिस्थितिजन्य बाध्यता हुन्छ। यसरी शैक्षिकस्तर कमजोर भएको विद्यार्थीको एसएलसीको नतिजा न्यून हुनु अस्वाभाविक हैन।

### विद्यालयको भौतिक अवस्था

दुईथरी विद्यालयको भौतिक अवस्था पनि धेरै फरक हुन्छ, जसले शैक्षिक स्तरलाई प्रत्यक्ष प्रभाव पार्दछ। निजी विद्यालय प्रतिस्पर्धामा चल्ने, व्यक्तिगत वा समूहगत लगानी हुने, लगानी अनुसारको प्रतिफल प्राप्त हुने, अरूको ध्यानाकर्षण गर्न भौतिक पक्ष आकर्षक बनाउनुपर्ने हुनाले भौतिक पक्षको अप्ठ्यारो न्यून हुन्छ। तर सरकारी विद्यालय सामुदायिक हुने, कक्षा सञ्चालनको अनुमति दिएपछि आफ्नो जिम्मेवारी पूरा भएको देख्ने, भौतिक पक्षमा वास्ता नगर्ने सरकारी नीति र न्यून आर्थिक अवस्था भएको समुदाय आदिले गर्दा भौतिक पक्षमा धेरै अप्ठ्यारो हुन्छ।

### राजनीति र त्यसको प्रभावमा परेको वि.व्य.स.

सामुदायिक विद्यालय राजनीतिको अखडा नै बनेका छन् र त्यसको दोष पनि शिक्षकले नै पाएका छन्। वास्तवमा इमानदार, कर्तव्यनिष्ठ शिक्षकहरू विद्यालयलाई राजनीतिक चलखेलबाट टाढै राख्न चाहन्छन्। तर त्यसको मूल्याङ्कन गर्ने कसले ? शिक्षा सचिवको भनाइ त पढिहालियो। उहाँले आफूलाई चाहिँ बडो इमानदार, कर्तव्यनिष्ठ देखाउनुभएको छ। बिहान ७ बजेदेखि ८ बजेसम्म काम गर्छु रे! होला, उहाँको काम हामीले अनुगमन, मूल्याङ्कन गर्ने हैन। तर सामुदायिक विद्यालयमै काम गर्ने कैयौं यस्ता शिक्षक छन् जसले आफ्नो विद्यालयको भौतिक, शैक्षिक सुधारको लागि रात दिन नभनी खटेका छन् र सुधारेका पनि छन्। अनुगमन मूल्याङ्कनको जिम्मेवारी लिएर बसेको शिक्षा मन्त्रालय र मातहतका निकायसँग यसको अभिलेख छ ? ती शिक्षकको मनोबल उठाउने र अरूलाई पनि उत्प्रेरित गर्ने कुनै कार्य गरेको छ ? वास्तवमा विद्यालयलाई राजनीतिको केन्द्र सरकारले नै बनाएको छ। विद्यालय व्यवस्थापन समिति गठन हुँदा स्थानीय निकायको झल्को दिने गरी दलगत रूपमा उम्मेदवार खडा गराएर प्रत्यक्ष मतदान गरी जित र हार गराएर राजनीतिक रङ लगाई समिति गठन हुन्छ। यसरी बनेको समितिले विद्यालयको हितमा भन्दा आफ्नो दलको स्वार्थ र निर्देशनमा नै काम गर्छ। अनि त्यहाँ द्वन्द्व शुरु हुन्छ, राजनीतिक खेल शुरु हुन्छ। विद्यालयको रिक्त दरबन्दीमा वर्षौंसम्म शिक्षक नियुक्ति हुनसक्दैन। राजनीतिक दलका भ्रातृ सङ्गठनको रुपमा दल अनुसार शिक्षकका पेशागत संस्था गठन गरी शिक्षकलाई विभाजित गरिएको छ। 'फुटाऊ र शासन गर'को नीति कार्यान्वयन भएको छ। यस्तो राजनीतिले शैक्षिक स्तरमा प्रत्यक्ष प्रभाव पारेको छ।

### शिक्षकको अवस्था

निजी र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको अवस्था पनि फरक छ। हो, सामुदायिक शिक्षकको तलब लगायतका न्यूनतम सेवा-सुविधा सरकारबाट नै प्राप्त हुन्छ। अधिकांश शिक्षक तालिम प्राप्त पनि छन्। राज्यको नियम कानुनले तोकेअनुसार सबै व्यवस्था भएर पनि उनीहरू दोस्रो दर्जाको कर्मचारी हुन्छन्। अन्य देशमा सबैभन्दा मर्यादित र सुविधायुक्त पेशा शिक्षण हुन्छ तर नेपालमा चाहिँ सबैभन्दा हेलित र तुच्छ मानिन्छ। फेरि शिक्षकको कामको उचित र आवश्यक रेखदेख, अनुगमन, मूल्याङ्कन छैन। केही गैरजिम्मेवार, कामचोर शिक्षकसँगै तमाम इमानदार, कर्तव्यनिष्ट शिक्षकलाई एउटै घानमा हालेर सबै पक्ष र क्षेत्रबाट गाली गरेपछि कसलाई खटेर काम गर्ने उत्साह होला ? अझ गाली मात्र हैन इमानदारले दण्ड र कामचोर, फटाहाले चाहिँ पुरस्कार पाइरहेको अवस्था छ। निजी विद्यालयमा काम गर्ने शिक्षकको भने निरन्तर अनुगमन मूल्याङ्कन भइरहने, उसको खटाइको आधारमा दण्ड वा पुरस्कार हुने, हाम्रो हैन राम्रो मान्छेलाई आकर्षण र प्रोत्साहन हुने हुँदा पेशागत असन्तुष्टि भएर पनि खटाई अनुसारका उपलब्धि र मूल्याङ्कन पनि भइरहेको देखिन्छ। काम गर्नेलाई बढीभन्दा बढी खट्ने अवस्था र वातावरण सृजना गरी त्यसबाट बढीभन्दा बढी प्रतिफल प्राप्त गर्नु नै निजी विद्यालयका सञ्चालकको लक्ष्य हुन्छ।

### अभिभावकको लगानी र चासो

जहाँ आफ्नो लगानी हुन्छ, त्यहाँ स्वाभाविक रूपले नै चासो बढी हुन्छ। संलग्नता पनि बढी रहन्छ। सामुदायिक विद्यालयमा अभिभावकको लगानी खासै हुँदैन, त्यसैले त्यसप्रति चासो र संलग्नता पनि त्यति रहेको पाईंदैन। तर निजी विद्यालयमा अभिभावकको लगानी धेरै हुने हुँदा त्यसप्रति चासो र संलग्नता पनि धेरै रहेको पाइन्छ। अभिभावकमा आफ्नो बालबच्चाको पढाइप्रति जति बढी चासो र सहभागिता रहन्छ, त्यति नै बढी बालबच्चाको शैक्षिकस्तर पनि राम्रो हुन्छ।

### पाठ्यक्रम, पाठ्यवस्तु र परीक्षा प्रणाली

हाम्रो पाठ्यक्रम पाठ्यसामग्रीले बुझाएर, धारणा बसाएर अभ्यास गर्दै सिक्ने/सिकाउनेतिर भन्दा रट्ने, रटाउनेतिर नै शिक्षक-विद्यार्थीलाई बढी केन्द्रित गर्दछ। परीक्षा प्रणाली पनि त्यस्तै छ। कुनै पनि तरिकाले निर्धारित समयभित्र विद्यार्थीले उत्तरपुस्तिकामा प्रश्नको उत्तर लेखे पुग्यो। झन् हाल केही वर्षयताका परीक्षाको त के चर्चा गर्नु र? जसले परीक्षाकेन्द्र कब्जा गरेर कुनै पनि तरिकाले विद्यार्थीलाई बढी लेखाउन सक्यो, उसैको परीक्षाको नतिजा राम्रो, उसैले मानसम्मान पाउने, उसैले प्रोत्साहन र पुरस्कार पाउने। जहाँ परीक्षा मर्यादित भयो, त्यहाँको नतिजा कम भयो। अनि त्यस्ता इमानदार, नैतिकवान र कर्तव्यनिष्ठ शिक्षकले नै सबैको गाली खानुपर्ने, खुम्चिएर रहनुपर्ने। अनि, कसरी इमानदार र कर्तव्यनिष्ठ शिक्षकको मनोबल माथि उठ्छ र शैक्षिकस्तर पनि माथि उठ्छ?

### विद्यालय खोल्ने अनुमति

विद्यालय सञ्चालन गर्न बेलगामको अनुमति दिएर पनि शैक्षिक गुणस्तरमा प्रभाव पारेको छ। आवश्यकता पहिचान, नक्साङ्कन, योजना तथा कार्यक्रम केही नहेरी अनुमति दिने सरकारी गैरजिम्मेवार नीति र शिक्षा जस्तो संवेदनशील विषयलाई हाम्रो जस्तो चेतनास्तर न्यून रहेको समुदायलाई जिम्मा दिने कार्यक्रमले गर्दा पनि शैक्षिकस्तर गिर्दो अवस्थामा छ र शिक्षकहरूले गाली खप्नुपर्ने अवस्था छ।

### वातावरणको प्रभाव

केही समययता ग्रामीण परिवेश होस् वा शहरी, सामुदायिक वातावरण असाध्य बिग्रिएको छ। इमानदार, नैतिकवान व्यक्ति खुम्चिएर, चाउरिएर बस्नुपर्ने र अराजक, हुल्लाडबाज व्यक्तिको हालीमुहाली चलिरहेको छ। बालकको पहिलो पाठशाला घरपरिवार, दोस्रो पाठशाला समुदाय हो, जहाँ उसले धेरै कुरा सिकिसकेर विद्यालय आउँछ। त्यसपछि पनि उसले घरपरिवार र समुदायबाट धेरै कुरा सिक्छ। हाल विद्यालयमा आइरहेको विद्यार्थीले उसको अभिभावकलाई टेर्दैन, पारिवारिक अनुशासन र मर्यादाबाट बाहिर गइसकेको हुन्छ। अभिभावक विद्यालयमा आएर आफूले तह लगाउन नसकेको हुँदा विद्यालयले तह लगाइदिनू भनी आफ्नो विवशता व्यक्त गर्छ। घरपरिवार र सामुदायिक वातावरणले नै उसलाई छाडा बनाउँछ भने विद्यालयले चाहिँ के गर्न सक्छ? अनि त्यस्तो छाडा प्रवृत्ति र व्यवहार लिएर आएको विद्यार्थीले के गर्ला? उसको सिकाइ र शैक्षिकस्तर कस्तो होला?

माथि उल्लिखित कुराहरू शैक्षिक गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने तत्वहरू हुन्, जसलाई सबै पक्ष मिलेर सुधार र निराकरण गर्नुपर्ने हुन्छ। यी पक्षहरूको सुधार गर्नतिर नलागी खाली शिक्षकलाई मात्र दोष थोपारेर अन्य पक्ष (शिक्षाकर्मी, विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरू) चोखिन सक्दैनन् र एसएलसी परीक्षाको नतिजालगायत देशको समग्र शैक्षिकस्तर माथि उठ्न सक्दैन।

**शिवप्रसाद न्यौपाने**
बाघ भैरव उमावि, ठोकर्पा, सिन्धुली

## खस्किएको शिक्षाको साख

**सार्वजनिक** शिक्षाको साख उड्नुका पछाडि थुप्रै कारणका अतिरिक्त अस्थिर राजनीति पनि एक हो। सार्वजनिक शिक्षाले आफ्नो प्राकृतिक रङ्ग ग्रहण गर्न राज्यले शिक्षाको दायित्व बोक्नै पर्छ, वर्तमानसम्ममा खुलेका सबै प्रकारका शिक्षा प्रदान गर्ने निजी कम्पनीहरू सरकारीकरण गरिनुपर्छ, शिक्षकहरूको नियुक्तिमा आरक्षण जस्तो घृणास्पद कार्यको अन्त्य गरी योग्यतालाई आधार बनाइनुपर्छ। शिक्षणलाई 'पार्ट टाइम जब' बनाई घरपायक जागिरका कारण काम चोर्ने प्रवृत्तिको अन्त्य गरिनुपर्छ। समग्रमा शिक्षणलाई आदर्श मर्यादित र बौद्धिक पेशामा रुपान्तरण गर्न कुनै कसर बाँकी राखिनुहुँदैन।

**कृष्ण खड्का**
श्री प्रद्युम्न पनेरू उमावि सेतीदोभान-५, स्याङ्जा

## समस्याका तीन सूत्र

**हाम्रो** सार्वजनिक शिक्षालाई सुध्रिन/सुधार्न या स्तरीय बनाउन नदिने राजनीतिक दल हुन्। हाम्रा सार्वजनिक विद्यालयमा सूचारु हुन नदिने या शैक्षिक वातावरण बिगार्ने अभिभावक हुन्। हाम्रा सार्वजनिक विद्यालयका शिक्षकलाई भाँड्ने; सही ढङ्गबाट पठनपाठन गर्न बाधा पुऱ्याउने विद्यालय व्यावस्थापन समितिका पदाधिकारी हुन्।

**सुरेन्द्र पाण्डे**
पर्सा देवाङ-४, महोत्तरी

## इमान्दारहरूको खाँचो

**समयसापेक्ष** शिक्षा नीतिको निर्माण, शिक्षकका नाममा राजनीति गर्ने शिक्षकलाई कार्बाही, मिहिनेती, लगनशील शिक्षकलाई प्रोत्साहन, विद्यालयस्तरमा राजनीतिक दल/संघ/सङ्ठनका कार्यक्रम र सदस्यता वितरण जस्ता क्रियाकलापमा रोक, विद्यार्थीलाई जिन्दावाद, मुर्दावाद, जुलुस, तोडफोडमा मात्र सीमित राख्ने र शिक्षण संस्थाहरू बन्द गर्ने जस्ता कार्यहरूमा प्रतिबन्ध जस्ता कार्यहरू गर्न सकेमा मात्र हाम्रो शैक्षिक विकास सम्भव छ। राजनीति र शिक्षा दुवै अपरिहार्य तत्व हुन्– समाज र राज्य सञ्चालन गर्न राजनीति र देशको लागि सक्षम दक्ष जनशक्ति तयार गर्न शिक्षा। तसर्थ राजनीतिलाई सही दिशाबोध गराउन सके यसको नकारात्मक प्रभावबाट शिक्षा क्षेत्रलाई बचाउन सकिन्छ। यसको लागि इमानदार राजनीतिक कार्यकर्ता, इमानदार शिक्षक र जिम्मेवार अभिभावकको आवश्यकता छ।

**धर्मेन्द्रकुमार जोशी**
श्री सिद्धनाथ बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

संस्मरण

पीताम्बर शर्मा



# २१ वर्षे ठिटोको हेडमास्टरी !

**भूपी शेरचनको यो 'चिसो एस्ट्रे' (काठमाडौं) मा बसेको ५० वर्ष नाघिसक्यो, तर "घर कहाँ ?" भनेर कसैले सोध्दा अनायासै "पर्वत, फलेवास" भन्छु। वर्षको एकपल्ट त्यहाँ पुगेकै हुन्छु। म हेडमास्टर भएयताका विगत ४४ वर्षमा फलेवास र भवानी विद्यापीठ दुवै बदलिइसकेका छन्।**

२०२४ माघदेखि २०२५ कात्तिकसम्म झण्डै एक शैक्षिक वर्ष म भवानी विद्यापीठ हाईस्कूल (पर्वत, फलेवास खानीगाउँ) मा हेडमास्टर रहेँ। मेरो 'हेडमास्टरी' जागिर कम र पारिवारिक दायित्वको निर्वाह बढी थियो। एमएको पढाइ सकेर 'अब के गर्ने' भन्ने प्रश्नसँग जुध्दैथिएँ। सरकारी जागिर खाने रहर थिएन। उच्च अध्ययन गर्न छात्रवृत्ति चाहिन्थ्यो। अवसरहरू अत्यन्त कम थिए। त्यहीबेला पिताजीले घर फर्कने र केही समयदेखि अस्तव्यस्त स्कूलमा हेडमास्टर भएर 'हजुरबाको ऋण तिर्ने' खबर पठाउनुभयो। त्यो मैले हार्न सक्ने कुरा थिएन। लगत्तै म फलेवास फर्कें। त्यसबेला म २१ वर्षको केटो थिएँ।


भवानी विद्यापीठको इतिहास चाखलाग्दो छ। मेरा हजुरबा भवानीप्रसाद शर्मा (वि.सं. १९४३-२०२३) ले १९८४ सालमा निजी खर्चमा शिक्षक राखेर अमरकोश, चण्डी आदि पढाउने अनौपचारिक विद्यालय खोल्नुभएको थियो। १९९८ सालमा त्यो विद्यालयले भाषा पाठशालाको मान्यता पायो। २००८ सालतिर अङ्ग्रेजी, गणित पढाउन शुरु गरियो। २०१० साल जेठ १ गते बालचन्द्र शर्मा, निर्मल लामा, भीमदर्शन रोक्का आदिको उपस्थितिमा 'भवानी विद्यापीठ' नामकरण गरी स्कूलको विधिवत् उद्घाटन भयो। वामपन्थी नेता निर्मल लामाले पछि केही काल त्यसमा पढाउनु पनि भयो। २०२० सालमा हाईस्कूलको स्वीकृति प्राप्त भयो।

त्यसताका स्कूल सञ्चालन गर्नु कठिन सामाजिक कार्य थियो। सरकारबाट पाइने अनुदान थोरै हुन्थ्यो। जनसाधारणलाई शिक्षाकै उपादेयता बुझाउनुपर्ने त्यो जमानामा बालबालिकालाई स्कूलसम्म ल्याउनु नै ठूलो कुरा हुन्थ्यो। स्कूल शुल्क न्यून हुन्थ्यो। हाम्रो स्कूलमा बालिका र दलित समुदायका विद्यार्थीलाई शुल्क लिइँदैनथ्यो। शिक्षकको तलब जुटाउन र योग्य शिक्षक पाउन उत्तिकै कठिन । प्राय: भनसुन गरेर भारत वा काठमाडौंबाट शिक्षक खोजेर ल्याउनुपर्थ्यो। २०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि स्कूलहरू राष्ट्रियकरण गरिए। अरू स्कूल जस्तै भवानी विद्यापीठको सञ्चालनको दायित्व पनि राज्यले लियो।

मेरो प्रारम्भिक शिक्षा यही विद्यापीठमै भएको हो। २०१३ सालपछि चाहिँ मैले काठमाडौंमा पढेँ। हेडमास्टरका रूपमा भवानी विद्यापीठ प्रवेश गर्दा स्कूलमा पढाएको केही अनुभव मसँग थियो। हजुरबाले काठमाडौंमा पढ्ने परिवारका सदस्यहरूले 'मीनपचास'को बिदामा घर जाँदा स्वयंसेवक भई स्कूलमा पढाउनै पर्ने नियम बसाउनुभएको थियो। त्यही नियम अन्तर्गत मैले ८, ९ र १० कक्षालाई अङ्ग्रेजी, भूगोल, इतिहास, विज्ञान आदि पढाइसकेको थिएँ। यसैले स्कूलको वातावरणसँग म पूरै अपरिचित थिइनँ।

म हेडमास्टरका रूपमा प्रवेश गर्दा विद्यालयमा विद्यार्थी ६०० र शिक्षक ११ को हाराहारीमा थिए। त्यसबेलाको सन्दर्भमा यो निकै ठूलो स्कूल थियो। विद्यार्थीहरू तल्लो कक्षामा बढी हुन्थे। शिक्षकको तलब बढीमा मासिक रु.४०० जति पुग्थ्यो कि ! दुईजना बाहेक प्राय: सबै शिक्षक स्थानीय नै थिए। पञ्चायत उत्कर्षतिर लागिरहेको त्यो बेला स्कूलमा अहिलेको जस्तो दलगत राजनीति थिएन, तर सतहमुनि ग्रामीण समाजका विभिन्न स्वार्थ र समूहहरूको सलबल स्पष्टत: अनुभव गर्न सकिन्थ्यो।

हेडमास्टरको जिम्मेवारी सम्हालेको पहिलो दिन शिक्षकहरूसँग भेटघाट गरेँ तर कुनै वाचा गरिनँ। स्कूललाई सुचारु गर्न सहयोगको अनुरोध र अपेक्षा मात्र गरेँ। मुलाहिजा नगरी स्कूल सञ्चालन गर्ने मनसाय बताएँ। त्यहाँ सबैभन्दा कान्छो म नै थिएँ। सबैले टाउको हल्लाए, त्यसमा समर्थनभन्दा "हेर्दै जाऔँ, के हुन्छ" भन्ने भाव भएको बुझेँ। भोलिपल्टदेखि पढाइको रुटिन लागू गर्नतिर लागेँ। मेरो कक्षाको भार अरूको भन्दा कम थिएन। आफ्नो कक्षा लिनु त छँदैथियो, अनुपस्थित शिक्षकको कक्षामा गएर 'मनिटर'को



रबिन सायमि

**शुक्रबार स्कूल आधा दिन बिदा हुन्थ्यो। सबै केटाकेटीले आ-आफ्नो कक्षाकोठामा कुचो लगाउँथे, कहिलेकाहीँ लिप्थे पनि। स्कूलसँगको अपनत्वको एउटा नमुना! यही अपनत्वलाई विस्तारित गरे स्वामित्व अनुभव हुने न हो!**

जिम्मामा 'क्लास वर्क' दिन शुरु गरेँ। यसले हो-हल्लामा कमी ल्यायो। कक्षामा अबेर जाने र चाँडै निस्कने शिक्षक पहिचान गरेँ, उनीहरूसँग कुराकानी गरेँ। आदेशभन्दा उदाहरणले बाटो देखाउने जुक्ति लिएँ। यसरी एक महिना जतिमै कक्षाहरू प्राय: नियमित जस्तै भए। यो जुक्तिले मलाई चाहिँ निकै कजायो। एउटा कक्षाबाट अर्कोमा जाने क्रममै दिन सकिन्थ्यो। साँझ-बिहान कक्षाका निम्ति तयारी पनि गर्नुपर्थ्यो। फलस्वरूप झण्डै १० महिनाको कार्यकालमा एकदिन पनि बिदा लिने फुर्सद भएन। कक्षा सुचारु गर्न विद्यार्थी मनिटरबाट ठूलो सहयोग मिल्यो। लगनशील र उत्तरदायी 'क्लास मनिटर' भए कक्षा व्यवस्थापनको काम ५० प्रतिशतभन्दा बढी सहज हुन्छ भन्ने मेरो अनुभव छ।

सबै शिक्षकसँग घुलमिल हुन र उनीहरूका गुनासा एवं समस्या बुझ्न दिउँसोको छुट्टीमा सँगै चिया खान जाने र स्कूल सकिएपछि पनि केही समय बिताउने गर्न लागेँ। कक्षा सकिएपछि सिनियर विद्यार्थीहरू भलिबल खेल्थे। अम्पायर गर्ने वा खेलाडीका रूपमा मैले पनि खेलमा भाग लिन लागेँ। यसो गर्दा धेरै विद्यार्थीलाई मैले नजिकबाट चिन्ने मौका पाएँ। प्राय: टाढाका विद्यार्थी उमेर छिप्पिएपछि स्कूल भर्ना हुन्थे। केही विद्यार्थी मेरै उमेरका वा कोही त जेठा समेत थिए। घरबाट भागेर स्कूल भर्ना हुन आउने विद्यार्थी पनि हुन्थे। सुतेको ग्रामीण समाजमा ज्ञानको त्यो कस्तो भोक!

करिब सात करोड वर्ष अगाडि हिमालय पर्वत शृङ्खलाको उद्गम हुँदा हिमालयको उठानका साथसाथै उत्तर-दक्षिण बहने नदीहरूले ती उठ्दै गरेका पर्वतलाई काट्ने क्रम जारी राखे। अर्थात् जति पर्वत अग्लिँदै गयो, त्यत्तिकै उपत्यकाहरू गहिरिँदै गए। कालीगण्डकी हिमालको मुख्य पर्वत शृङ्खला काटेर निस्केको नदी हो। यस्ता नदीलाई भूगोल विधामा एन्टिसिडेन्ट (antecedent) नदी भनिन्छ। धौलागिरि र अन्नपूर्ण हिमालका बीच यो नदी संसारको सबैभन्दा गहिरो मध्येको गल्छी छिचोलेर दक्षिणतिर लाग्छ। यही क्रममा नदीले दुवै किनाराका विभिन्न उचाइमा साना-ठूला टार (terrace) हरूको निर्माण गर्दै गयो। फलेवास कालीगण्डकीद्वारा निर्मित त्यस्तै उत्तर-दक्षिण फैलिएको टार हो। उत्तरतिर धौलागिरि, अन्नपूर्ण र माछापुच्छ्रेका मनमोहक चुचुराहरू देखिन्छन्। भवानी विद्यापीठ माथिल्लो फलेवासमा अवस्थित छ। नेपालका धेरै गहिरा हिमाली नदीका छेउमा यस्ता टारहरू छन्- अरुण नदीको तुम्लिङटार, त्रिशूलीको बट्टार, बूढीगण्डकीको सल्यानटार, भेरीको चौरजहारी आदि।

अवस्थितिले गर्दा वरिपरिका बस्तीहरूका लागि फलेवास केन्द्रमा पर्छ। त्यसबेला धेरै कम गाउँमा स्कूल थिए। हाईस्कूल त जिल्लामा एक वा दुई मात्र हुन्थे। यसैले वरिपरिका गाउँबाट विद्यार्थी फलेवास आउने गर्थे। बाच्छा, विहादी, पैयु खोला, कालीपार बाग्लुङ जस्ता टाढाका विद्यार्थी स्कूलको छेउछाउमा डेरा गरेर बस्थे। प्राय: घरबाटै राशन ल्याउँथे। १-२ घण्टाको बाटोसम्मका विद्यार्थी भने दिनदिनै आवत-जावत गर्थे। तल्लो फलेवास, मुडिकुवा जस्ता नजिकका ठाउँदेखि ठाना, खाल्टे, कुडापानी, शङ्करपोखरी, चितीपानी, कुर्घा जस्ता केही टाढाका गाउँका विद्यार्थीहरू दिनहुँ आउने-जाने गर्दथे। गर्मीको बेला टाढाबाट हिँडेर आएको धपेडीले गर्दा प्रार्थनामै विद्यार्थी मूर्च्छा परेका घटना पनि यदाकदा हुन्थे। अहिले यी सबै ठाउँमा हाईस्कूल छन्।

स्कूलको सुरुआत कवि माधव घिमिरेको 'गाउँछ गीत नेपाली, ज्योतिको पङ्ख उचाली'को सामूहिक गायनबाट हुन्थ्यो। सुन्दा-सुन्दा त्यो मीठो गीत अहिले पनि मलाई कण्ठ छ। गीतको 'कुन शक्तिको सामुमा, कहिले हामी झुकेथ्यौं' भन्ने बोल सुन्दा अहिले पनि छाती गर्वले फुल्छ। त्यसैताका स्कूल शुरु हुनुअघि 'श्रीमान् गम्भीर नेपाली' अनिवार्य गाउनुपर्ने पत्र शिक्षा विभागबाट आयो। मैले स्कूल छाड्ने

## संस्मरण

**स्कूलको विद्यार्थी समुदाय विविध प्रतिभाहरूको जमघट हो। ती प्रतिभालाई चिन्न समय र सन्दर्भ दुवै चाहिन्छ, यो पाठ मैले हेडमास्टर हुँदा सिकें। कति विद्यार्थी पढाइमा चम्किन्थे। कति सांस्कृतिक कार्यक्रममा। कति नयाँ भाका टिप्न र त्यसमा केही नवीनता थप्न खप्पीस। कति अरूलाई सहयोग गर्ने, मद्दत गर्ने सिलसिलामा चम्किन्थे। कति प्रत्युत्पन्नमति थिए– प्रत्येक स्थितिको सटिक बुझाइ, जवाफ र प्रस्तुति।**

बेलातिर फेरि अर्को नसिहत जस्तो पत्र आएको थियो। शायद कसैले चुक्ली लगाएर होला।

फलेवासमा भवानी विद्यापीठ बाहेक अर्को सार्वजनिक संस्था थियो- मोती पुस्तकालय। मेरा काका भोला शर्माले आफ्ना पिताजीका नाममा स्थापित गर्नुभएको यो पुस्तकालय त्यसताका उहाँकै घरको एउटा कोठामा थियो। प्रत्येक साँझ म एक-डेढ घण्टा लाइब्रेरियनका रूपमा पुस्तकालयमा बस्थें। त्यहाँ हजार, पन्ध्र सय जति पुस्तक थिए। पुस्तकालयको प्रयोग खासगरी स्कूलकै शिक्षक-विद्यार्थी र केही पढेलेखेका बुहारीहरूले गर्थे। अहिले मोती पुस्तकालय पर्वत जिल्लाकै अग्रणी पुस्तकालय भएको छ। 'रुम टु रीड' जस्ता संस्थाको सहयोगमा अन्य स्कूलमा पुस्तकालयको विकास गर्न लागिपरेको छ। व्यक्तिगत रूपमा मेरो वर्ष दिन जतिको फलेवास बसाइको उपलब्धि के रह्यो भने पुस्तकालयका प्रायः सबै उपयोगी पुस्तक मैले पढें। गर्मीको दिनमा डाँडाको पीपल चौतारीमा चिसो हावा चलिरहेको होस्! तल खोँचबाट बहने कालीगण्डकीको गहिरो सुसाइका बीच एउटा गतिलो पुस्तक पढिँदै होस्! त्यो आनन्दको महत्ता नै अर्कै!

शिक्षक र विद्यार्थीबीचको सम्बन्ध सुदृढ गर्ने अरू माध्यम पनि थिए। प्रत्येक शुक्रबार स्कूल आधा दिन बिदा हुन्थ्यो। सबै केटाकेटीले आ-आफ्नो कक्षाकोठामा कुचो लगाउँथे, कहिलेकाहीं लिप्थे पनि। स्कूलसँगको अपनत्वको एउटा नमुना। यही अपनत्वलाई विस्तारित गरे स्वामित्व अनुभव हुने न हो। कहिलेकाहीं साहित्य गोष्ठी हुन्थ्यो। शिक्षक र विद्यार्थीले आ-आफ्ना रचना सुनाउँथे, वातावरण नै फरक हुन्थ्यो। वादविवाद पनि हुन्थ्यो। कक्षा-कक्षा र शिक्षक-विद्यार्थीको भलिबल खेल हुन्थ्यो। तिहारमा भैलो। वनभोज। वार्षिक सांस्कृतिक कार्यक्रममा गुरुप्रसाद मैनालीको 'नासो'को मञ्चन। हँस्यौली, लोकगीत र चुट्किलाहरू। वरिपरिका गाउँहरूबाट माइक, बाजा र सङ्गीतमा प्रवीण शिक्षक समेत ल्याउने काम भयो, तालिम दिनका लागि। ग्रामीण स्कूलहरूमा यस्ता सांस्कृतिक कार्यक्रमहरूको ठूलो महत्त्व हुने गर्छ; किनकि समाजसँग सम्बन्ध गाँस्ने (इङ्गेज हुने) र सान्दर्भिक हुने यी महत्त्वपूर्ण माध्यम हुन्।

स्कूलको विद्यार्थी समुदाय आ-आफ्नै किसिमका प्रतिभाहरूको जमघट हो। ती प्रतिभालाई चिन्न समय र सन्दर्भ दुवै चाहिन्छ, यो पाठ मैले हेडमास्टर हुँदा सिकें। कति विद्यार्थी पढाइमा चम्किन्थे। कति सांस्कृतिक कार्यक्रममा चम्किन्थे, नयाँ भाका टिप्न र त्यसमा केही नवीनता (इन्नोभेसन) थप्न खप्पीस। कति अरूलाई सहयोग गर्ने, मद्दत गर्ने सिलसिलामा चम्किन्थे। कति कुनै बलको काम गर्दा चम्किन्थे। कति प्रत्युत्पन्नमति थिए– प्रत्येक स्थितिको सटिक बुझाइ, जवाफ र प्रस्तुति। स्कूलको लामो ईंटले बनेको नयाँ घर थियो तर छानो थियो खरको। यसमा ५ कक्षामाथिको पढाइ हुन्थ्यो। गाउँलेहरूसँग चन्दा मागेको खर ८, ९, र १० कक्षाका विद्यार्थी र शिक्षकहरू समेत भएर बोकियो खरबारीबाट, छानो फेर्न। खर बोक्नुको पीर त पछि कुरो बिझेर घोच्दा पो थाहा भयो। यी सबै जानी-नजानी गरिएका यस्ता अनुभवहरू थिए जसले शिक्षक र विद्यार्थीबीचको दूरी कम गऱ्यो। समझदारी बढायो। विद्यार्थीको खुबी र चाखलाई चिन्ने, चिनाउने मौका दियो। औपचारिकतामा सीमित सम्बन्धलाई एउटा अनौपचारिक सौहार्दता र सहजता दियो।

त्यतिबेला विद्यार्थीलाई 'होमवर्क' त दिइन्थ्यो तर त्यसको व्यवस्थापन कमजोर थियो। अर्थात् होमवर्क जाँचेर मूल्याङ्कन गर्ने काममा अपेक्षित सतर्कता वा गम्भीरता हुँदैनथ्यो। बी.एड. शिक्षक कोही पनि थिएन, त्यसैले आधुनिक शिक्षण प्रणालीका विधिहरूको प्रयोग थिएन। पाठयोजना मनमनै गरिन्थ्यो, अरू कति शिक्षकले त कक्षामा पसेपछि पो गर्थे कि! यी सब कुराहरूले गर्दा वार्षिक परीक्षाको समय सबैभन्दा संवेदनशील हुन्थ्यो। १० कक्षाका विद्यार्थीका लागि त यो नै महत्त्वको प्रश्न हुन्थ्यो। वार्षिक परीक्षाको नतिजा निस्कने समयतिर स्कूलमा अभिभावकहरूको निकै आवत-जावत हुन्थ्यो। कमजोर विद्यार्थीका अभिभावकले भनसुन पनि गर्थे, सोर्स लगाउँथे। हेडमास्टरका रूपमा मेरो चाहना एसएलसी पास हुनसक्ने विद्यार्थी मात्रै पठाऊँ भन्ने थियो। स्कूलको रिजल्ट राम्रो भए सरकारी अनुदान थपिने, पुरस्कार पाउने सम्भावना हुन्थ्यो। विद्यार्थी बढ्थे। शिक्षक थप्न सकिन्थ्यो। आर्थिक हैसियतका साथै वरपर र जिल्ला-अञ्चलमा स्कूलको प्रतिष्ठा बढ्थ्यो। (त्यो साल एसएलसीको राम्रो नतिजाबापत पाएको पुरस्कारको रकमले पछि स्कूलमा टिनको छानो लगाइएको थियो।) त्यसताका हाईस्कूलले वार्षिक रु.७२०० सरकारी अनुदान पाउँथे।

सेन्टअपको चटारो सकियो। निरन्तरको भनसुनले म चाहिँ दिक्क भइसकेको थिएँ। सेन्टअप भएकाहरू मिहिनेत गरे पास हुने खालकै थिए। तर टाढाबाट आएका विद्यार्थीलाई उनीहरूकै तजबिजमा छाड्न सक्ने अवस्था थिएन। शिक्षकहरूलाई अनुरोध गरेर अतिरिक्त कक्षा लिने चाँजो मिलाइयो। अङ्ग्रेजी, भूगोल, इतिहास, सामान्य ज्ञान, विज्ञानको केही पाठ पढाउन आफैं खटिएँ। गणित आदिका

शिक्षकलाई भने केही रकमको नै व्यवस्था नगरी नहुने भयो, विद्यार्थीहरूका तर्फबाट। कतिले तिर्न सकेनन्, तर तिनलाई कर पनि गरिएन। अतिरिक्त कक्षाको जोड विद्यार्थीलाई प्रश्नोत्तरमा निपुण बनाउनेतिर नै थियो। विद्यार्थीहरूको मिहिनेत र शिक्षकहरूको समर्पण खेर गएन। परिणाम राम्रै आयो। त्यसताका एसएलसी दिन पोखरा जानुपर्थ्यो।

स्कूलको कुरा गर्दा छुवाछूतको कुरा पनि गर्नै पर्छ। करिब अढाइ-तीनसय वर्ष अगाडि बाहुन-क्षत्रीले बसाइँ सरेर आवाद गरेको टार हो फलेवास। फलेवासका दलित समुदाय यिनै बाहुन-क्षत्रीका साथ लागेर, उनीहरूकै अगुवाईमा यहाँ आएको हुनुपर्छ। त्यहाँ कामी, दमाइ र सार्कीहरूको बेग्लै बस्ती छ। तल्लो फलेवासका नेवारहरू व्यापारको सिलसिलामा पछि त्यता पुगे। २०२४ सालतिर प्राथमिक कक्षामा बाहेक माथिका कक्षामा दलित विद्यार्थीको उपस्थिति थिएन भने हुन्छ। प्राथमिक कक्षामा उनीहरू प्राय: बेग्लै बस्थे। शिक्षकहरू (जो प्राय: स्थानीय बाहुन थिए) दलितको सम्पर्कमा आउँदैनथे। कतिसम्म भने; सजाय दिँदा सोझै लट्ठीले नपिटेर पिटाइका लागि थापिएको हातमा लट्ठी फाल्थे, छोइएला भनेर। एकदिन एउटा झोक्किएका प्राथमिक शिक्षकले त्यसरी पिट्दै गर्दा दलित विद्यार्थी मरी-मरी हाँसेको देखेपछि मैले यस्तो व्यवहारबारे थाहा पाएँ। तैपनि बाहिर छुवाछूत जति व्याप्त थियो, स्कूलमा त्यति थिएन। धेरैपछि मात्र दलितहरूले पढाइमा निरन्तरता दिन लागे। सामन्ती कृषि उत्पादन प्रथाको अन्त्यका साथै गाउँमा पूँजीमा आधारित सम्बन्धहरूको विस्तारले गर्दा दलित समुदायमा क्रमश: शिक्षाको चाख बढ्दै गयो। अहिले दलित बस्तीमा एसएलसी नभएको घर छैन, कतिपय घरमा स्नातक छन्। विद्यापीठको स्वर्ण जयन्तीमा गाउँबाट बसाइँ सरिसकेको एउटा सुसम्पन्न सुनार परिवारले विद्यार्थीका निम्ति खानेपानीको ठूलो ट्याङ्की निर्माण गरिदिएका छन्। समाजले फड्को मारिसकेको छैन, तर उपक्रम भने जारी छ। माओवादी विद्रोहयता दलितहरूको आवाजलाई दमन गर्ने शक्तिहरू नेपालका अरू गाउँहरूमा जस्तै फलेवासमा पनि निस्तेज भएका छन्। सामाजिक चेतना र परिवर्तनको जुन प्रकारको थलो स्कूल हुनुपर्थ्यो, त्यस्तो हुन नसके पनि शिक्षामार्फत हुने सशक्तिकरण र सुस्त रुपान्तरणको प्रक्रिया भने जारी छ।

स्कूलका अन्य कतिपय सम्झनाहरू छन्। विद्यार्थीहरू आफूखुसी लुगा लगाएर स्कूल आउँथे। अभिभावकको बैठक बोलाएर स्कूल युनिफर्मको पक्षमा मैले धेरै तर्क गरेँ, तर प्रस्ताव पास भएन। युनिफर्मको खर्च धान्न नसक्ने कुरा धेरै अभिभावकले गरे। मेरो तर्क युनिफर्मले झन् घरको लुगा बढी खप्छ भन्ने थियो। आजकल दुर्गम र अनकन्टारका स्कूलमा पनि विद्यार्थीहरूले स्कूल युनिफर्म सहजै अपनाएको देख्दा मलाई आफ्नो अनुभव याद आउँछ।

एउटा अर्को सम्झना छ, अलि हास्यास्पद। फागुन ७ गते गाउँमा प्रजातन्त्र दिवसका प्लेकार्ड बोकेर नारा लगाउँदै शिक्षक-विद्यार्थीले गाउँ घुम्ने चलन थियो। त्यसैबेला एकजना पशुपालन विभागका युवा अधिकृत सरकारी काम लिएर फलेवासतिर आएका रहेछन्। ६ गते मलाई भेट्न आए र उनका तर्फबाट केही प्लेकार्ड र नाराहरू प्रभातफेरीमा सामेल गरे कसो होला भन्ने कुरा राखे। मैले पनि सहजै हुन्छ भनिदिएँ। भोलिपल्ट बिहान प्रभातफेरीको अगुवाई गर्दैगर्दा म केहीछिन जुलुसको निरीक्षणमा लागेँ। जुलुसको एउटा भागबाट "नश्ल सुधार- गर्छौं, गर्छौं" भन्ने नारा सुनेर म झस्किएँ। हेरेको त त्यस्तै प्लेकार्ड पनि रहेछ। कहाँ प्रजातन्त्र दिवस, कहाँ नश्ल सुधार, म अचम्ममा परेँ। कृत्रिम गर्भाधानका विशेषज्ञ ती अधिकृतले आफ्नो विभागको काम देखाउन प्रजातन्त्र दिवसकै 'नश्ल सुधार' गरेका रहेछन्! पञ्चायतले जस्तै!

स्कूलकै हातामा रहेको अतिरिक्त हुलाकसँग विद्यालयको नजिकको सम्बन्ध थियो। टाढा गाउँका चिट्ठीहरू हुलाकीले विद्यार्थीमार्फत पठाउने गर्थे। एकदिन काठमाडौंका एकजना मित्रले ब्रिटिस काउन्सिलको छात्रवृत्तिबारे *गोरखापत्र* मा प्रकाशित सूचना हुलाकबाट पठाएका रहेछन् मलाई। त्यसैलाई निहुँ बनाएर मैले स्कूल छाड्ने निर्णय गरेँ। पिताजीको आदेश पनि मानेँ, हजुरबाले स्थापना गरेको संस्थालाई गर्न सक्ने सानो योगदान पनि जानी-नजानी गरेँ। अब काठमाडौं फर्केर आफ्नो बाटो खोज्ने रहर जाग्यो। पढाइ सकेर फर्केका मेरा एकजना काका हेडमास्टरको अभिभारा लिन तयार हुनुभो। यसरी २०२५ साल मङ्सिरमा म काठमाडौं आएँ। ब्रिटिस काउन्सिल छात्रवृत्तिमा दरखास्त हालेँ। अन्तरवार्ता भयो, छानिएँ। उच्च अध्ययनका लागि संयुक्त अधिराज्यको एडिनवरा विश्वविद्यालयतिर लागेँ। हेडमास्टरीका साथसाथै जीवनको एउटा शिक्षाप्रद अध्याय सकियो।

स्कूलबाट बिदा हुँदा मलाई दु:खभन्दा बढी सन्तोष लागेको थियो। जीवनमा पहिलोपल्ट एउटा समाज उपयोगी काम गरेँ भन्ने लाग्थ्यो। हेडमास्टर हुनुभन्दा अघि फलेवास मेरा निम्ति आफू जन्मेको सुन्दर गाउँ मात्र थियो। एक वर्षको हेडमास्टरीले मलाई फलेवासको आर्थिक-सामाजिक बनोट र त्यसमा सन्निहित समस्या र सम्भावना बुझ्न

**गाउँलेहरूसँग चन्दा मागेको खर विद्यार्थी र शिक्षकहरू समेत भएर बोकियो खरबारीबाट, छानो फेर्न। खर बोक्नुको पीर त पछि कुरो बिझेर घोच्दा पो थाहा भयो। यी सबै जानी-नजानी गरिएका यस्ता अनुभवहरू थिए जसले शिक्षक र विद्यार्थीबीचको दूरी कम गऱ्यो। समझदारी बढायो। विद्यार्थीको खुबी र चाखहरूलाई चिन्ने, चिनाउने मौका दियो। औपचारिकतामा सीमित सम्बन्धलाई एउटा अनौपचारिक सौहार्दता र सहजता दियो।**

# संस्मरण

**२०२४ सालतिर प्राथमिक कक्षामा बाहेक माथिका कक्षामा दलित विद्यार्थीको उपस्थिति थिएन भने हुन्छ। प्राथमिक कक्षामा उनीहरू प्राय: बेग्लै बस्थे। तैपनि बाहिर छुवाछूत जति व्याप्त थियो, स्कूलमा त्यति थिएन। धेरैपछि मात्र दलितहरूले पढाइमा निरन्तरता दिन लागे। अहिले यहाँको दलित बस्तीमा एसएलसी नभएको घर छैन, कतिपय घरमा स्नातक छन्। समाजले अझै फड्को मारिसकेको छैन, तर उपक्रम भने जारी छ।**

●●●

सिकायो। 'सरल' ग्रामीण जीवनको कथित 'सन्तोष र सुख' त पुगिसरी आउने थोरैलाई मात्रै हो। अधिकांश त डाँडापारिको संसार निम्त्याउन चाहन्छन्, आशाको खेती गर्न चाहन्छन् ताकि ग्रामीण जीवनको कथित 'सन्तोष' र 'सुख' उनीहरूको जीवनमा पनि आओस्। यो कुरा मैले फलेवासको एकवर्षे बसाइँमा बुझेँ। फलेवासलाई पहिले म मुटुले चिन्थेँ, स्कूलको अनुभवपछि मस्तिष्कले पनि नियाल्न सिकेँ।


भूपी शेरचनको यो 'चिसो एस्ट्रे' (काठमाडौं)मा बसेको ५० वर्षभन्दा बढी भयो, तर "घर कहाँ?" भनेर कसैले सोध्दा म अनायासै "पर्वत, फलेवास" भन्छु। वर्ष दिनमा एकपल्ट जस्तो म अहिले पनि घर पुग्छु। संस्थापक परिवारको सदस्यका नाताले भवानी विद्यापीठसँग पनि जोडिएकै छु। म हेडमास्टर भएयताका विगत ४४ वर्षमा फलेवास र भवानी विद्यापीठ दुवै धेरै बदलिइसकेका छन्। फलेवासमा आजकल २०-२५ वर्ष माथिका जवानहरू भेटिन्नन्। ती सब गल्फ, मलेशिया र कोरिया गएका छन्। महिला, बूढा, केटाकेटी र स्कूले विद्यार्थीको गाउँ भएको छ फलेवास। हरेक गाउँमा प्राथमिक विद्यालय छन्। वरपरका प्रत्येक गाविसमा माध्यमिक विद्यालय छन्। भवानी विद्यापीठ अहिले जिल्लाकै प्रतिष्ठित उच्च माध्यमिक विद्यालय भएको छ। गाउँकै त्रिवि सम्बद्ध कलेजमा स्नातकसम्म पढ्न सकिन्छ। सडक, बाटो-घाटो, सिंचाइ, खानेपानी, बिजुली, टेलिफोन, पुस्तकालय, सामुदायिक एफएम रेडियो, सामुदायिक स्वास्थ्य केन्द्र, केवल टीभी– सबै छ फलेवासमा।

प्रत्येक पल्ट जाँदा गुमेका र पाएका कुराहरूको म लेखाजोखा गर्छु। नेपालका सबै गाउँमा जस्तै फलेवासमा पनि राजनीति र राजनीतिक दलका दलगत र व्यक्तिगत स्वार्थले नगाँजेको कुनै क्षेत्र छैन। त्यसको पहिलो सिकार स्कूल भएका छन्। दलहरू काम गर्न भन्दा संस्थाहरू कब्जा गर्न र आफ्नो प्रभाव विस्तार गर्न व्यस्त छन्। कम खर्च हुने, शुल्क तिर्नु नपर्ने, तालिम प्राप्त शिक्षक, अनि पेशाको सुरक्षा भएका सामुदायिक विद्यालयहरू क्रमश: धरासायी हुँदैछन्। पठन-पाठनप्रति शिक्षक उदासीन छन् र निष्ठा खिइँदो छ। सामुदायिक विद्यालयसँग सम्बद्ध पक्ष नै बोर्डिङ स्कूल खोल्न र शिक्षाको व्यापारीकरण गर्न लागिपरेका छन्। शिक्षामा राज्यको लगानी बढ्दो छ तर त्यसको प्रतिफल घट्दो छ। सबै सार्वजनिक संस्थाका व्यवस्थापकीय नेतृत्व राजनीतिक पूर्वाग्रहबाट पीडित छन्। भूमण्डलीकरणको प्रभाव सबैतिर देखिन्छ। आकाङ्क्षा उठेका छन्। विप्रेषण (रेमिट्यान्स) ठाउँ-ठाउँबाट ओइरिएको छ। उपभोग बढेको छ। गैरसरकारी संस्था पनि मनग्ये छन्। र; नेपालका अरू ठाउँमा जस्तै पारदर्शिता भने काममा कम र भाषणमा बढी छ।

गाउँको उत्पादनको जग पटक्कै बढेको छैन। स्थानीय रोजगारी बढेको छैन, न रोजगारीका अवसर नै विस्तारित भएका छन्। ठाउँको आर्थिक हैसियत दिगो समृद्धितिर लागेको छैन। अनि कताकता लाग्छ– हाम्रा आवश्यकतालाई सम्बोधन गर्न, हाम्रा समस्यासँग जुध्न हाम्रो शिक्षा, त्यसको अन्तरवस्तु र व्यवस्थापन असान्दर्भिक त भएको होइन?

तर यी सबै कुराको सकारात्मक पक्ष पनि छ। गाउँमा चेतनाको स्तर निकै बढेको छ। अवसर पाउने बित्तिकै त्यसको फाइदा लिनसक्ने वातावरण बनेको छ। सङ्गठित शक्तिको महत्त्व सबैले राम्ररी बुझेका छन्। यी शक्तिहरू सामुदायिक शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको संस्थागत विकास र सुदृढीकरण अनि तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका आर्थिक क्रियाकलापको सम्वर्द्धनद्वारा उत्पादनशील रोजगारीको विस्तारमा लागे भने फलेवास र फलेवास जस्ता नेपालका हजारौं गाउँ, ग्रामीण समाज र अर्थतन्त्रको कायापलट हुन समय लाग्दैन। 📖

*(धेरै वर्ष त्रिवि, कीर्तिपुरमा प्राध्यापन गरेका शर्मा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष रहिसकेका छन्।)*



# शिक्षक पत्रिका प्राप्त गर्ने तीन काइदा

१. आफूलाई पायक पर्ने नजिकको पत्रपत्रिका बिक्रेतासँग ग्राहक बनेर । (यस्तो कारोबारको सम्पूर्ण दायित्व ग्राहक र सम्बद्ध बिक्रेतामा रहन्छ ।

२. ग्राहकले इच्छाएको बिक्रेता/पसल वा एजेन्टमार्फत् पत्रिका प्राप्त गर्ने गरी सीधै *शिक्षक* मासिकको कार्यालयमा ग्राहक बनेर । (यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व *शिक्षक* मासिकको व्यवस्थापनले वहन गर्छ । बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ ।) वार्षिक शुल्क रू.४८०/-




३. रजिष्ट्री हुलाक ग्राहकः नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हो । पत्रिकाको नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइनेछ । रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्नेछ । यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा *शिक्षक* को व्यवस्थापनले सम्बद्ध हुलाक कार्यालयमा हर्जना (प्रत्येक अंकको रू. ३००/-) दावी गरी कारवाही अगाडि बढाउनेछ ।) वार्षिक शुल्क रू.६२०/- रजिष्ट्री खर्च समेत ।




***शिक्षक* को ग्राहक बन्ने/पैसा पठाउने सजिलो उपायः**
***शिक्षक* मासिक, चल्ती खाता नं. १६१३, राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा, ललितपुर । यो खातामा रकम जम्मा गर्दाको रसिद भने सुरक्षित राख्नुहोला ।**


## मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोनः ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**


| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौंडाः ०४७-२०५३५ ।

यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

## नेपाल–अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ



# परम्परागत ज्ञान र सीप
# लगत बिना लाभ कहाँ ?

**आनुवंशिक स्रोतमा पहुँच तथा आनुवंशिक स्रोतको उपयोग र लाभको बाँडफाँडका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा ऐनको रुप लेला भन्ने त्यतिबेलाको आशा हालसम्ममा पनि तुहिएकै अवस्थामा छ। नेपाल राष्ट्रको राज्य पुनर्संरचनाको सँघारमा त्यो आशा पुनः पलाउनु आवश्यक छ।**

पृथ्वीको भूमध्यरेखादेखि उत्तरी ध्रुवसम्मको दूरी लगभग ६,००० किलोमिटर छ। अक्षांशका हिसाबले यो दूरीले शून्यदेखि ९० डिग्रीलाई नै समेट्छ। यो दूरीभित्र पाँच प्रकारका जलवायु कटिबद्ध (Climetic Belt) पर्छन्: उष्ण, उप-उष्ण, सम-शीतोष्ण, शीतोष्ण र ध्रुवीय। नेपालको सन्दर्भमा भने यी पाँच प्रकारका जलवायुको अनुभव करिब ३०० किलोमिटरभित्रै गर्न सकिन्छ। सप्तरी अर्थात् तराईदेखि सगरमाथा (हिमाल)को शिखरसम्मको दूरीमा पाँच वटै प्रकारका जलवायु-क्षेत्र एकमाथि अर्को खप्टिएझैं गरेर रहेका छन् *(हे. वृस्तृत जानकारीका लागि **शिक्षक**, कात्तिक २०६६)*। त्यसैले नेपालमा विश्वको जलवायु विविधता सानै क्षेत्रमा प्रतिबिम्बित भएको अवस्था छ। जलवायुमा जस्तै जैविक विविधतामा पनि स्वभावैले हामी धनी छौं। यसैगरी सांस्कृतिक विविधता पनि अति नै धेरै छ। सांस्कृतिक विविधताभित्र प्रत्येक जनजातिका आफ्नै विशेषता छन्। हिमाल चढ्नमा सिपालु शेर्पा र सङ्ग्राममा सुरो गोर्खाली- जातीय विविधताकै द्योतक हो। कुनै जाति धातु, ढलौट र मूर्तिकलामा निपुण छन् भने कुनै जाति धागो, ऊन, ढाका कपडा, अल्लो बुनाइमा सिद्धहस्त छन्। कोही निपुण छन् काष्ठकलामा, कोही वास्तुकलामा र अरू मूर्तिकलामा। कुनै जाति ताल, माछा र जालमा अभ्यस्त छन् भने अर्का जाति चौरी, च्याङ्ग्रा र भेडा पालनमा दक्ष छन्। कसैको ज्ञान जडिबुटीमा विलक्षण छ भने अर्काथरी ढुङ्गेबगरमा धान फलाएर जीविका चलाउँछन्।

भिरालो जमिनलाई गरा-गरामा सम्याएर कृषि विकास गर्ने हाम्रो पहाडी प्रविधि स्वीस प्राविधिज्ञहरूले इथियोपियाका किसानलाई सिकाए। हिमाली याकबाट औले गाई प्रजनन गराई दुधालु चौरी र चाम्रो भरिया 'झोप्कियो'को आविष्कार हाम्रै गोठाला दाजुभाइका करामत हुन्। मुस्ताङमा डालेचुक र बर्दियामा बेलको सर्वत नेपालीकै परम्परागत ज्ञानको आधारमा विकास भएको छ। समग्रमा भन्ने हो भने हाम्रो जैविक विविधताको भण्डार र परम्परागत ज्ञानको वैभव अथाह छ। अथाहलाई थाहमा परिणत गर्न सकेनौं भने त्यो अथाह र शून्यमा फरक नै के रहन्छ र? तसर्थ हाम्रा परम्परागत ज्ञान र सीपको विधिवत् लगत राख्नु समयको माग हो। त्यसलाई कानुनी आधारमा आधुनिक जगतमा आफ्नो भन्ने दाबी गर्न सक्ने अवस्था सिर्जना हुनुपर्छ। आफ्नो धनको लगत नै छैन भने लाभ कहाँबाट आउँछ?

आधुनिक प्रविधिमा रेकर्ड हुन थालेपछि हाम्रा कतिपय लोकगीत र लोकलयहरूको विकास र व्यापकतामा उल्लेखनीय प्रगति भएको देखिन्छ। परम्परागत रूपमा पुस्तान्तरण गर्नका लागि नयाँ पुस्ता नरहेको अवस्थामा पनि तिनको संरक्षण केही हदसम्म सुचारु हुन्छ। तर, चौरी उत्पादन गर्ने नयाँ पुस्ता पर्वतारोहण र पर्यटन सेवामा समर्पित भएपछि याक र गाईबीच प्रजनन् गराउन जान्ने पुस्ता लोप भएर जान्छ। अर्को चौरी जन्मँदैन। हाम्रो मौलिक सीप नै हराउँदछ। तसर्थ त्यो सीपको प्राविधिक अभिलेख कानुनी दायराभित्र कायम गर्न सक्नु आजको चुनौती हो। अन्तर्राष्ट्रिय जैविक विविधता महासन्धि (१९९२) को प्रावधानबाट आफ्नो परम्परागत ज्ञान र सीपको यथोचित फाइदा उठाउन सकिएन भने त्यो फाइदा अरूले नै उठाइदिन्छ।

ब्राजिलको रियो द जेनेरियो शहरमा सम्पन्न उक्त महासन्धिले बीसौं वर्षमा टेक्दैछ। त्यो महासन्धिमा सही थाप्ने १७० राष्ट्रमध्ये नेपाल पनि पर्दछ। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष जैविक विविधताबारे छोटो चिनारी र महासन्धिको गम्भीरताबारे काठमाडौंमा एक विशेष प्रस्तुति भएको थियो। प्रतिक्रियामा "हामी ल्याप्चे मात्र लगाउन जान्ने न हो" भन्ने प्रधानमन्त्रीको त्यसबेलाको उद्गार अहिलेसम्म पनि उदाङ्को उदाङ्गै छ। जैविक विविधताको नीति र ऐन निर्माण हुनसकेको छैन। आनुवंशिक स्रोतमा पहुँच तथा आनुवंशिक स्रोतको उपयोग र लाभको बाँडफाँडका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा ऐनको रुप लेला भन्ने त्यतिबेलाको आशा हालसम्ममा पनि तुहिएकै अवस्थामा छ। नेपाल राष्ट्रको राज्य पुनर्संरचनाको सँघारमा त्यो आशा पुनः पलाउनु आवश्यक छ। प्रान्तीय स्वरुपमा परिभाषित हुँदा प्रत्येक प्रान्तका परम्परागत ज्ञान र सीपका अतिरिक्त जैविक सम्पदाको पनि अभिलेख तयार हुनुपर्दछ। यस कार्यमा स्थानीय जनजाति एवं आदिवासीहरूको हक र हित सुदृढ गर्न प्रत्येक आदिवासी जनजाति समूह वा समुदायले आफ्नो 'जैविक



**भिरालो जमिनलाई गरा-गरामा सम्याएर कृषि विकास गर्ने हाम्रो पहाडी प्रविधि स्वीस प्राविधिज्ञहरूले इथियोपियाका किसानलाई सिकाए। हिमाली याकबाट औले गाई प्रजनन गराई दुधालु चौरी र चाम्रो भरिया 'झोप्कियो'को आविष्कार हाम्रै गोठाला दाजुभाइका करामत हुन्। हाम्रो जैविक विविधताको भण्डार र परम्परागत ज्ञानको वैभव अथाह छ। अथाहलाई थाहमा परिणत गर्न सकेनौं भने त्यो अथाह र शून्यमा फरक नै के रहन्छ र ?**



मीनरत्न बज्राचार्य

विविधता अभिलेख' कायम गर्न सकेमा राज्यलाई उचित कानुनी व्यवस्था स्थापना गर्न सजिलो हुन्छ।

महासन्धिमा ल्याप्चे ठोक्नुभन्दा पहिले हाम्रो जैविक सम्पदा चाहे जडिबुटी होऊन् वा जौका गेडा; तिनमा सार्वभौम अधिकार राख्ने हैसियत हामीसँग हुँदैनथ्यो। प्रकृतिका देन वा सृष्टिका सौगात सबैका लागि साझा सम्पत्ति हुने गर्दथे। जसको शक्ति उसकै भक्ति भनेझैं उपनिवेशकारी शक्तिहरूले जैविक सम्पदामा आफ्नो एकलौटी अधिकार जमाउँदै आएका थिए। कफी बिरुवाका पात र गेडा खाएपछि बोका, बाखाहरू रातभर ननिदाएर जाग्राम बस्दछन् भन्ने तथ्य इथियोपियाका गोठालाहरूले पत्ता लगाए। निन्द्रा र आलस्यपन हटाउने यो बिरुवाको गुण थाहा पाएपछि अरब, टर्की र युरोपको पेयपदार्थमा यसको लोकप्रियता बढ्न गयो। कालान्तरमा खेती गर्न कफीलाई ब्राजिल पुऱ्याइयो। इथियोपियाका गोठालाहरूको ज्ञान र त्यहाँको जैविक सम्पदाबाट उपनिवेशीहरू धनी भए। भोकमरीमा इथियोपिया पऱ्यो। सधैं-सधैं यस्तो नहोस् भन्ने आशयले जैविक विविधता महासन्धिले एउटा नयाँ व्यवस्था गरिदिएको छ– अब उप्रान्त प्रत्येक राष्ट्रको आफ्नो सीमा क्षेत्रभित्र मौजुदा जैविक सम्पदा सोही राष्ट्रका सार्वभौम अधिकारका वस्तु हुन्। त्यस्ता सम्पदाको उपयोग वा विकास गर्न सम्बन्धित राष्ट्र तथा त्यहाँको समुदायसँग सम्झौता गर्नुपर्ने बाध्यता कायम हुन गएको छ। यत्तिकै अर्काको मुलुकमा गएर अन्वेषण र अनुसन्धानका नाममा जैविक सम्पदा ओसार्ने प्रवृत्तिलाई नियन्त्रण गर्न कानुन बन्नुपर्ने र त्यसको पालना हुनुपर्ने मान्यता स्थापित हुन थालेको छ।

जैविक विविधता महासन्धिको धारा ८ र उपधारा १० मा निम्न कुरा उल्लेख छ:

"प्रत्येक राज्यले आफ्नो राष्ट्रको कानुनमा जैविक विविधताको संरक्षण तथा दिगो विकासका लागि आदिवासी तथा स्थानीय समुदायका ज्ञान, सिर्जना र अभ्यासको आदर, संरक्षण तथा पालनपोषण गर्नेछ र तिनका परम्परागत जीवनशैलीलाई प्रोत्साहित गर्नेछ। उनीहरूको ज्ञान, सीप र अभ्यासमा आधारित परम्परागत स्रोतको उपयोगबारे अग्रिम सूचना दिनुपर्नेछ र उनीहरूको अनुमति प्राप्त गरेर तथा उनीहरूलाई संलग्न गराएर मात्र जैविक विविधताको खोज, अध्ययन, अनुसन्धान गर्नुपर्नेछ। त्यसबाट प्राप्त हुने लाभको समन्यायिक रूपमा आदिवासी र स्थानीय जनसमुदायले पाउने व्यवस्था मिलाउनुपर्नेछ।"

यो प्रावधान अनुसार अब उप्रान्त कुनै राष्ट्र, व्यक्ति, कम्पनी वा अन्वेषक/अनुसन्धाताले हाम्रो जैविक विविधता (वन्य पदार्थ वा कृषि पदार्थ) वा आनुवंशीय स्रोतमा पहुँच पाउनुछ भने सर्वप्रथम कानुनी सम्झौता गर्नुपर्ने हुन्छ। त्यसमा पहिले जैविक विविधताका मौलिक हकदारका रूपमा स्थानीय व्यक्ति वा समुदायलाई अग्रिम सुसूचित गर्नुपर्ने हुन्छ र त्यसपछि आपसी सम्झौताका आधारमा राष्ट्रको कानुनबमोजिम लेनदेनको सम्झौता गर्नुपर्ने हुन्छ। यसो भएमा जैविक विविधता र तिनमा निहित ज्ञानको चोरी हुने स्थिति रहँदैन र जैविक साझेदारीको व्यवस्था कायम हुन्छ। तर यी सबै कुराको व्यावहारिक पक्ष स्थापना गर्न सर्वप्रथम राज्यको ऐन-कानुन निर्माण हुनुपर्ने हुन्छ। सँगैसँगै जनताले आफ्नो तर्फबाट जैविक विविधताको सामुदायिक अभिलेख तयार गर्दै जानुपर्छ। आफ्नो लगत आफैंले राख्नुपर्ने हुन्छ। तर राज्यसँग कानुन छैन र समुदायसँग लगत नै छैन भने लाभ कहाँबाट आउन्!!

# यसरी पनि गर्न सकिन्छ गोडमेल

विद्यार्थीमा अन्तरनिहित रुचि र प्रतिभाको पहिचान गरी उसको भविष्यको क्षेत्र अनुमान गर्न हामी शिक्षकले विभिन्न विधि वा उपायहरू अवलम्बन गर्न सक्छौं। त्यसमध्ये यहाँ एउटा विधिको चर्चा गरिन्छ। यो विधिलाई व्यवहारमा उतार्न सर्वप्रथम शिक्षकले उपयुक्त फर्म विकास गरी कक्षाका सबै विद्यार्थीलाई भर्न लगाउनुपर्छ।

कक्षाका सबै विद्यार्थीको रुचि पहिचान गर्दा निम्न फाइदा हुन्छन्:

- अल्मलिइरहेका विद्यार्थीले पनि आफू स्पष्ट हुने र आफ्नो रुचिको क्षेत्र पहिचान गर्ने अवसर प्राप्त गर्छन्।
- विद्यार्थीले आफ्नो रुचिका कुरा वा विषयको महत्त्व बुझ्ने र त्यसप्रति समर्पित हुने हौसला प्राप्त गर्छन्।

विद्यार्थीका रुचिका विषय वा क्षेत्रहरू सङ्कलन गरिसकेपछि शिक्षकले समान रुचि भएका विद्यार्थी सम्मिलित विविध समूहहरू निर्माण गर्छन्। त्यसपछि प्रत्येक समूहलाई तिनको रुचिको क्षेत्रानुसारको नाम दिन्छन् जस्तैः गाउन, बाजा बजाउन मन पराउनेहरूलाई सङ्गीत समूह, कथा, कविता, नाटक, निबन्ध मन पराउनेलाई साहित्य समूह, कला समूह, नेतृत्व समूह, खेल समूह, पत्रकार समूह, व्यापारी समूह आदि। यदि एउटै समूहमा पाँच/सात जनाभन्दा बढी विद्यार्थी पर्ने भए भने त्यही नामका दुई/तीन समूह बनाई क, ख, ग, आदिमा पनि छुट्याउन सकिन्छ। यसरी रुचिगत समूहहरूको निर्माण गरिसकेपछि शिक्षकले प्रत्येक समूहबाट एक जनालाई समूह नायक छनोट गर्छन्। त्यसपछि प्रत्येक समूहलाई आफ्नो रुचिको विषयमा क्षमता विकास गर्नका लागि उनीहरूले प्रत्येक दिन कति समय खर्च गर्ने र के-के काम गर्ने भन्ने बारेमा आ-आफ्नो समूहमा छलफल गर्न लगाई बुँदागत रूपमा टिपोट गर्न लगाउने। उक्त कार्यमा शिक्षकले प्रत्येक समूहका विद्यार्थीको रुचिको प्रकृति, विद्यार्थीको तह, उपलब्ध स्रोतसाधन, समय आदिलाई ध्यानमा राखेर उनीहरूले दैनिक रूपमा कति समय खर्च गर्न र के-कस्ता प्रयासहरू गर्न सक्दछन् भन्ने विश्लेषण गरी सोही अनुरुपका बुँदाहरू निर्माण गर्ने कार्यमा सहयोग र सहजीकरण गरिदिनुपर्छ।

विद्यार्थीले टिपेका बुँदा र तिनमा लेखिएका कुराहरू पालना गर्ने प्रतिबद्धता कक्षामा शिक्षक तथा सबै साथीहरूको अगाडि व्यक्त गर्न लगाउनु पर्छ। यस प्रकार विभिन्न रुचि भएका विद्यार्थीहरूलाई सो क्षेत्रमा नियमित अभ्यास गरी दक्षता हासिल गर्न सक्ने अवसर र वातावरणको निर्माण कक्षाकोठाको औपचारिक पढाइको क्रमबाटै गर्न सके झनै राम्रो हुन्छ। यसो गर्दा कक्षा शिक्षण कार्य बढी उपलब्धिमूलक, रोचक र प्रभावकारी मात्र नभई अन्य फाइदाहरू पनि हुनसक्छन्। जस्तैः

१. यसरी बनेका समूहहरू पूर्ण रूपमा समावेशी प्रकृतिका हुनेछन्।
२. आफ्नै रुचिका आधारमा निर्माण हुने हुनाले प्रत्येक समूह र तिनका सबै सदस्य सक्रिय हुनेछन्। साथै उनीहरूले आफूले गर्ने कामको खाका र समय आफैं निर्धारण गर्ने हुनाले त्यसको पालना वा कार्यान्वयनमा पनि स्वतस्फूर्त रूपमा प्रेरित हुनेछन्। कसैको कर, डर वा बाध्यताले गर्नु परेको काम जस्तो बोझका रूपमा लिने छैनन्।
३. समूहका कमजोर विद्यार्थी पनि सक्षम र राम्रा विद्यार्थीहरूबाट प्रेरित एवं प्रभावित भई आफ्नो रुचिको क्षेत्रको सीप

# शिक्षाका किसान शिक्षक

हरेक मानिस एकअर्कोमा शारीरिक र मानसिक रूपमा भिन्न भिन्न रहेका छन्। त्यही भिन्नता नै व्यक्तिको निजी पहिचान अथवा प्रतिभा हो। त्यसैगरी हरेक विद्यार्थी पनि भिन्न-भिन्न क्षमताले युक्त हुन्छन्। कोही शारीरिक श्रममा रुचि राख्छन् भने कोही नृत्य, सङ्गीत, खेलकुद आदि क्षेत्रमा रुचि राख्छन्। तसर्थ कुनै पनि विद्यार्थीलाई उसको भिन्न-भिन्न रुचिअनुसार पाठ्यपुस्तकले निर्दिष्ट गरेको विषयगत ज्ञान दिनसक्ने शैक्षिक व्यवस्था हुनु आवश्यक छ। अहिलेको एकतर्फी सूचना प्रवाह गर्ने शिक्षानीतिले विद्यार्थीको प्रतिभा प्रस्फुटनमा अप्ठ्यारो पारेको छ।

मेरो अढाइ वर्षको शिक्षण अनुभवमा अधिकांश क्षमतावान् विद्यार्थीहरूले कक्षाका केही न केही भिन्न गतिविधि गरिरहने पाएकी छु। उनीहरू जिज्ञासु हुन्छन्। नवीन कुरामा पनि रुचि राख्दछन्। उनीहरूको सिक्ने शैलीमा समेत नवीनता हुन्छ। यस्ता विद्यार्थीमध्ये अधिकांश कक्षाका अघिल्ला बेन्चमा बस्दछन्। शिक्षकले पनि उनीहरूलाई नै प्राथमिकतामा राखेर पढाउने गरेको पाइन्छ। यो शिक्षकको कमजोरी हो। हामी शिक्षकहरू पछिल्ला बेन्चमा बस्नेहरूलाई अघिल्ला बेन्चमा कसरी ल्याउने भन्ने बारेमा त्यति धेरै सोच्दैनौं। जसरी हाम्रा हातका पाँच औंलाहरूमध्ये जुनमा चिमोटे पनि समान प्रकारको दुखाइ हुन्छ ठीक त्यसैगरी हाम्रा लागि कक्षाकोठाका सबै विद्यार्थीहरू समान हुन् भन्ने भावनाको विकास हुनु आवश्यक छ।

पछिल्ला बेन्चमा बस्नेहरूलाई कसरी जान्ने बनाउने वा अघिल्ला बेन्चमा ल्याउने भन्नका लागि शिक्षकले थप शारीरिक र मानसिक परिश्रम गर्नुपर्दछ। यसका लागि मैले कक्षामा कुनै दिन अघिल्ला बेन्चमा बस्नेहरूलाई पछिल्ला र पछिल्ला बेन्चमा बस्नेहरूलाई अघिल्ला बेन्चमा हेरफेर समेत गरेर पढाएकी छु। त्यसो गर्दा के पाइयो भने अघिल्ला

विकासमा अग्रसर हुन थाल्नेछन्।
४. समूहका प्रत्येक सदस्यलाई 'म पनि केही हुँ' र 'म पनि केही गर्न सक्छु' भन्ने सकारात्मक धारणाको विकास हुनेछ र यसबाट उनीहरूको आत्मबल उच्च रहनेछ।
५. यसबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रत्येक विद्यार्थीको पढाइ र अन्य क्षेत्र वा विषयमा समेत सहयोग पुग्नेछ।
६. सबै विद्यार्थी रचनात्मक हुन थाल्नेछन्। फुर्सदको समयलाई आफ्नो रुचिको क्षेत्रमा रचनात्मक काममा खर्च गर्ने बानीको विकास हुन थाल्नेछ।
७. यसबाट विद्यार्थीमा सामाजिकीकरण, आपसी सहयोग र सामूहिक भावनाको विकासमा सहयोग पुग्नेछ।
८. विद्यार्थीहरूमा कुनै पनि कार्यमा योजनाबद्ध रूपले र समर्पित भएर लाग्ने, नियमित रूपमा निश्चित समय छुट्याई अभ्यास गर्ने, समूहमा धारणाहरू आदानप्रदान गर्ने, नबुझेका कुरामा स्पष्ट हुने र आत्म मूल्याङ्कन गर्ने जस्ता गुण तथा सीपहरूको विकास हुनेछ।
९. यस्ता समूहहरूलाई कक्षा शिक्षणको क्रममा अन्य प्रसङ्ग र विषयवस्तुमा समेत समूह कार्यको लागि उपयोग गर्न सकिनेछ।

यसरी शिक्षकले एकपटक एउटा ४५ मिनेटको कक्षा खर्च गरेमा विद्यार्थीहरूका विविध रुचिहरूको पहिचान गर्न र तिनको विकासका लागि रुचिगत समूहहरूको निर्माण गरी प्रत्येक दिन प्रत्येक समूहका प्रत्येक सदस्यले गर्नुपर्ने कार्य र समयको निर्क्योल गर्न/गराउन सकिनेछ। यसका लागि उनले शुरुमा आवश्यक फर्मको विकास गर्न अलिकति समय र साधनको खर्च गरे पुग्छ। तथापि यतिले मात्र शिक्षकको दायित्व र भूमिका भने पूर्ण हुँदैन। किनकि विद्यार्थीहरू कुनै नयाँ काम गर्न जति उत्साहित र अग्रसर हुन्छन् त्योभन्दा आफूले गरेका कामको प्रदर्शन गर्न र सम्बलन प्राप्त गर्न बढी लालायित हुन्छन्; त्यसैले शिक्षकले तिनका कुरा सधैँ हेरिदिनु, सुनिदिनुपर्छ।

**हामीले आज गरेको सानो प्रयासमार्फत हाम्रा यी फूल जस्ता बालबालिकाहरूले भविष्यको बाटो पत्ता लगाउन्, त्यही बाटोमा हिँडून् र सफलतापूर्वक आफ्नो लक्ष्यमा पुगून् ताकि हामी आज मात्र होइन उनीहरूको जीवनभर एउटा आदर्श, प्रिय र सफल शिक्षकको दर्जामा रहेर बाँच्न सकौं।**

विद्यार्थीमा लुकेर रहेका क्षमता, प्रतिभा, रुचि र गुण एवम् सीप पहिचान गर्न नसक्नु शिक्षकको कमजोरी हो भने त्यसो गर्न नै नचाहनु, गर्ने प्रयास नै नगर्नु शिक्षकको गैर जिम्मेवारीपन हो। हरेक कक्षाकोठामा एकभन्दा बढी क्षेत्रमा रुचि, विशेष प्रतिभा, क्षमता र दक्खल भएका विद्यार्थीहरू पनि हुनसक्छन्। यस्ता विशेष क्षमता, रुचि र दक्षतालाई सम्बोधन गर्नु पनि सम्बन्धित शिक्षकको दायित्व हुन्छ। त्यसैगरी कुनै विद्यार्थीले रोजेको क्षेत्र वा रुचिगत समूहमा राम्रो दक्षता हासिल गर्न नसकेमा उसको स्वभाव, प्रकृति र अवस्था अनुसार आवश्यक सल्लाह र परामर्श दिई अर्को रुचिगत समूहमा समायोजनको अवसर प्रदान गर्ने जिम्मेवारी पनि शिक्षकको नै हो। त्यसैले हामी शिक्षकहरू गैरजिम्मेवार नबनौं, आफ्नो कर्तव्य बोध गरौं। हामीले आज गरेको सानो प्रयासमार्फत हाम्रा अगाडि रहेका यी फूल जस्ता बालबालिकाहरूले भविष्यको बाटो पत्ता लगाउन्, त्यही बाटोमा हिँडून् र सफलतापूर्वक आफ्नो लक्ष्यमा पुगून् ताकि हामी आज मात्र होइन उनीहरूको जीवनभर एउटा आदर्श, प्रिय र सफल शिक्षकको दर्जामा रहेर बाँच्न सकौं। 📖

**हेमलाल उप्रेती**
आदर्श उच्च मा.वि. इलाम, मेची

बेन्चमा बस्ने विद्यार्थी सहजै पछिल्ला बेन्चमा बस्न तयार हुँदा रहेनछन्। किनकि उनीहरूलाई शिक्षकको ध्यान भन्दा बाहिर परिन्छ कि भन्ने चिन्ता हुँदोरहेछ। त्यसैगरी पछिल्ला बेन्चमा बस्नेहरू पनि अघिल्ला बेन्चमा आउन मान्दा रहेनछन् किनकि उनीहरूलाई शिक्षकको प्रत्यक्ष निगरानीमा परिन्छ भन्ने डर हुँदोरहेछ। त्यतिमात्र नभएर मैले पछिल्ला बेन्चमा बस्ने विद्यार्थीहरूको गृहकार्य दिनहुँ जाँच्ने, कक्षामा उनीहरूले जानेको कुरा के छ भन्ने सोध्ने र भन्न लगाउने, रुचि अनुसारको गृहकार्य गर्न लगाउने आदि काम गरेकी छु। केही न केही त मान्छेले प्रकृति, समाज आदिको साक्षात्कारबाट पनि सिकेको हुन्छ।

एकचोटि कक्षा ५ मा पढ्ने एउटा विद्यार्थीलाई गृहकार्य किन नगरेको भनेर सोध्दा उसले आफूले कुनै दिन गृहकार्य गर्ने मेसिन निर्माण गर्ने योजना सुनायो। त्यस्तो जवाफ सुनेर म आश्चर्यचकित भएँ। शायद ऊ शारीरिक श्रममा बढी रुचि राख्छ भन्ने मलाई लागेको थियो। तर यता आएर विचार गर्दा, ऊ त रोबर्ट मानवको परिकल्पना गर्ने वैज्ञानिक जस्तो परिकल्पनाकार पो रहेछ! यस्ता विद्यार्थीलाई हालको शिक्षा नीतिले अनुत्तीर्ण भन्छ र कक्षाबाट बिदा गरिदिन्छ।

अधिकांश विद्यालयमा विद्यार्थीकेन्द्रित भन्दा पनि शिक्षककेन्द्रित शिक्षण विधिको प्रयोग हुने गरेको छ। विद्यार्थीको पढ्ने रुचि नहुँदा पनि शिक्षकहरूले कोर्स सक्ने नाममा जबरजस्ती पढाउने प्रवृत्ति एकातिर छ भने अर्कोतिर विद्यार्थीलाई स्वतन्त्रताको मौका कम छ, पढाउने नाममा। किताबका भारीले उनीहरू थिचिएका छन्। यस्तो थिचाइले विद्यार्थीले प्रमाणपत्रमा सफलता त प्राप्त गर्ला तर उसले आफ्नो बहुमुखी प्रतिभाको विकास गर्न सक्दैन। जबसम्म विद्यार्थीको चौतर्फी प्रतिभाको विकास गर्न सकिँदैन तबसम्म शिक्षाको गुणात्मक विकास भएको मान्न सकिन्न। शिक्षक त एउटा मार्गदर्शक हो, प्रतिभाको उजागर गर्ने माली मात्र हो। किसानले मकै छरिसकेपछि तत्काल परेको पानीले माटोमा जालो लगाइदिँदा मकैको बिरुवा बाहिर निस्कन सक्दैन, त्यस्तो अवस्थामा किसानले विभिन्न औजार प्रयोग गरी उक्त जालो फोरिदिन्छ र मकैको बिरुवालाई बाहिर निस्कनका लागि सहज बनाइदिन्छ। ठीक यस्तै शिक्षक पनि प्रतिभाको उजागर गरिदिन सहज तुल्याइदिने किसान नै हो। 📖

**मीना पौडेल**
अन्नपूर्ण बोर्डिङ स्कूल, बाग्लुङ



## कक्षाकोठा प्रतिभा पहिचान र प्रोत्साहन

# छोरीको प्रतिभामा आमाको भूमिका

**आफ्ना विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने अभिभारा पहिलो शिक्षकको र त्यसपछि अभिभावकको हो । कहिलेकाहीँ शिक्षकहरूले सबै विद्यार्थीलाई प्रोत्साहित गर्न सक्दैनन् । यस्तो अवस्थामा अभिभावकको भूमिका ज्यादा महत्वपूर्ण हुन्छ ।**

छोराछोरी भनौं वा विद्यार्थी- यिनीहरूमा भएको अन्तरनिहित प्रतिभा चिन्न सक्ने अभिभावक र शिक्षक कति होलान्? म भन्न सक्दिनँ। एउटा शिक्षक अनि अभिभावक भएको नाताले मेरा विद्यार्थी र बच्चाको प्रतिभा कति चिन्न सकें, त्यो पनि यकिन गर्न सक्दिनँ। तर मैले जे-जस्तो अनुभूति गरेँ, त्यसलाई यहाँ छोटकरीमा समेट्ने प्रयत्न गरेकी छु।

म अतिरिक्त समयमा बाल समूह गठन गरी बाल कार्यक्रमहरू गर्थें। यस्ता कार्यक्रममा सबैजसोलाई नाच्न-गाउन मन पर्थ्यो। त्यसैगरी बाल नाटक र सडक नाटक पनि गर्थ्यौं । यस्ता नाटकको लेखन र निर्देशन आफैं गर्थें। यस्ता सामग्रीमा म छोरीलगायत उनका साथीहरूलाई पात्र बनाएर लेख्ने गर्थें।

घर नजिकैको निजी विद्यालयबाट पूर्व प्राथमिक तहको पढाइ सकेपछि छोरीलाई काठमाडौंको एउटा आवासीय विद्यालयमा राखियो । त्यहाँ कक्षा तीनसम्म पढ्दा छोरीले थुप्रै अङ्ग्रेजी कथाका किताब पढ्ने अवसर पाइन् । जाँचमा पहिलो दोस्रो र तेस्रो हुनेलाई विद्यालयले पुस्तक उपहार दिने गरेकाले पनि छोरीमा पुस्तक पढ्ने बानीको विकास हुँदै गयो।

हामी अभिभावक पनि सकेसम्म छोरीलाई उपहारस्वरुप नयाँ नयाँ पुस्तक नै दिने गर्थ्यौं। एवं रितले छोरीले अरू विषयभन्दा अङ्ग्रेजीमा दक्षता हासिल गर्दै गइन्। पछि अङ्ग्रेजीको तुलनामा नेपालीमा कम अङ्क आउन थालेपछि मैले उनी आबद्ध सुम्निमा बाल समूहमार्फत चारदिने बालभित्ते पत्रिकाको तालिम सञ्चालन गरेँ। छोरीलगायत पच्चीस जना बालबालिकाले उक्त तालिम लिने अवसर पाए। तालिमपछि छोरीले एकवर्षसम्म 'बालकोसेली' भन्ने भित्तेपत्रिकाको सम्पादन गर्ने अवसर पाइन्। यसरी भित्ते पत्रिकाको सम्पादन गर्दागर्दै छोरीले नेपाली विषयमा पनि राम्रो अङ्क ल्याउन थालिन्।

छोरीले एसएलसी दिएपछि उनले कक्षा एकदेखि दशसम्म पढेका रुण्डै सवा सय पुस्तक टोलमा बाल पुस्तकालय खोल्न भनेर दिइन् । छोरी गएको केही महिनापछि स्थानीय आमा समूहसँग मिलेर मैले 'हाम्रो पुस्तकालय' भन्ने एउटा सामुदायिक पुस्तकालय स्थापना गरेँ जुन अहिले पनि चलिरहेकै छ । त्यहाँ विभिन्न विद्यालयका विद्यार्थी पढिरहेको देख्दा 'छोरीले गर्दा मैले सरस्वतीको अतिरिक्त सेवा गर्ने अवसर पाएँ' जस्तो लाग्छ। छोरीले प्राथमिक तहमा अतिरिक्त पुस्तक पढ्ने अवसर पाएकाले नै कक्षामा सधैं प्रथम तीनमा पर्दै गइन् भने अङ्ग्रेजी पुस्तकको अध्ययन; नेपालीभाषाको बालभित्ते पत्रिकाको सम्पादन र प्रकाशनको अवसरले उनको नेपाली भाषाप्रतिको रुचि र ज्ञान बढ्यो। उनमा दशजोड दुईको वार्षिक परीक्षा सकिएलगत्तै राष्ट्रिय दैनिकहरूमा स्वतन्त्र लेखन गर्न सक्ने योग्यता र आत्मविश्वास बनिसकेको रहेछ।

स्नातक तह पढ्दै गर्दा *शिक्षक* मासिकमा प्रकाशित डा तीर्थबहादुर श्रेष्ठको आलेखमा आधारित 'हाम्रो चिडियाघर'भन्ने वृत्तचित्र निर्देशन गरिन् । हामी अभिभावक वा शिक्षकहरूले छोराछोरी वा विद्यार्थीलाई पढाइमा मात्र उत्कृष्ट हैन अन्य रुचिका विषयमा पनि अगाडि बढ्न र उनीहरूमा सामाजिक भावनाको विकास गराउनुपर्छ भन्ने सुनेका छौं; तर त्यसनिम्ति प्रयत्न भने त्यति गर्ने गर्दैनौं । उनीहरूमा यस्तो भावनाको विकास गराउन विद्यालयमा शिक्षक र घरमा अभिभावकले आफैं सामाजिक हुनु जरुरी हुन्छ। हामीले छोराछोरीमा त्यस्तो भावनाको विकास गराउन श्रीमान र म आफैं उदाहरण बन्ने प्रयास गर्‍यौं र गर्दै आएका छौं। दुवैजना बेलाबेलामा सामाजिक कार्यमा संलग्न हुने गर्छौं । अभिभावकले यस्ता काम गर्दा छोराछोरीमा पनि सकारात्मक प्रभाव पर्दोरहेछ भन्ने अनुभव मैले गरेकी छु।

आफ्ना विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने अभिभारा पहिलो शिक्षकको र त्यसपछि अभिभावकको हो । कतिपय अवस्थामा सीमित स्रोत र साधनमा पठनपाठन गर्नु र गराउनुपर्ने बाध्यताले कहिलेकाहीँ शिक्षकहरूले सबै विद्यार्थीलाई प्रोत्साहित गर्न सक्दैनन्। यस्तो अवस्थामा अभिभावकहरूले पनि आफ्ना छोराछोरीमा भएको कमी-कमजोरी हटाउन र उनीहरूको प्रतिभा प्रस्फुटन गराउन विशेष ध्यान दिनुपर्छ।

पछिल्लो समयमा बहुसङ्ख्यक शिक्षकहरू विद्यार्थीहरूमा भएको प्रतिभा प्रस्फुटन गराउने क्रियाकलाप भन्दा पाठ्यपुस्तकमै बढी केन्द्रित भएको पाइन्छ । यस्तो अवस्थामा विद्यार्थी पनि आफूलाई पाठ्यपुस्तकमै केन्द्रित गराउन बाध्य हुन्छन्। स्कूले जीवनमा अतिरिक्त क्रियाकलापमा सहभागी हुने अवसर नपाएका बहुसङ्ख्यक विद्यार्थीहरू आफू कुन विषय लिएर उच्च शिक्षा हासिल गर्ने भन्ने विषयमा अल्मलिएको देखिन्छ भने कतिपय विद्यार्थीले त आफूभित्रको प्रतिभा चिन्ने अवसरै पाउँदैनन्।

प्राथमिक तह जग हो। विद्यार्थीले जीवनोपयोगी सीप सिक्ने उत्तम समय पनि यही हो । जीवनोपयोगी सीपसँगै उचित वातावरण र मार्गदर्शक पाएमा उनीहरूले आफूमा भएको प्रतिभा प्रस्फुटन गराउन सक्छन्। र शिक्षक वा अभिभावकले विद्यालय वा घरमा सिक्ने/सिकाउने वातावरण तयार गर्नु जरुरी छ । एउटा विद्यार्थीका लागि विद्यालयमा शिक्षक मार्गदर्शक हुन सक्छ भने घरमा अभिभावक । आफ्ना शिक्षकका राम्रा आनीबानी वा कुनै पनि सीप विद्यार्थीले चाँडो सिक्छ भने घरमा अभिभावकबाट पनि त्यसरी नै सिक्न सक्तछ । यसका लागि शिक्षक वा अभिभावकले पनि सहजीकरणको भूमिका निर्वाह गर्नु जरुरी हुन्छ ।

**मधु राई,** विराटनगर

# पहिलो शर्तः भयरहित वातावरण



हामीले २०६६ साल वैशाखबाट मालिका *भित्ते दर्पण* मासिक भित्ते-पत्रिका शुरु गऱ्यौं। त्यसमा म र नेपाली शिक्षक कमलबहादुर रावत विद्यार्थीका लेख, रचना, कथा, कविता, चित्र, चुट्किला, गजल आदिलाई काँटछाँट गर्दै प्रकाशित गर्ने गर्थ्यौं। असार अङ्क निकालिसकेपछि पत्रिका निकाल्ने जिम्मा विद्यार्थीलाई दियौं। विद्यार्थीहरू- हेमन्त देवकोटा, हरिप्रसाद अधिकारी, कृष्ण धामी, दुर्गा रावत र अर्जुन धामीले सम्पादकीयसहितको *भित्ते दर्पण* को साउन अङ्क प्रकाशित गरे। उनीहरूले सम्पादकीयमा लेखेका थिए, "त्यो शिक्षक शिक्षक होइन जसले विद्यार्थीलाई कुटी-कुटी आफ्नो नियन्त्रणमा राख्न खोज्छ। शिक्षकसँग पढाउन सक्ने क्षमता भएर मात्र हुँदैन। विद्यार्थी नकुटेर, नथर्काइकनै उनीहरूको ध्यान आफूतिर खिचेर पढाउन सक्ने क्षमता शिक्षकमा हुनुपर्छ। हामीलाई घोकन्ते शिक्षा होइन व्यवहारिक शिक्षाको खाँचो छ। विद्यार्थीले आफ्ना विचारलाई शिक्षकसामु खुलस्त राख्न पाउने वातावरणको सृजना स्कूल प्रशासनले गर्न सक्नुपर्छ। विद्यार्थीलाई शारीरिक र मानसिक सजाय दिने शिक्षकको विरुद्धमा सिङ्गो स्कूल व्यवस्थापन र अभिभावक उभिनुपर्दछ। साथै, यसमा सबै विद्यार्थीलाई पनि जागरुक बनाउनु आवश्यक छ। हामी विद्यार्थीहरू पनि एकजुट हुनु आवश्यक छ। शिक्षकले विद्यार्थीसँग साथीको व्यवहार गर्नुपर्छ र विद्यार्थीले शिक्षकसँग सम्मानित साथीको व्यवहार गर्नुपर्दछ।"

शिक्षक साथीहरूसँग म जे कुरा गरिरहन्थें त्यही कुरा विद्यार्थीले *भित्ते दर्पण* मा प्रकाशित गरेको देख्दा सबै जना छक्क पऱ्यौं। केही शिक्षक साथीहरू मैले विद्यार्थीलाई उचालेको आरोप लगाउन पनि पछि परेनन्। उनीहरूले विद्यार्थीको त्यो वास्तविक विचार पचाउन नसक्नु र *भित्ते दर्पण* मा टाँसिएका अन्य चित्र, गीत, कविता, निबन्धमार्फत उजागर भइरहेको प्रतिभा नचिन्नुमा एउटै कमजोरी थियो- ती शिक्षक साथीहरू विद्यार्थीसँग कहिल्यै नजिक हुँदैनथे। आफूले पढाउने भन्दा बाहिरको विषयवस्तुप्रति ध्यान दिँदैनथे। अनि कहाँबाट चिन्नु विद्यार्थीको वास्तविक प्रतिभा ? हुन त विद्यार्थीले त्यो कुरा लेख्नुभन्दा अघि मसँग सल्लाह लिएका थिए। उनीहरूले मलाई भनेका पनि थिए, भोलि केही गरी हामीलाई अप्ठेरो भएमा तपाईंसँग हामी खुलस्त मनमा लागेका कुराहरू लेख्छौं भनेपछि मैले उनीहरूले जे लेखे पनि समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेको थिएँ।

अमेरिकाको एक विद्यालयमा छात्राले आफ्नो गणित पढाउने शिक्षकलाई विन लादेनले मारिदेओस् भन्ने चाहना राखेको समाचार सुन्दा म आश्चर्यचकित भएको थिएँ। अहिले बुझ्दैछु; हाम्रा विद्यार्थी पनि कोही-कोही शिक्षकप्रति यसरी नै आक्रोशित हुँदारहेछन्। तर कोही शिक्षकले जति पिटे पनि र जति गाली गरे पनि विद्यार्थी उनै शिक्षकलाई मन पराइरहेका हुन्छन्। रमाइलो गरी सुनिरहुँ, ध्यान दिइरहुँ तरिकाले शिक्षकले पढाएपछि पक्कै पनि विद्यार्थी खुसी हुन्छन् र मन लगाएर पढ्न रुचाउँछन्।

हामी हरेक कुरा आफूले जाने अनुसार व्यवहारमा लागू गर्न सक्दैनौं। हाम्रो कमजोरी यही हुन्छ। त्यसैले जानेको कुरा व्यवहारमा उतार्न लगाउन जसलाई पनि समय-समयमा झकझकाइराख्नु पर्दोरहेछ। शिक्षक कक्षाकोठामा जहिल्यै हँसिलो, फुर्तिलो र जाँगरिलो हुनुपर्दोरहेछ। शिक्षकले आफ्नो पोशाकप्रति पनि ध्यान दिनु आवश्यक हुँदोरहेछ। तर प्रतिभा पहिचानको पूर्व शर्त भनेको चाहिँ विद्यालयको भयरहित वातावरण नै रहेछ। विद्यार्थीको मनमा रहेको शिक्षकप्रतिको डर नै प्रतिभा पहिचानको लागि मुख्य बाधक रहेको मैले अनुभव गरेको छु। भय र त्रासरहित वातावरण बनाउन सकेमा विद्यार्थीले आफ्ना भावना, रुचि र सृजनशील सोचलाई निर्धक्क प्रस्तुत गर्न पाउँदारहेछन्। शिक्षकले पनि हरेक विद्यार्थीलाई आफ्नो मनमा लागेका कुरा व्यक्त गर्न प्रोत्साहित गर्नुपर्छ। त्यसपछि शिक्षकको काम चाहिँ उनीहरूमा अन्तरनिहित प्रतिभा खुट्याइदिने (तिमीसित त यो प्रतिभा छ, यसरी अगाडि बढ्यौ भने तिमीले राम्रोसित प्रगति गर्न सक्छौ भनी उत्प्रेरणा/सल्लाह दिने) अनि त्यसलाई गोडमेल र विकसित तुल्याउन विभिन्न क्रियाकलापहरू गराउनुपर्दछ। रुचि अनुसारका क्रियाकलाप गर्न प्रोत्साहित गर्नुपर्छ। आफ्ना कुरा सुनेर विद्यार्थी रमाए भनेर शिक्षकले त्यसमै चित्त बुझाउनुहुँदैन। क्रियाकलाप नै गराउनुपर्छ। एकाध क्रियाकलाप गराएर मात्र हुँदैन। वर्षैभरी निरन्तर रूपमा गराउनुपर्छ। हप्ता भन्दा टाढा त जानै हुन्न। किनभने निरन्तर गरिने अभ्यास, प्रयोग, परीक्षण र सिकाइले मात्र विद्यार्थीको क्षमतालाई उजागर गर्न सकिन्छ।

**नवीनकुमार देवकोटा**

भाइस-प्रिन्सिपल, मालिका पब्लिक स्कूल विनायक, अछाम



## कक्षाकोठा प्रतिभा पहिचान र प्रोत्साहन

# शिक्षकले ध्यान दिए असम्भव छैन

**अमन्त्रम् अक्षरं नास्ति नास्ति मूलमनौषधम् ।**
**अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः । ।**

अर्थात् मन्त्र नभएको अक्षर र औषधि नभएको वनस्पति हुँदैन। कुनै पनि मानिस आफैँमा अयोग्य हुँदैन; केवल त्यसलाई जोड्ने योजकको मात्र खाँचो छ। यहाँ त्यो योजकको रूपमा शिक्षकलाई लिन सकिन्छ।

विकसित मुलुकहरूमा जस्तै हामीकहाँ विद्यार्थीको मनोवैज्ञानिक परीक्षण गरी उसको व्यक्तित्व तथा रुचि पत्ता लगाउने, प्रतिभा पहिचान गर्ने सोच, तरिका, साधन र पद्धति छैन। कक्षाकोठा, स्कूल तथा घरपरिवारमा विद्यार्थीले गर्ने क्रियाकलाप र उसले प्राप्त गरेको विषयगत नतिजाका आधारमा प्रतिभा र क्षमता चिन्नुपर्ने हुन्छ। यसका लागि शिक्षकको सचेतता नै महत्त्वपूर्ण रहन्छ।

यसै सन्दर्भमा; एकदिन कक्षा ८ को नागरिक तथा नैतिक शिक्षा पढाउने शिक्षक अनुपस्थिति भएकाले प्रधानाध्यापकले मलाई कक्षा लिन अनुरोध गर्नुभयो। कक्षाकोठाको वातावरण शान्त र रमाइलो थियो। अनुशासनको विषयमा कथा वाचन गर्दै विद्यार्थीलाई विषय प्रवेश गराउन प्रयास गरिरहेको थिएँ। यत्तिकैमा वसन्त भन्ने विद्यार्थीले अकस्मात् उठेर मसँग अर्को विद्यार्थीको बारेमा यसरी बतायो "सर यो निर्मलले तपाईंको चित्र कोरिराखेको छ, यसले पढाइमा ध्यान दिँदैन; खाली चित्र मात्र बनाउँछ।" मलाई लाग्यो; वसन्त निर्मलप्रति पूर्वाग्रह राखेर बोलिरहेको छ। म अलि गम्भीर बनेँ। किन उसले मेरो पढाइप्रति ध्यान दिएन। यसको कारण केही हुनुपर्छ। म निर्मल नजिक गएँ। उसको कपी उठाएँ; मेरो तस्बिर जस्ताको त्यस्तै उतार्ने तयारीमा रहेछ। मैले उसलाई केही गरिनँ। बरु भनेँ "निर्मल, तिमीलाई चित्र कोर्न रुचि छ भने ठीकै छ; यो नराम्रो कुरा होइन। चित्रकारिता पनि एउटा पेशा हो। यसबाट पनि नाम र दाम दुवै कमाउन सकिन्छ तर यसका निम्ति पनि पढ्नुपर्छ। पढाइको साथसाथै बाँकी समयमा तिमीले चित्र कोर्दै जाने र यस्ता प्रतियोगितामा भाग लिने गर्नुपर्छ। धन्यवाद ! तिमीले मेरो चित्र बनाएकोमा। तर मैले पढाइरहँदा होइन, अरू समयमा बनाउनुपर्छ।"

मेरो कथनबाट आश्वस्त भएको निर्मलले सहजै जवाफ फर्कायो, "सर, चित्र बनाउन त तपाईंलाई मैले बारम्बार हेरिरहनुपर्छ। तपाईंलाई नहेरी त कसरी दुरुस्त चित्र उतार्नु ! आज मौका मिलेकाले बनाएको हुँ।" उसको जवाफले थप सोच्न बाध्य पार्‍यो। उसको अन्तरकुन्तरमा रहेको प्रतिभा वातावरण पाउनासाथ अङ्कुरित हुन खोजिरहेको महसुस गरें। उसका चित्र कोर्दै गरेका हातलाई मायाले समातेँ र उठाएँ अनि मेरो चित्र बनाएकोमा धन्यवाद दिँदै सबै विद्यार्थीलाई जोडदार ताली बजाउन लगाएँ। निर्मललाई चार बजेपछि भेट्नु भनेँ। यत्तिकैमा घण्टीले समय सकिएको सङ्केत गर्‍यो। म कक्षाकोठाबाट बाहिरिएँ। चार बजेपछि केही सेतो कागज र ८/१० वटा साइनपेन दिँदै निर्मललाई भनेँ "यी सामग्री लगेर राम्रो चित्र बनाउनु ल ! एउटा मलाई अनि अर्को तिमीलाई मनपर्ने।" उसले स्वीकृतिसूचक टाउको हल्लायो र फेरि भन्यो, "सर तपाईंको तस्बिर बनाउन त एउटा फोटो दिनुहोस् न।" मैले तत्काल आफ्नो परिचय पत्र निकालेर उसको हातमा राखिदिएँ। उसले भोलिपल्ट मेरो तस्बिर र गणेश भगवानको तस्बिर बनाएर ल्याएछ। गणेशको तस्बिर कक्षाकोठामा मध्यभागमा लगेर टाँसिदिएँ र बच्चाहरूलाई ताली बजाउन लगाएँ। अनि भनेँ, "तिमीहरूमा पनि यस्तै अतिरिक्त खुबी छ भने देखाउनुपर्छ।" त्यसपछि विद्यार्थीहरूले आफूमा भएको र साथीमा रहेको क्षमताबारे चर्चा गरे। मैले निर्मललाई चित्र कोर्ने क्षमता भएकाले त्यसमा जोड दिनुपर्ने कुरा बताएँ।

निर्मलले एसएलसी उत्तीर्ण गरेपछि घरायसी अवस्थाका कारण उच्च अध्ययन गर्न सकेन। केही समयको अन्तरालमा ऊसित भेट भयो। उसले चित्रकारिता (आर्टस्)को पेशा गर्दै आफू र आफ्नो परिवार पालेको कुरा बतायो। यो एउटा यथार्थ घटना हो।

कक्षाकोठामा सबै विद्यार्थी समान प्रतिभा र क्षमता भएका हुँदैनन्। कोही उच्च, मध्यम र निम्न क्षमता र दक्षता भएमा ती सबैलाई मिलाएर लैजानमा एउटा शिक्षकको कार्यकुशलता, अनुभव र अनुसन्धानको जरुरी पर्दछ। प्रतिभा अनुसार विद्यार्थीको सिकाइको स्तर फरक-फरक हुन्छ। त्यसका निम्ति शिक्षकले हरेकको क्षमताको आधारमा फरक-फरक रणनीति तय गर्नुपर्दछ। हाम्रो शिक्षाको राष्ट्रिय उद्देश्यले पनि विद्यार्थीको प्रतिभा प्रस्फुटन गराउने कुरालाई सम्बोधन गरेको छ। त्यसकारण शिक्षक र विद्यालयले बेलाबेलामा विद्यार्थीको प्रतिभा र कमजोरी पत्ता लगाउन कार्यमूलक अनुसन्धान गर्ने, उनीहरूका रुचिका सम्बन्धमा प्रश्नावली बनाएर भर्न लगाउने, त्यसबाट प्राप्त नतिजाको विश्लेषण गर्ने, विद्यार्थीको प्रतिभा र कमजोरी पत्ता लगाउन कार्यमूलक अनुसन्धान गर्ने, मामला (केस स्टडी) अध्ययन गर्ने जस्ता कार्यहरू गर्नुपर्छ। त्यसैगरी; 'तिमीसँग भएको खुबीबारे एउटा लेख लेख', 'तिम्रा राम्रा र नराम्रा पक्षबारे तीन/तीनवटा बुँदा टिपेर ल्याऊ' आदि भनेर गृहकार्य दिने विद्यालयमा गीत, कविता, वक्तृत्वकला, कथावाचन, वादविवाद, अभिनय, लोकनृत्य, सङ्गीत, हाजिरीजवाफ, चित्रकला, हास्यव्यङ्ग्य, शैक्षिक सामग्री निर्माण, विज्ञानका सामग्रीका निर्माण, समस्यामूलक प्रश्न, बोधमूलक प्रश्न, समालोचनात्मक चिन्तन, फूलबारी निर्माण, विज्ञानका सामग्रीको निर्माण, क्यारिकेचर, जोक, प्यारोडी, गजल लेख्ने जस्ता अतिरिक्त क्रियाकलापहरू प्रतिभा प्रस्फुटनका निम्ति सबैभन्दा उत्तम माध्यम हुन्। 📖


**रामप्रसाद पाण्डेय**
भगवती नमुना उमावि, मिर्मी ढाब, स्याङ्जा


### पुरस्कार-नतिजा

'प्रतिभा पहिचान र प्रोत्साहन' को सन्दर्भमा हामीलाई प्राप्त विचार/अनुभवमध्ये **हेमलाल सुवेदी** (आदर्श उमावि, इलाम) को लेखाइ उत्कृष्ट लाग्यो। त्यस्तै गतांकमा छापिएको **श्यामप्रसाद लामिछाने** (भीमोदय उमावि, गोरखा) को 'आत्मबोध' अरू शिक्षकहरूका लागि पनि प्रेरणादायी हुने ठानेर दुवैलाई पुरस्कृत गर्ने निर्णय गरिएको छ। -सं.

# See the world differently this morning.

## The best global and local news, in one simple package.

**Subscribers will get**
**free access to NYTimes.com**
Call : 4268656 subs@myrepublica.com



## जिज्ञासा जवाफ

### 'सो सरह' भन्नाले तालिम

२०६७/१०/०९ मा संशोधित शिक्षा नियमावली २०५९, परिच्छेद १७, नियम ९३(२) मा 'शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा १० वर्ष स्थायी सेवा गरेको शिक्षक पनि माध्यमिक तहको प्रअको उम्मेद्वार हुन योग्य हुने' उल्लेख छ। उक्त 'सो सरहको परीक्षा' भन्ने वाक्यांशले कुन-कुन शैक्षिक उपाधि र योग्यतालाई बुझाउँछ ?

**भक्तिसागर रेग्मी**
**विद्याज्योति उमावि, बर्दिया**
**तिलकप्रसाद शर्मा**
**चुरे उमावि, बगनाहा, बर्दिया**

*शिक्षाशास्त्र बाहेकका अन्य विषयमा स्नातक गरी शैक्षिक जनशक्ति विकास केन्द्रको १० महिने तालिम लिएको योग्यतालाई बी.एड. वा 'सो सरह'को मान्यता दिन खोजिएको हो। साथै सोही नियमको प्रयोजनको लागि कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण भई प्राथमिक तहको १० महिने तालिमप्राप्त योग्यतालाई आई.एड., कुनै विषयमा स्नातक उत्तीर्ण भई माध्यमिक तहको १० महिने तालिमप्राप्त योग्यतालाई बी.एड. र कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण भई माध्यमिकक्कै १० महिने तालिमप्राप्त योग्यतालाई एम.एड. सरह मानिनेछ। यी योग्यता भएका शिक्षकहरू क्रमश: प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको प्रअका लागि योग्य हुनेछन्।*

***कमलप्रसाद पोखरेल***
***निर्देशक, शिक्षा विभाग***

### बढुवा कहिले खुल्ला ?

म २०६३/०६/२२ मा प्राथमिक तृतीय श्रेणीमा स्थायी नियुक्ति पाएको शिक्षक हुँ। अब मैले बढुवाका निम्ति के-के गर्नुपर्ला ? आन्तरिक प्रतियोगितात्मक (२५ प्रतिशत) बढुवाको आवेदन कहिले खुल्छ ? त्यसमा मैले आवेदन दिन पाउँछु कि पाउँदिनँ ?

**भुवन अधिकारी**
**सरस्वती राप्रावि, खैरहनी-२, चितवन**

*आन्तरिक प्रतियोगितात्मक (२५ प्रतिशत) अन्तर्गत गरिने बढुवाको विज्ञापन २०६८/०३/१७ गते नै प्रकाशित भएको हो। जसमा थपिएको म्यादसहित आवेदन बुझाउने अन्तिम मिति २०६८/०५/०५ सम्म तोकिएको थियो। एक त यसको म्याद नै सकिइसकेको छ भने अर्कोतर्फ बढुवामा आवेदन दिनको लागि पाँच शैक्षिक सत्र पूरा गर्नुपर्ने प्रावधान छ, जुन तपाईंको पुगेको छैन।*

***पदमप्रसाद खरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

### पीसीएफः सम्बन्धित शिक्षकलाई नै

प्रति विद्यार्थी लागत(पीसीएफ) अन्तर्गत शिक्षकको तलबका लागि विद्यालयमा पठाइएको रकमबाट पीसीएफ कोटामा नियुक्त शिक्षकलाई मात्रै खुवाउनुपर्छ कि अन्य शिक्षकको तलबमा पनि खर्च गर्न पाइन्छ ?

**गोकर्ण पोखरेल**
**श्रीमावि, निमडाँडा, कपिलवस्तु**

*विद्यार्थी अनुपात बढी भएका विद्यालयमा शिक्षक व्यवस्थापनको लागि पीसीएफ अनुदान दिने गरिन्छ। त्यसबाट विद्यार्थी सङ्ख्याका आधारमा जतिजना शिक्षकलाई लक्षित गरेर अनुदान पाइएको हो, त्यही अनुरुप शिक्षक नियुक्त गर्नुपर्ने हुन्छ र उक्त अनुदानबाट सम्बन्धित शिक्षकलाई मात्रै तलब खुवाउनुपर्ने हुन्छ।*

***कृष्णप्रसाद ढुङ्गाना***
***उपसचिव, शिक्षा विभाग***

### काजमै गणना हुन्छ

एघारौं राष्ट्रिय जनगणना, २०६८ को काम गर्न जिशिका, काठमाडौंले निम्नमाध्यमिक तहका शिक्षकहरूलाई सुपरीवेक्षकको रूपमा १८ वैशाखदेखि दुई महिनाको लागि काजमा खटाएको थियो। तालिकाअनुसार ३-१३ असारसम्म गणकहरूले घरदैलोमा गई लगत विवरण ल्याउने र १८ गतेभित्र सम्बन्धित गणना सुपरीवेक्षकमार्फत इलाका जनगणना कार्यालयमा बुझाउनुपर्ने थियो। तर तोकिएको समयमा काम नसकिएपछि जनगणना कार्यालय, काठमाडौं 'क'ले २४ असार र 'ख'ले २२ असारदेखि मात्रै शिक्षकको काज फिर्ता गऱ्यो। यसरी १८ असारपछि थपिएको दिनमा विद्यालयमा काज थप हुने वा विद्यालयको हाजिरकापीमा हाजिरी जनाउने हो वा शिक्षकको सञ्चित बिदाबाट कट्टी गर्ने हो ? वा अरू विकल्प छन् ?

**गणेशप्रसाद शर्मा, बालकुमार शर्मा र सीता ओझा, नवयुग मावि, जैशिदेवल, काठमाडौं**

### सोडिसबारे प्रस्ट्याइयोस्

कक्षा ८ को *स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा* को एकाइ-६ (पृष्ठ ११२)मा सोडिस प्रविधि (SODIS) बारे चर्चा गरिएको छ। त्यसमा भनिएको छ- "... सफा गरिएको बोतलमा करिब आधाभन्दा बढी सफा पानी भर्नुपर्छ, बोतलको बिर्को राम्ररी बन्द गर्नुपर्छ, यसरी बन्द गरेपछि बोतललाई २०-२५ पटक तलमाथि हल्लाएपछि बोतलको बाँकी खाली भाग पनि सफा पानीले टन्न भर्नुपर्छ ...।" यसरी बोतलमा आधा भरेर हल्लाउनुपर्ने र फेरि पूरै भर्नुपर्नाको औचित्य के हो ? यसबारे बुझ्न सकिएन। साथै SODIS को पूरा रुप चाहिँ के हो नि ?

**प्रेमकृष्ण श्रेष्ठ**
**प्रगतिशील उमावि, बोहोरेटार, सिन्धुली**



*SODIS को पूरा रुप Solar Watar Disinfection हो। बोतलमा शुरुमै टन्न पानी नभरी आधाभन्दा बढी भर्नुको खास कारण छ। आधाभन्दा बढी पानी भरिएको बोतलको बाँकी भागमा अक्सिजन रहेको हुन्छ। बोतललाई २०-२५ पटक हल्लाउँदा अक्सिजन पानीमा घुल्न पाउँछ, जसले पानीलाई केही स्वादिलो बनाउँछ। तर, बोतलमा पूरै पानी भर्दा यसरी अक्सिजन घुलाउने अवस्था रहँदैन।*

***बौधराज निरौला, प्राविधिक अधिकृत***
***शैक्षिक जनशक्ति विकास केन्द्र***

*निर्धारित समय (१८ असार) सम्ममा तोकिएको काम नसकिएपछि थप दिन काम गरेको व्यहोराको पत्र जनगणना कार्यालयबाट दिइएको छ भने बाँकी अवधि पनि काजकै रूपमा गणना हुने देखिन्छ। उक्त अवधिको हाजिर गरिरहनुपर्दैन, सञ्चित बिदाबाट पनि कट्टी गर्नुपर्दैन।*

***बाबुकाजी कार्की, जिशिअ, काठमाडौं***

## मेरो पनि बढुवा होला ?

म 'अण्डर एसएलसी' शिक्षक हुँ। मेरो सेवा अवधि २८ वर्ष पुग्यो। संशोधित शिक्षक सेवा नियमावलीको प्रावधान अनुसार मैले समयवद्ध (विशेष) बढुवाको आवेदन फारम भरी जिशिका, बैतडीमा बुझाएको छु। मेरो विशेष बढुवा होला कि नहोला ?

**धनी नाथ**
**निङ्लासैनी निमावि, गोकुलेश्वर, बैतडी**

*कार्यसम्पादन मूल्याङ्कन फारम भर्नुभएको छ र त्यसमा कम्तीमा ७५ प्रतिशत अङ्क पाउनुभएको छ भने तपाईं पनि विशेष बढुवाबाट लाभान्वित हुन पाउनुहुनेछ।*

***पदमप्रसाद खरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## माध्यमिककै तालिम पाइन्छ ?

प्राथमिक वा निम्नमाध्यमिक तहको स्थायी वा अस्थायी पदमा नियुक्ति पाई माध्यमिक तहमा पढाइरहेका शिक्षकले माध्यमिक तहकै 'शिक्षकको पेशागत विकास(टीपीडी)' तालिम लिन पाउँछ कि पाउँदैन ? कैलाली जिल्लामा 'पाइलट प्रोजेक्ट' अन्तर्गत २०६५ सालमै शिक्षकहरूलाई टीपीडीको १० दिने तालिम दिइएको थियो। तर उनीहरूलाई अहिलेसम्म प्रमाणपत्र उपलब्ध गराइएको छैन। प्रमाणपत्र कहिले दिइन्छ ?

**खनाल मेघनाथ 'बन्धु'**
**ज.क.उमावि, जुगेडा, कैलाली**
**कामेश्वर मण्डल, शिक्षक, बर्दिया**

*टीपीडी कार्यक्रमको मूल उद्देश्य नै शिक्षकले कक्षाकोठामा व्यहोर्नुपरेका समस्याको समाधान गर्नु हो। यसको मतलब शिक्षकले जुन तहमा पढाइरहेको छ, उसका निम्ति सोही तहकै टीपीडी तालिम दिने हाम्रो रणनीति हो। त्यसैले शिक्षकको पदीय तह/श्रेणी भन्दा पनि उसले पढाउने तहका आधारमा टीपीडी कार्यक्रममा सहभागी गराउनुपर्छ। २०६५ सालमा कैलालीमा सञ्चालित टीपीडी आफैंमा 'नमुना कार्यक्रम' थियो। त्यसैले प्रमाणपत्र नदिइएको हो। २०६६ देखि औपचारिक रूपमा सञ्चालित टीपीडीको तीनवटै चरणको तालिम पूरा भएपछि त्यसबापतको प्रमाणपत्र दिइनेछ।*

***शिवकुमार सापकोटा***
***उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र***

## 'मेजर' विषय के ?

प्रमाणपत्र तह(आई.एड.) वा सो सरहको तहको प्रथम वर्षमा जनसङ्ख्या अध्ययन, गणित शिक्षण, नेपाली शिक्षण र दोस्रो वर्षमा जनसङ्ख्या अध्ययन, विज्ञान शिक्षण र सामाजिक अध्ययन शिक्षण पढेको व्यक्तिको मूल विषय कुनलाई मानिन्छ ? उसले बी.एड.मा कुन विषय पढ्न पाउँछ ?

**बी.एन. ओली**
**मुसिकोट खलङ्गा बहुमुखी क्याम्पस, रुकुम**

*यसमा मूल विषय जनसङ्ख्या अध्ययनलाई मानिन्छ। बी.एड.मा जनसङ्ख्या, नेपाली, स्वास्थ्य, शैक्षिक प्रशासन तथा सुपरीवेक्षणलाई मूल विषय बनाउन सकिन्छ। यदि दुवै वर्षको अनिवार्य अङ्ग्रेजीमा ५० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेको अवस्थामा बी.एड.मा अङ्ग्रेजीलाई पनि मूल विषय रोज्न सकिन्छ।*

***प्रा. कुलनरसिंह श्रेष्ठ***
***सहायक डीन, शिक्षाशास्त्र सङ्काय, त्रिवि***

## गाभ्न मिल्ला ?

खोटाङस्थित कुभिण्डे गाविस वडा नं. ७ र ८ का प्राथमिक विद्यालयलाई दुवै वडाको लागि पायक पर्ने गरी गाभेर निम्नमाध्यमिक विद्यालय बनाउने निर्णयका साथ जग्गाको व्यवस्था समेत भइसकेको छ। अभिभावक भेला, वि.व्य.स. बैठकको निर्णयसहितको पत्र विद्यालयले जिशिकामा पठाइसकेको छ। तर, जिशिकाले हालसम्म यसबारे कुनै निर्णय गरेको छैन। यसरी दुई विद्यालयलाई गाभ्न मिल्दैन र ? गाभेबापत सरकारले भवन निर्माणका निम्ति थप सुविधा उपलब्ध गराउँछ कि गराउँदैन ?

**टीकाराम चाम्लिङ**
**कालिका प्रावि, कुभिण्डे-८, खोटाङ**

*शिक्षा ऐन, २०२८ मा 'नेपाल सरकार वा तोकिएको अधिकारीले जिल्ला शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, विद्यालयको नाम परिवर्तन गर्न, विद्यालय बन्द गर्न, तोकिएको ठाउँमा विद्यालय खोल्न वा थप कक्षा सञ्चालन गर्न सकिने' व्यवस्था छ। सरकारको पनि विद्यालय गाभ्ने नीति नै छ। गाभिएका विद्यालयलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने यसको निर्देशिका बनाएर शिक्षा मन्त्रालयमा पठाइएको छ। जुन स्वीकृत भइसकेको छैन।*

***गणेश पौडेल***
***उपनिर्देशक, शिक्षा विभाग***

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो। त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं।

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**


# YOUR COMPLETE NEWS.



# फुर्सद



## शब्द खेल-३६



नामः — — — — — — —

ठेगानाः — — — — — — —


### तेर्सो

१) जिद्दी/हठ वा ढिपी
२) धूम्रपान वा मादक पदार्थको सेवनजस्ता कुराको लतमा लागेको/अम्मली
४) खुट्टा, ६) माने/मतलब/अभिप्राय
७) देवकार्यमा अग्निमा चढाइने वस्तु/आहुति
९) इन्द्रजात्रामा रथयात्रा गरिने एक प्रसिद्ध देवी
१०) पुराणमा वर्णित मेनका अप्सराबाट जन्मेकी विश्वामित्र ऋषिकी छोरी
१३) चार वेदमध्ये एक
१४) मनकारी/फुक्का मनको/दिलदार
१६) साधारण ध्वनि पनि नाकबाट निकालेर बोल्ने (मान्छे)
१७) अरूसित राय मिलेको/मन्जुर भएको
२०) आफ्नो अस्तित्व समेत खत्तम हुने गरी अर्कामा मिल्ने काम
२१) कहानी/किस्सा, २३) समय/टाइम
२४) प्राचीन राज्यव्यवस्थामा सुरक्षाको बन्दोबस्त मिलाउने ठाउँ
२५) अवस्था/स्थिति/हविगत
२६) चल्ने वा हिंड्ने काम/गति

### ठाडो

१) सरकारी सेवाबाट विश्राम लिने वा हुने
२) कुनै काममा नआउने/कुनै अर्थ नभएको
३) तुच्छ व्यक्ति/अधम/क्षुद्र
५) दिनभरका उल्लेखनीय र स्मरणीय कामकुराको विवरण संक्षिप्त रूपमा लेखिने पुस्तिका
६) टुङ्गो नभएको/कहिल्यै नाश नहुने
८) राप्ती अञ्चलमा पर्ने एक जिल्ला
११) रामका एक छोराको नाम
१२) अर्काले अह्राएको काम मात्र गर्ने/लाफ्रे
१३) गर्धन र खुट्टा ज्यादै लामा हुने बकुल्लाका आकारको ठूलो चरा
१५) ठूलो खाँबो/खम्बा
१६) अगुवा/नेता/हिरो
१८) आक्रमण/चढाइ
१९) अम्मलीलाई लाग्ने तिर्सना
२०) प्रिय व्यक्तिसँगको विछोड/विरह
२२) जानकारी/भेउ/पत्तो/खबर
२३) पशुको बियाउनाको पल्ट

## अन्ताक्षरी-३६




नामः — — — — — — — — — —

ठेगानाः — — — — — — — — — —

१) भाद्रशुक्ल चतुर्दशीका दिन काठमाडौंमा गरिने गणेश, भैरव, कुमारीको प्रसिद्ध रथयात्रा (४)
२) ज्यादै डराएको/थरहरी/त्रस्त (४)
३) लबेदा/दौरा (५)
४) अर्काको दुःख वेदना आदिमा हुने समान अनुभूति (५)
५) छ्यान्नब्यान्न/छरपुस्ट/छितरबितर (६)
६) रिसले उत्पन्न भएको छटपटी/अत्यन्त ठूलो झोक (३)
७) खुट्टा सुन्निएर थाम जस्तै हुने रोग (५)
८) कुनै लेख ग्रन्थ आदि लेख्ने स्त्री (३)
९) चारपांग्रा भएको, इन्धनले चल्ने सानो आरामदायी सवारी साधन (२)
१०) कुनै ठाउँबाट गरिने प्रस्थान/भ्रमण वा यात्रा (३)
११) निरुत्तर/चुप (४)
१२) हँसिलो मुख लगाएर मीठो बोली बोल्ने (४)
१३) फकाउने चाल वा कुरो/चिप्लोघसाइ/चोचोमोचो (४)
१४) जीउडाल र रवाफमा खाइलाग्दो तर व्यवहारमा विश्वास गर्न नसकिने, काम र कुराको ठेगान नभएको मान्छे (५)
१५) हेर्ने, विचार गर्ने काम/हेरचाह (४)

**शब्द खेल-३४ को सही उत्तर**

तेर्सोः १) प्रसिद्ध ४) मुगु ६) बाधक ८) फागु १०) कारखाना १२) मर्का १३) मुण्ड १४) अब १५) गाजल १७) लुटाहा १९) जुन २०) गाथ २२) न्याल २३) सुकेनास २५) सखा २७) गहिरो २९) वायु ३०) एकता ।
ठाडोः २) सिउर ३) बाँध ५) गुफा ६) बाना ७) कमण्डलु ९) गुलुब १०) कात्रो ११) खारेज १४) अहा १५) गान १६) लगालग १८) टाउके १९) जुलुस २१) लास २३) सुरो २४) नास्तिक २६) खावा २८) हिलो

**अन्ताक्षरी-३४ को सही उत्तर**

१) अज्ञात २) तपस्वी ३) स्वीकृति ४) तिखाउरो ५) रोजगार ६) रक्तातिसार ७) रक्तपात ८) तमासा ९) सामयिक १०) कठालो ११) लोकाचार १२) रजिष्टर १३) रसिया १४) यातायात १५) तत्कालीन १६) नवजात १७) तन्दुरुस्त ।

## फुर्सद



### सुडोकु-३६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ९ | | २ | | | | |
| | | १ | ७ | | | ४ | | |
| | २ | | | १ | ५ | | ७ | ६ |
| | | ८ | | | | | ९ | |
| ९ | | ७ | | ३ | | ५ | | २ |
| | ५ | | | | | ३ | | |
| ३ | ६ | | ५ | ४ | | | ८ | |
| | | ५ | | | ३ | २ | | |
| | | | | ७ | | ६ | | |

नामः _ _ _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _ _ _

### सुडोकु-३४ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ४ | ७ | ५ | २ | ६ | १ | ३ | ९ |
| २ | ९ | ६ | ३ | ४ | १ | ५ | ८ | ७ |
| १ | ३ | ५ | ८ | ९ | ७ | ४ | ६ | २ |
| ३ | ८ | २ | १ | ५ | ९ | ७ | ४ | ६ |
| ९ | ५ | ४ | ७ | ६ | ८ | ३ | २ | १ |
| ७ | ६ | १ | ४ | ३ | २ | ९ | ५ | ८ |
| ४ | २ | ८ | ९ | ७ | ३ | ६ | १ | ५ |
| ५ | १ | ९ | ६ | ८ | ४ | २ | ७ | ३ |
| ६ | ७ | ३ | २ | १ | ५ | ८ | ९ | ४ |

सूचनाः शब्दखेल, अन्ताक्षरी र सुडोकुका सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन । -सं.

## सामान्यज्ञान-३६

१. Au कुन धातुको रासायनिक संकेत (Chemical Symbol) हो ?
(क) तामा (ख) आल्मुनियम (ग) निकेल (घ) सुन

२. बौद्ध ग्रन्थ 'त्रिपिटक' कुन भाषामा लेखिएको थियो ?
(क) संस्कृत (ख) पाली (ग) भिली (घ) प्राकृत

३. इतिहासको लेखनमा पहिलो मस्यौदाकार कसलाई भन्ने गरिन्छ ?
(क) इतिहासविद्लाई (ख) समाजशास्त्रीलाई
(ग) पत्रकारलाई (घ) शिक्षकलाई

४. मल्लकालमा सरकारी भवन, सत्तल आदि बनाउने अड्डालाई के भनिन्थ्यो ?
(क) छेभडेल (ख) तिर्जा अड्डा (ग) तेजारथ अड्डा (घ) दफ्तरखाना

५. सँगैको तस्बिर वास्प-इन्जिनले चल्ने संसारकै पहिलो गाडी (लोकोमोटिव) कोहो । जर्ज स्टिभेन्सनले यो गाडी कहिले बनाएका हुन् ?



(क) सन् १७५० (ख) सन् १८२५
(ग) सन् १८५० (घ) सन् १९००

## सामान्यज्ञान-३४ को सही उत्तर

१. विश्वको सबैभन्दा पुरानो नगदेबाली केलाई मानिन्छ ?
(क) सुर्ती

२. म्याराथन दौडको लम्बाइ तथा दूरी कति हुन्छ ?
(ग) ४२.१९५ किमि

३. अहिले पनि ल्याटिन भाषालाई औपचारिक भाषाको रूपमा प्रयोग गर्ने राष्ट्र कुन हो ?
(घ) भ्याटिकन सिटी

४. महाभारतमा गंगा पुत्र भीष्मको खास नाम के थियो ?
(ख) देवव्रत

५. भारतलगायत युरोप-अमेरिकाका थुप्रै देशहरूले हावाबाट बिजुली निकाल्ने गरेका छन् । तर, त्यस्ता मिल (Wind Mill) वर्षमा औसत ३८ दिन बन्द गर्नुपर्छ किन ?
ख) चाहिनेभन्दा धेरै हावा चलेर

नामः _ _ _ _ _ _ _ ठेगानाः _ _ _ _ _ _ _ _

# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-३४: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः** ***विष्णुभक्त जैसी,*** **देउरादेवी प्रावि, सुतार, अछाम**

**सही समाधान पठाउने अन्य सहभागी**

- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा-८, ईत्राम, सुर्खेत
- देवराज श्रेष्ठ, उदय प्रावि, तीनधारे, ओखलढुङ्गा
- रूपनारायण वाइबा, जनजागृति निमावि, गापे, सिन्धुली
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे, सिन्धुपाल्चोक
- उद्धव प्र. सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- तुल्सी प्र. पौडेल, सरस्वती मावि, सहारे-८, सुर्खेत
- प्रेमकृष्ण श्रेष्ठ, प्रगतिशील उमावि, बोहोरेटार-२, सिन्धुली
- शारदा गौतम, बालकन्या उमावि, कोटबारा-८, सल्यान
- गोविन्द प्र. आचार्य, जनकल्याण उमावि, मकवानपुर
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- नम्रता श्रेष्ठ, गंगालाल एकेडेमी, रामेछाप-९, रामेछाप
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- सरिता तिमल्सेना, भाषा निमावि, खोटाङ
- माधव प्र. भट्टराई, रा.ज. उमावि, भ्रमरपुरा, महोत्तरी
- राम प्र. शर्मा 'पौडेल', बालजागृति मावि, बगुवा, म्याग्दी
- दीप ब. राई, कालिका मावि, बाकाचोल, खोटाङ
- देवीमाया प्रधान, लक्ष्मीनारायण प्रावि, वारितम-४, भोजपुर
- रामचन्द्र/सरोज अधिकारी, जलकन्या निमावि, धादिङ
- पुष्प लक्ष्मी शाह, धुम्रबराह मावि, धुम्वाराही, काठमाडौं
- सहदेव ब. तिमल्सिना, भृकुटी निमावि, डाँडागाउँ-२, काभ्रे
- विनोद प्र. यादव, मावि, निगौला-५, महोत्तरी
- लक्ष्मण प्र. भट्टराई, जनता उमावि, नवलपरासी
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- कमलादेवी राजभण्डारी, गुराँस निमावि, खोटाङ
- राज कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- हेमराज अर्याल, नलाङ मावि, नलाङ-८, धादिङ
- रूद्र ब. थापा, राङखानी उमावि, राङखानी, बाग्लुङ
- कमला थापा, सरस्वती प्रावि, पेलाकोट-२, स्याङ्जा
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- सरिता खड्का, चन्द्रसूर्य से. स्कूल, झलारी-७, कन्चनपुर
- पुष्पराज रेग्मी/शिव कु. अधिकारी/प्रदिप थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- मुकुन्द थापा, केवलपुर हरिहर भोजकुमारी मावि, केवलपुर-३, धादिङ
- पूर्ण ब. चन्द, भानुभक्त मावि, थारमारे-८, सल्यान
- शिव ब. रायमाझी, गणेश मावि, भिमखोरी-९, काभ्रे
- केशवराज देवकोटा, बालकन्या उमावि, सल्यान
- चन्द्रनारायण श्रेष्ठ, शक्ति उमावि, पाटेचौर, गोरखा
- चेतन कु. थापा, प्र.निमावि, थारी, सुर्खेत
- रामगोपाल यादव, उमावि, श्रीपुर-३, महोत्तरी
- मुरारी घिमिरे, ने.रा.उमावि, ओडार, पर्सा
- मीन कु. दाहाल, शीतला मावि, खाल्ले, खोटाङ
- कमला दाहाल 'पाण्डे', दिक्तेल-४, खोटाङ
- शेर ब. दाहाल, गंगोदय मावि, दुबेकोल, खोटाङ
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- हरिनारायण खतिवडा, शारदा सं. मावि, रामेछाप
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- गुप्त ब. भण्डारी, महेन्द्र प्रावि, मलम्पार-७, म्याग्दी

**अन्ताक्षरी-३४: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका विजेताः** ***काजीबहादुर थापा, तीर्थराज गौली, मनु गिरी,*** **सप्तधारा मावि, जीता-८, लमजुङ**

**सही समाधान पठाउने अन्य सहभागी**

- सुनिल भट्टराई, कटुञ्जे मावि, ओखलढुङ्गा
- दीप ब. राई, कालिका मावि, बाकाचोल खोटाङ
- टेक ब. चौहान, महेन्द्रोदय मावि, भोजपुर
- जय ब./पाल्साङ लोप्चन, भृकुटी निमावि, काभ्रे
- नम्रता श्रेष्ठ, गंगालाल एकेडेमी, रामेछाप-९, रामेछाप
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- भगवती अधिकारी, राम्चे प्रावि, बुंकोट, गोरखा
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- गोविन्द प्र. आचार्य, जनकल्याण मावि, मकवानपुर
- वीरेन्द्र/रोजन/शंकर/लोकनाथ, महेन्द्र मावि, उदयपुर
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- झग ब. क्षत्री, तिलाचन निमावि, निसी-९, बाग्लुङ
- ध्रुवधन कुलुङ, बालेश्वर मावि, केरूङ-६, सोलुखुम्बु
- निमा तामाङ, ने.रा. उमावि, ओडार, पर्सा
- अनुप श्रेष्ठ, स.उमावि, खानीभञ्ज्याङ, ओखलढुङ्गा
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- कृष्ण कु. गुरूङ, सल्लेरी-५, सोलुखुम्बु
- निरज कोइराला, केवलपुर हरिहर भोजकुमारी मावि, केवलपुर-३, धादिङ
- कमला दाहाल 'पाण्डे', दिक्तेल-४, खोटाङ
- उद्धव प्र. सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- मीन कु. दाहाल, शीतला मावि, खाल्ले, खोटाङ
- जमुना कोइराला, लोकप्रिय उमावि, चामे, मनाङ
- पुष्पलक्ष्मी शाह, धुम्रबराह मावि, धुम्वाराही, काठमाडौं
- विष्णुभक्त जैसी, देउरादेवी प्रावि, सुतार, अछाम
- चेतराज मिश्र, कालिका निमावि, दिपिल, बझाङ
- लक्ष्मी प्र. घिमिरे, खाङ्साङ्-२, सिन्धुली
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- वसन्त काफ्ले, महेन्द्रोदय मावि, बोया, भोजपुर
- मुनम कु. यादव, मावि भेडियाही, फुलकाहा, महोत्तरी
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- दामोदर भुजेल, महांकालेश्वर प्रावि, चितपोल-६, भक्तपुर
- विनोद प्र. यादव, मावि निगौल-५, महोत्तरी
- लक्ष्मण प्र. भट्टराई, जनता उमावि, अमरौट-५, नवलपरासी
- हेमराज अर्याल, नलाङ मावि, नलाङ-८, धादिङ
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- लीला प्र. शर्मा 'पौडेल', भीम मावि, राजदाङ, म्याग्दी
- बुद्धि कार्की, बालेश्वर मावि, केरूङ-६, सोलुखुम्बु
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, धादिङ
- हरिनारायण खतिवडा, शारदा सं. मावि, रामेछाप-३, रामेछाप
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- माधव प्र. भट्टराई, रा.ज. उमावि, भ्रमरपुरा, महोत्तरी
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- कमलादेवी राजभण्डारी, गुराँस निमावि, जलेश्वरी-९, खोटाङ
- राम प्र. शर्मा 'पौडेल', बालजागृति प्रावि, बगुवा, म्याग्दी
- राम प्र. देवकोटा, मित्रता उमावि, सत्रसय, तनहुँ
- विष्णु माया राना/वेल कु. राना, सरस्वती प्रावि, स्याङ्जा
- नारायण कु. श्रेष्ठ, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- गुप्त ब. भण्डारी, महेन्द्र प्रावि, मलम्पार-७, म्याग्दी
- शशिधर पौडेल/हेमनाथ शर्मा, ज.मावि, पाही राङखानी, बाग्लुङ

**सुडोकु-३४: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः चन्द्र प्रकाश ओली, भैरव मावि, धुपीदुस्का-५, जुम्ला**

**सही समाधान पठाउने अन्य सहभागी**

- दिपेश गिरी, बछलादेवी मावि, साँगाचोक, सिन्धुपाल्चोक
- प्रकाश खड्का, कालिका मावि, पिपलादी-८, कन्चनपुर
- रमेशमान डंगोल, केवलपुर हरिहर भोजकुमारी मावि, केवलपुर-३, धादिङ
- भरत प्र. ढकाल, जनप्रेमी निमावि, मझुवाबेतेनी, उदयपुर
- डिल ब. खड्का, सरस्वती ने.रा.प्रावि, सहारे-१, सुर्खेत
- निरमाया श्रेष्ठ, सातकन्या कालिका देवी प्रावि, कदमबास-१, सिन्धुपाल्चोक
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- प्रदिप बस्नेत, गोल्मादेवी मावि, कदमबास, सिन्धुपाल्चोक
- कृष्ण प्र. लम्साल, चण्डेश्वरी उमावि, निगालपानी, धादिङ
- खड्ग ब. कुँवर, महादेव प्रावि, चौवास-३, काभ्रे
- होम ब. थापा मगर, जनज्योति मावि, दोधारा-५, कन्चनपुर
- सुनिल भट्टराई, कटुञ्जे मावि, कटुञ्जे, ओखलढुङ्गा
- राजन भुजेल, भाषा निमावि, बडकादियाले-५, खोटाङ
- भुवन अधिकारी, सरस्वती रा.प्रावि, सुर्तनी, चितवन
- चन्द्र प्र. घिमिरे, पञ्चपोखरी प्रावि, चुचुरे-५, रामेछाप
- निसान सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- प्रताप ब. थापा, काली भैरव निमावि, नुवाकोट, डोटी
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- नवराज थापा, चौधरी उमावि, जुजी, बझाङ
- रूपनारायण वाइबा, जनजागृति निमावि, गापे, सिन्धुली
- नारायण कु. श्रेष्ठ, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- हिरा सिंह बोहरा, बर्छैन-६, अलाडी, डोटी
- जगन्नाथ पौड्याल, सरस्वती मावि, सहारे-८, सुर्खेत
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- लाल ब. डि.सी., सरस्वती मावि, सहारे-८, सुर्खेत
- इन्द्रराज भट्ट, धारीपाटा मावि, धारी, दार्चुला
- नवल कु. ठाकुर, कल्लाबारी मावि, दूधपोखरी-८, दोलखा
- तुल ब. पुन, भृकुटी प्रावि, राङसी, रोल्पा
- नारायण प्र. पन्त, जलसिंह मावि, पौवासारतप-७, पाँचथर
- शिर माया बराम, अन्तरज्योति मावि, ताकुकोट-८, गोरखा
- सानुमैया 'जानुका', श्रेष्ठ, भीमेश्वर-१, सिन्धुली
- भुवन आचार्य, जनज्योति प्रावि, राटमाट, सिन्धुली
- वसन्त काफ्ले, महेन्द्रोदय मावि, बोया-४, भोजपुर
- सन्त ब. श्रेष्ठ, जनता उमावि, रामपुर-२, रामेछाप
- राजेन्द्र कु. सुनुवार, चम्पादेवी निमावि, पोकली-९, ओखलढुङ्गा
- मदन अधिकारी, कञ्चनजंघा निमावि, मेनपा-१३, झापा
- रूद्रप्रसाद पराजुली, गणेश प्रावि, चोकरी-६, सिन्धुपाल्चोक
- रामशरण श्रेष्ठ, दोर्जेध्याङ प्रावि, बोल्देफेदिचे-२, काभ्रे
- टंकराज लिम्बु, गजुरमुखी-३, इलाम
- प्रेम ब. हमाल, विश्वज्योति मावि, पाखापानी-४, पर्वत
- आशिष भण्डारी, कोहलपुर मावि, बाँके
- दीपक भण्डारी, इन्दिरा मावि, धुर्कोट-६, गुल्मी
- शिव कलेल, महान्यालेश्वर मावि, अलाडि-६, बर्छैन, नेपाल
- राजन विक्रम शाह, प्र.निमावि, थारी, सुर्खेत
- शम्भु ब. आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- माधव ओली, कालिका मावि लालिकाँडा-१, दैलेख
- भूमिराज शर्मा, जननेत्र उमावि, देउपुर, पर्वत
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- टिकाराम ढकाल, भैरव उमावि, भैरवस्थान-३, पाल्पा
- तीर्थराज गौली/काजी ब. थापा/चन्द्रमा अधिकारी, सप्तधारा मावि, जीता-८, लमजुङ
- गीता पज्जियार 'थारू', चोइना वीणा गुरू गणेश, ललितपुर
- सुनिल कु. सारू मगर, भृकुटी निमावि, सौरे-२, काभ्रे
- केशव सिंह तिंकरी, धारीपाटा मावि, धारी, दार्चुला
- कृष्ण ब. भण्डारी, मष्टा प्रावि, मालुमेला-८, बझाङ
- निर्मल कु. भण्डारी/दिनेश ब. भण्डारी, कालिका प्रावि, मालुमेला-९, बझाङ
- टीका बल्लभ पराजुली, लालीगुराँस प्रावि, किमालुङ, भोजपुर
- ध्रुवधन कुलुङ, बालेश्वर मावि, केरूङ-६, सोलुखुम्बु
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- हरिनारायण खतिवडा, शारदा सं.मावि, रामेछाप-३, रामेछाप
- बुद्धि कार्की, बालेश्वर मावि, केरूङ-केरूङ, सोलुखुम्बु
- ओम प्रकाश श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- चित्रकला खपाङ्गी मगर, बालज्योति प्रावि,पञ्चावती-३,उदयपुर
- कविन्द्र प्र. पुन, जनकल्याण निमावि, पूर्तिमकाँडा-१, रूकुम
- चन्द्र ब. बिक, रा.सरस्वती मावि, गौरीबास-७, महोत्तरी
- घनश्याम बराल, उमावि नेपालटार, पञ्चावती-४, उदयपुर
- चेतराज मिश्र, कालिका निमावि, दिपिल, बझाङ
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- नवराज पन्त, कृष्ण निमावि, झलारी-२, कन्चनपुर
- रूद्र ब. श्रेष्ठ, पाँचकन्या प्रावि, कदमबास-७, सिन्धुपाल्चोक
- संजित कु. महतो, भानु निमावि, रतनपुर, सिन्धुली
- मैया कु. शर्मा, आदर्श प्रावि, देउपुर, पर्वत
- नविन पराजुली, मनकाना ब.क्याम्पस, बिर्तामोड, झापा
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- कृष्ण कु. गुरूङ, सल्लेरी-५, सोलुखुम्बु
- देवचन्द्र श्रेष्ठ, ७१ 'ग', बैंकमार्ग, बागबजार, काठमाडौं
- कर्मा गेलु शेर्पा, जुनबेसी मावि, सोलुखुम्बु
- लक्ष्मण प्र. भट्टराई, जनता उमावि, अमरौट-५, नवलरासी
- गोविन्द प्र. ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल-१, काभ्रे
- टेक ब. चौहान, महेन्द्रोदय मावि, बोया, भोजपुर
- हरिनारायण पौडेल, प्रभात निमावि, मिजुरे-४, कास्की
- पृथ्वी माया तमाङ, जनता उमावि, रामपुर-२, रामेछाप
- हेम ब. जिसी, नागलिबाङ-५, पर्वत
- राम प्र. शर्मा 'पौडेल', बालजागृति प्रावि, बगुवा, म्याग्दी
- यावद प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- नम्रता श्रेष्ठ, गंगालाल एकेडेमी, रामेछाप-९, रामेछाप
- रूद्र ब. थापा, राङखानी उमावि, राङखानी, बाग्लुङ
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप
- शिव प्र. अधिकारी, सरस्वती प्रावि, थाकलचौर, मकवानपुर
- गुप्त ब. भण्डारी, महेन्द्र प्रावि, मलम्पार-७, म्याग्दी

**सामान्यज्ञान-३३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः मेघराज जोशी, शारदा रा. मावि, वाइसी विचवा-४, नौरंगा, कन्चनपुर**


**सही समाधान पठाउने अन्य सहभागी**

- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- लक्ष्मी प्र. घिमिरे, खाङ्साङ्-२, सिन्धुली

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक नि:शुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० कात्तिक २०६८** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।



पश्चिम अफ्रिकी मुलुक लाइबेरियाको हुलाक टिकटमा नेपालको झण्डा, सगरमाथा र स्वयम्भू, सन् १९९९




मध्यअफ्रिकी मुलुक मालिको हुलाक टिकट, सन् १९९९



संयुक्त राष्ट्रसंघले २२ सेप्टेम्बर १९८३ मा जारी गरेको हुलाक टिकट





भुटान, सन् २०१०




भेनेजुएलाको छेउमा अवस्थित *द नेदरल्याण्डस् एन्टिलिज* ले जारी गरेको हुलाक टिकटमा नेपालको पत्र-मञ्जुषा, सन् १९९८



'नेपालका महिला रोटरी क्लब, जापानको सहयोगमा सञ्चालित स्कूलमा पढ्छन्' भन्दै निकारागुवाले जारी गरेको टिकट, सन् २००७




लाइबेरियाको हुलाक टिकटमा स्व. राजा वीरेन्द्र, सन् २०००




दक्षिण अमेरिकी मुलुक सुरिनामको टिकटमा स्वयम्भूनाथ, सन् १९९८




यूनेस्कोले जारी गरेको हुलाक टिकटमा भक्तपुरको न्यातपोल मन्दिर, सन् १९९१




नेपालसँग दौत्य सम्बन्ध स्थापना भएको स्वर्ण वर्षको अवसरमा इजिप्टले जारी गरेको हुलाक टिकटमा नेपाल र इजिप्टका मूर्ति, सन् २००७

# विश्वमा नेपाल




किर्गिजिस्तानको टिकटमा सगरमाथा, सन् १९९५


हामी अरू देशका प्रख्यात मानिस, प्राकृतिक सम्पदा, तिनका कला-कौशल आदिका बारेमा चाख राख्छौं, पढ्छौं र सङ्ग्रहयोग्य भए सङ्ग्रह पनि गर्छौं। अमेरिका-क्यानडाको नियागरा फल्स (छाँगो); जापानको फुजी पर्वत, पेरिसको एफिल टावर, चीनको ग्रेटवाल (पर्खाल); भारतको ताजमहल आदिका ठूला पोष्टर-तस्बिरहरू हामीमध्ये नै कतिका भित्तामा सजिएका हुनसक्छन्।

तर, हामी जसरी अरू देश र त्यहाँका मानिस, तिनको रहन-सहन, संस्कृति, सभ्यता र सम्पदाका बारेमा चासो राख्छौं, के अरू देशका मानिसले पनि हाम्रो बारेमा त्यस्तै चाख राख्लान् ? हाम्रो देशका कला, संस्कृति, सम्पदाको प्रशंसा गर्लान् ? बाह्य संसारका गतिविधि थाहा पाउने पर्याप्त स्रोत र माध्यम (पुस्तक, पत्रिका, भ्रमण आदि)को सुविधाबाट टाढा रहेका नेपालीहरूमा यस्तो जिज्ञासा पैदा हुनु स्वाभाविक हुन्छ। अरु विद्यार्थीहरूमा त यस्तो कौतुहल बढी नै हुन्छ। त्यस्तो कौतुहललाई थोरै भए पनि यहाँ प्रस्तुत तस्बिरले मेटाउन सक्छन् भन्ने हाम्रो विश्वास छ।

'नेपाल र विश्व हुलाक टिकट' शीर्षक अन्तर्गत ८ जुलाई २०११ को *रिपब्लिका* दैनिकमा प्रकाशित हुलाक टिकट अध्येता (फिलाटेलिस्ट) **विनोद के श्रेष्ठ** को तस्बिरयुक्त लेखले विश्व समुदायमा रहेको नेपालप्रतिको चाखलाई छर्लङ्ग पार्छ। नेपालका हिमाल र सगरमाथा, लुम्बिनी, स्वयम्भूनाथ; गुर्खा पल्टन आदि त विश्व प्रसिद्ध कुरा नै भए; त्यसैले ती संसारका थुप्रै थुप्रै देशका हुलाक टिकट बनेका छन्। धेरै नेपालीलाई सुखद् आश्चर्य लाग्ने चाहिँ नेपालको राष्ट्रिय झण्डा र स्वर्गीय राजा वीरेन्द्रदेखि सडकछेउमा देखिने हाम्रो पत्रमञ्जुषाले समेत विदेशका हुलाक टिकटमा स्थान पाएको कुरा हुनसक्छ।

विश्वका विभिन्न मुलुकले हरेक वर्ष १० हजार प्रकारका नयाँ हुलाक टिकट प्रचलनमा ल्याउँछन्। हुलाक टिकट प्रारम्भ भएको वर्ष सन् १८४० देखि अहिलेसम्म संसारभर करिब साढे ४ लाख प्रकारका टिकट प्रकाशित भइसकेका छन्। मौन दूतका रूपमा यी टिकटले विश्वको एक कुनाको कला-संस्कृति र प्राकृतिक सौन्दर्यलाई नियमित रूपमा अर्को कुनासम्म पुऱ्याउने कार्य गरिरहेका छन्।

– राजेन्द्र दाहाल




# An eye for detail

**Nepal's most modern printing facility,
Jagadamba Press,
is known for its state-of-the-art equipment.
But we also have an eye for detail.**





Jagadamba Press

(01) 5250017-19 | fax: (01) 5250027 | info@jagadambapr.com | www.jagadambapr.com

म.क्षे.हु.नि. द.नं. ५६/०६७/६८

